# आत्महत्या दुरुत्साहनसम्बन्धी अध्ययन प्रतिवेदन, २०७८

राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
मनमैंजू, काठमाडौं

# आत्महत्या दुरुत्साहनसम्बन्धी अध्ययन प्रतिवेदन, २०७८

राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
मनमैजू, काठमाडौं

**अध्ययन समूहः**

श्री श्रीकृष्ण मुल्मी/निर्देशक/अनुसन्धान तथा विकास महाशाखा

श्री संजीव राई/उप-निर्देशक/अनुसन्धान तथा विकास महाशाखा

श्री करुणा थपलिया/अनुसन्धान अधिकृत/अनुसन्धान तथा विकास महाशाखा

**प्रकाशकः** राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल

मनमैंजू, काठमाडौं

फोन नं. : ९७७-१-४०२७४४९/४०२७४५१

फ्याक्स नं. : ९७७-१-४०२७१४०

पो.व.नं. : २४८६५

इमेल : info@njanepal.org.np

वेभसाइट : www.njanepal.org.np

**डिजाइनः** नव प्रिन्ट सोलुसन

**सर्वाधिकारः** राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल

**प्रकाशितः** ५०० प्रति

**मुद्रणः** नव प्रिन्ट सोलुसन

# भूमिका

उचित समयभित्र सरल तवरबाट न्यायसम्मको सहज पहुँच र प्राप्तिको लागि न्यायिक जगतको सबै क्षेत्रमा सक्षम दक्ष तथा अध्यावधिक जनशक्ति हुनपर्ने पहिलो शर्त हो। दक्ष तथा अध्यावधिक जनशक्तिको लागि विविध विषय र विधामा प्रशिक्षण, सेमिनार, गोष्ठीहरु सञ्चालन तथा अध्ययन अनुसन्धान एवं प्रकाशनसमेतका कार्यहरु हुन जरुरी छ । राष्ट्रिय न्यायिक प्रतिष्ठानले न्यायाधीश, अदालत तथा महान्यायाधिवक्ताको कार्यालयमा कार्यरत अधिकृत, अर्धन्यायिक निकायका मुद्दा हेर्ने अधिकारी र कानून व्यवसायीलगायतका जनशक्तिहरुमा कानूनी ज्ञानको अभिवृद्धि, कार्यगत सीपको हस्तान्तरण र कानूनी विषयवस्तुमा समयसापेक्ष खोज तथा अनुसन्धान गरी सोको जानकारी दिई बढी दक्ष हुन सहयोग पुऱ्याई आएको छ। वर्तमान मुलुकी अपराध संहिता, २०७४ ले फौजदारी कसुरमध्ये आत्महत्याको दुरुत्साहन सम्बन्धमा नयाँ व्यवस्था गरेको छ। उक्त कानूनी व्यवस्था हाम्रो कानूनी पद्धतिमा नयाँ भएकोले त्यस सम्बन्धमा के कस्ता प्रावधानहरू छन् र त्यसको सैद्धान्तिक अवधारणा एवं न्यायिक दृष्टिकोण के हो? वा के हुनुपर्ने हो? आदि विषयमा  अनुसन्धानमूलक खोज तथा छलफल हुन जरुरी थियो र छ पनि। त्यसैको निरन्तरतास्वरुप उक्त कानूनी प्रावधानको सेरोफेरोमा रही अनुसन्धानमूलक ढंगले अध्ययन विश्लेषण गरी **आत्महत्याको दुरुत्साहनसम्बन्धी अनुसन्धान प्रतिवेदन, २०७८** प्रकाशन गरिएको छ।

नेपालले पहिलोपटक अपराध संहितामा फौजदारी कसुरका रुपमा व्यवस्था गरेको आत्महत्या दुरुत्साहन सम्बन्धी कानूनी व्यवस्थाको जानकारी सबै जनसमुदायलाई हुनु राम्रो हो। तथापि यसको पृष्ठभूमिमा रहेको विधिशास्त्रका बारेमा अनुसन्धान, अभियोजन र न्याय निरोपणका निकाय र सरोकारवालाहरुलाई समेत जानकारी हुन अझ बढी जरुरी देखिन्छ । तसर्थ यस अनुसन्धान प्रतिवेदनले न्यायिक जनशक्तिलाई यस क्षेत्रमा थप जानकारीका साथै स्पष्ट दृष्टिकोण राख्न मद्दत गर्ने छ र सर्वसाधारणको लागि पनि यो प्रतिवेदन उपयोगी हुनेछ भन्ने आशा राखेको छु।

अन्तमा यस अनुसन्धान प्रतिवेदनलाई प्रस्तुत रुपमा प्रकाशनयोग्य बनाउन लाग्नु हुने माननीय नायव कार्यकारी निर्देशक श्री केदार पौडेल, फ्याकल्टी उच्च अदालतका माननीय न्यायाधीश श्री शेखर प्रसाद पौडेल, फ्याकल्टी माननीय जिल्ला न्यायाधीश डा. श्री दिवाकर भट्ट र प्रस्तुत अनुसन्धान कार्यमा संलग्न हुने यस प्रतिष्ठानका अनुसन्धान तथा विकास महाशाखाका निर्देशक श्री श्रीकृष्ण मुल्मी, उपनिर्देशक श्री संजिव राई र अनुसन्धान अधिकृत श्री करुणा थपलियालगायत सम्पूर्णमा धन्यवाद दिन चाहन्छु। यस प्रकाशनले आत्महत्याको दुरुत्साहनसम्बन्धी सैद्धान्तिक अवधारणा, कानूनी व्यवस्था र केही बाह्य मुलुकका न्यायिक दृष्टिकोणहरुलाई समेत बुझ्न न्यायाधीश, कानून व्यवसायी, प्राध्यापक, अनुसन्धानकर्ता, विद्यार्थी र सरोकार राख्ने सबैलाई थप मद्दत मिल्नेछ भन्ने विश्वास लिएको छु।

बैद्यनाथ उपाध्याय
कार्यकारी निर्देशक

**२०७८ असार**

# मुद्दाहरुको सूची

- कुन्जिमाया तामाङको जाहेरीले नेपाल सरकार वि. भिमबहादुर मगर (मुद्दा नं.: ०७६-८१-०१४४)
- राजन बोहोराको जाहेरीले सरकार वि. भरतबहादुर चलाउने (मुद्दा नं.: ०७७-८१-०००२)
- धनबहादुर रोका मगरको जाहेरीले नेपाल सरकार वि. हरिचन्द्र के.सी. (मुद्दा नं.: ०७६-८१-००३०)
- मनबहादुर रावतको जाहेरीले नेपाल सरकार वि. तुलादेवी साउद समेत (मुद्दा नं.:०७६-८१-०००८)
- रमेश कठेतको जाहेरीले नेपाल सरकार वि. कला राई समेत (मुद्दा नं.: ०७६-८१-००७४)
- डम्बर सिंह थ्वालको जाहेरीले नेपाल सरकार वि. दिव्यदेव नाथ (मुद्दा नं.: ०७६-८१-०२९५)
- मदनबहादुर चन्दको जाहेरीले नेपाल सरकार वि. प्रसान्त सिंह क्षेत्री (मुद्दा नं.: ०७६-८१-००२७)
- देवकी देवी बोहोराको जाहेरीले नेपाल सरकार वि. रामदिन चौधरी (मुद्दा नं.: ०७६-८१-००३४)
- गंगादेव -१(एक) को जाहेरीले नेपाल सरकार वि. प्रकाश खत्री (मुद्दा नं.: ०७६-८१-००२२)
- सीता बुढाको जाहेरीले नेपाल सरकार वि. अंगत भण्डारी (मुद्दा नं.: ०७६-८१-००३१)
- हर्कराज राईको जाहेरीमा नेपाल सरकार वि. ललित राई (मुद्दा नं.: ०७६-८१-००१३)
- जुलेखा खातुनको जाहेरीले नेपाल सरकार वि. मो. तैयवसमेत (मुद्दा नं.: ०७६-८१-०४०४)
- रामचन्द्र न्यौपानेको जाहेरीले नेपाल सरकार वि. बलदेव प्याकुरेल (मुद्दा नं.: ०७६-८१-०४७१)
- छवन देवी थरुनीको जाहेरीले नेपाल सरकार वि. प्रेमलाल माझी (मुद्दा नं.: ०७६-८१-०११०)
- मन्जु हमालको जाहेरीले नेपाल सरकार वि. विशाल तिरुवा (मुद्दा नं.: ०७६-८१-०५८१)
- विष्णुप्रसाद दंगालको जाहेरीले नेपाल सरकार वि. अम्बरप्रसाद ढुंगाना (मुद्दा नं.: ०७६-८१-०११४)
- शुसिला कार्कीको जाहेरीले नेपाल सरकार वि. लालबहादुर बस्नेतसमेत (मुद्दा नं.: ०७६-८१-०१२७)
- रामाधार साह कानुको जाहेरीले वादी नेपाल सरकार वि. अनिल दास तत्मासमेत (मुद्दा नं.: ०७६-८१-०१३२)
- दिलबहादुर लिम्बुको जाहेरीले वादी नेपाल सरकार वि. साइदिप लिम्बु (मुद्दा नं.: ०७६-८१-०२२२)
- पुष्कर कार्कीको जाहेरीले वादी नेपाल सरकार वि. युवराज कार्की (मुद्दा नं.: ०७६-८१-००३७)
- गोपाल सुनुवारको जाहेरीले वादी नेपाल सरकार वि. सुवास पौडेल (मुद्दा नं.: ०७६-८१-००४४)
- स्याङजा "ड" को जाहेरीले नेपाल सरकार वि. दिपक बहादुर धामी (मुद्दा नं.: ०७६-८१-०००५)
- छविलाल विश्वकर्माको जाहेरीले नेपाल सरकार वि. वेद बहादुर विश्वकर्मा (मुद्दा नं.: ०७६-८१-०००४५)

- हस्ती बुढाको जाहेरीले वादी नेपाल सरकार वि. भीमबहादुर बुढा (मुद्दा नं.: ०७६-C१-००१०)
- धनबहादुर खत्रीको जाहेरीले नेपाल सरकार वि. राम शरण दास (मुद्दा नं.: ०७६-C१-००८)
- सुजन तामाङको जाहेरीले वादी नेपाल सरकार वि. प्रदिप तामाङ (मुद्दा नं.: ०७६-C१-००३४)
- तेजबहादुर बस्नेतको जाहेरीले वादी नेपाल सरकार वि. मदनकुमार खड्का (मुद्दा नं.: ०७६-C१-०१९२)
- पदम बहादुर राना समेतको जाहेरीले नेपाल सरकार वि. हिमाल बुढाथोकी (मुद्दा नं.: ०७६-C१-०३५६)

# विषयसूची


| क्र.सं | विषय | पृष्ठ |
|---|---|---|
| | **परिच्छेद - एक** | |
| १. | परिचय | १ |
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | अध्ययनको आवश्यकता र महत्त्व | २ |
| १.३ | अध्ययनको समस्या कथन | ३ |
| १.४ | अध्ययनको उद्देश्य | ३ |
| १.५ | अध्ययनको सीमा | ३ |
| १.६ | अध्ययनको संरचना | ४ |
| | **परिच्छेद - दुई** | |
| २. | पूर्व अध्ययनको समीक्षा | ५ |
| २.१ | LAW COMMISSION OF INDIA (REPORT NO. 210): Humanization and Decriminalization of Attempt to Suicide(2008) | ५ |
| २.२ | Preventing A Global Imperative (World Health Organization 2014) | ५ |
| २.३ | आत्महत्या गर्न बाध्य पार्नेलाई अपराध घोषणा गर्नुपर्ने आवश्यकतासम्बन्धी अध्ययन प्रतिवेदन (२०७२) | ६ |
| २.४ | के हो आत्महत्या दुरुत्साहन ? (२०७६) | ६ |
| २.५ | आत्महत्या दुरुत्साहन कानूनका दुई धार(२०७६) | ७ |
| २.६ | आत्महत्या दुरुत्साहनसम्बन्धी अपराध र मुलुकी अपराध संहिता, २०७४ (२०७७) | ७ |
| २.७ | आत्महत्या दुरुत्साहन र रवि लामिछाने प्रकरण (२०७७) | ८ |

## परिच्छेद - तीन


| | | |
|---|---|---|
| ३. | अध्ययन तथा अनुसन्धान पद्दति (Research Methodology) | ९ |
| ३.१ | अध्ययन तथा अनुसन्धानको ढाँचा (Research Design) | ९ |
| ३.२ | नमुनाकरण विधि (Sampling Method) | ९ |
| ३.३ | तथ्याङ्कको स्रोत (Source of Data) | ९ |
| ३.४ | तथ्याङ्कको प्रशोधन तथा विश्लेषण र व्याख्या (Processing, Analysis and Interpretation of Data) | १० |
| ३.५ | अध्ययनको लागि लाग्ने अनुमानित समयावधि र स्रोत | १० |
| ३.६ | अध्ययनमा प्रयोग हुने भाषा | १० |


## परिच्छेद - चार


| | | |
|---|---|---|
| ४. | आत्महत्या दुरुत्साहनसम्बन्धी सिद्धान्त तथा अवधारणा | ११ |
| ४.१ | आत्महत्याको अर्थ र परिभाषा | ११ |
| ४.२ | आत्महत्याको प्रकार | १२ |
| ४.३ | आत्महत्याको कारण र आत्महत्या गरिने तरिका | १४ |
| ४.४ | दुरुत्साहनको अर्थ र परिभाषा | १५ |
| ४.५ | दुरुत्साहनको आवश्यक तत्त्वहरू | १६ |
| ४.६ | दुरुत्साहनको प्रकारहरू | १७ |
| ४.७ | दुरुत्साहनसम्बन्धी सामान्य नियमहरू | १८ |
| ४.८ | आत्महत्या दुरुत्साहनसम्बन्धी केही महत्त्वपूर्ण अन्तर्राष्ट्रिय अभ्यासहरु | १९ |
| ४.९ | आत्महत्या दुरुत्साहनसम्बन्धी भारतीय सर्वोच्च अदालतले गरेका केही महत्त्वपूर्ण फैसलाहरु | २२ |
| ४.१० | आत्महत्या दुरुत्साहनसम्बन्धी अन्तर्राष्ट्रिय र राष्ट्रिय कानूनी व्यवस्था | २५ |

## परिच्छेद - पाँच


| | | |
|---|---|---|
| ५. | आत्महत्या दुरुत्साहनसम्बन्धी फैसलाहरूको प्रवृत्तिको विश्लेषण र व्याख्या | २७ |
| ५.१ | आत्महत्या दुरुत्साहनसम्बन्धी मुद्दाको थुनछेक आदेशको प्रकार र अवस्था | २७ |
| ५.२ | आत्महत्या दुरुत्साहनसम्बन्धी मुद्दाको थुनछेक आदेशमा धरौट तथा जमानतको लागि माग गरिएको रकमको प्रकार र अवस्था | २८ |
| ५.३ | आत्महत्या दुरुत्साहनसम्बन्धी फैसलाको अवस्था | २९ |
| ५.४ | आत्महत्या दुरुत्साहनसम्बन्धी मुद्दाको फैसला गर्दा आत्महत्या दुरुत्साहनसम्बन्धी सिद्धान्त/अवधारणागत (दुरुत्साहनको अर्थ र परिभाषा, आत्महत्या दुरुत्साहनसम्बन्धी अन्तर्राष्ट्रिय कानूनी व्यवस्था र अभ्यासहरुको सान्दर्भिक चर्चा) पक्षको व्याख्या तथा उल्लेख गरिएको अवस्था | २९ |
| ५.५ | कसुर ठहर गरी फैसला गर्दा ग्रहण गरिएको प्रमाणको प्रकार र अवस्था | ३० |
| ५.६ | कसुरबाट सफाइ पाउने ठहर गरी फैसला गर्दा ग्रहण गरिएको प्रमाणको प्रकार र अवस्था | ३१ |
| ५.७ | कसूर ठहर गरी फैसला भएको ६ वटा मुद्दामा मृतकले लेखेको सुसाइड नोट/आत्महत्या पत्र र डायरीलाई प्रत्यक्ष प्रमाणको रुपमा ग्रहण गरेको अवस्था | ३२ |
| ५.८ | कसुरबाट सफाइ पाउने ठहर गरी फैसला भएको तीन वटा मुद्दामा मृतकले लेखेको सुसाइड नोट/आत्महत्या पत्र र डायरीलाई प्रत्यक्ष प्रमाणको रुपमा ग्रहण गरेको अवस्था | ३३ |
| ५.९ | कसुर ठहर गरी फैसला गर्दा उल्लेख गरिएको आत्महत्या दुरुत्साहनको लागि कानूनले निर्धारण गरिदिएको अवस्था | ३४ |
| ५.१० | सफाइ पाउने ठहर गरी फैसला गर्दा उल्लेख गरिएको आत्महत्या दुरुत्साहनको लागि कानूनले निर्धारण गरिदिएको अवस्था | ३५ |

## परिच्छेद- छ


| | | |
|---|---|---|
| ६ | निष्कर्ष र सुझाव | ३६ |
| ६.१ | निष्कर्ष | ३६ |
| ६.२ | सुझाव | ३७ |
| अनुसूची- १ | आत्महत्या दुरुत्साहनसम्बन्धी फैसलाहरूबाट प्राप्त तथ्याङ्कहरूको विश्लेषण | ४० |
| सन्दर्भ ग्रन्थ सूची | | ७१ |

# परिच्छेद - एक

## १. परिचय

### १.१ अध्ययनको पृष्ठभूमि

विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार नेपालमा हरेक दिन १५ जनाको दरले आत्महत्या गर्छन् जुन श्रीलङ्कापछि दक्षिण एसियाकै सबैभन्दा बढी देखिन्छ।[१] विश्वका मुलुकहरूमध्ये नेपाल आत्महत्या गर्ने मुलुकको आठौं नम्बरमा छ।[२] नेपाल प्रहरीको कार्य एवं अपराध अनुसन्धान विभागले तयार पारेको अपराधसम्बन्धी पञ्चवर्षीय (२०७२-२०७७) तुलनात्मक विवरणको तथ्याङ्कले आर्थिक वर्ष २०७६/०७७ मा आत्महत्यासम्बन्धी अपराधको संख्या ६२४९ भएको देखाउँछ।[३] जुन विगत वर्षहरूको तुलनामा उल्लेखनीय रुपमा वृद्धि भएको देखिन्छ। त्यसैगरी २०७६ चैत्र ११ गतेदेखि असार १३ गतेसम्म लागु भएको बन्दाबन्दीको अवधिभरमा मात्रै कम्तीमा १६४७ जना व्यक्तिले आत्महत्याका कारण ज्यान गुमाएको तथ्याङ्कले देखाउँछ।[४] यी उल्लिखित तथ्याङ्कहरूले नेपाली समाज आत्महत्याको सन्दर्भमा विशेष जोखिममा रहेको स्पष्ट हुन्छ। यसरी घटित हुने आत्महत्याका घटनाका पछाडि सामान्यतया ९० प्रतिशत व्यक्तिमा मानसिक रोग भएको पाइन्छ। त्यसैगरी साइकोसिस, डिप्रेसन र दुर्व्यसनका बिरामीहरू आत्महत्याको उच्च जोखिममा रहेका हुन्छन्। साथै जीवनमा नकारात्मक घटना, अविवाहित, एकल वा विधवा महिला, पारिवारिक संघर्ष, कमजोर सामाजिक, आर्थिक अवस्था वा बेरोजगारी, परनिर्भरता, सीमान्तकृत वा लैङ्गिक अवहेलना र चिन्ता पनि आत्महत्याका कारणहरू हुन्।[५] तर बदलिँदो नेपालको सामाजिक परिवेशसँगै आत्महत्या अब आफ्नै कारणले मात्र नभएर आत्महत्या दुरुत्साहनको कारणले पनि गरिएको हुन सक्दछ भन्ने मान्यता उजागर भएको छ। कुनै पनि व्यक्तिले कुनै पनि व्यक्तिलाई विभिन्न तवरले मर्नका लागि उक्साउने वा आत्महत्या गर्नको लागि दुरुत्साहन गर्ने वा आत्महत्या गर्नुपर्नेसम्मको परिस्थिति सृजना गरी आत्महत्या गर्न बाध्य पार्नेसम्मको कार्यलाई अपराधीकरण गरी दण्डित गर्ने कार्य फौजदारी विधिशास्त्रमा एक स्वीकृत मान्यताको रुपमा विकास हुँदै आएको पाइन्छ।

हरेक मानिसलाई जीवन, स्वतन्त्रता र व्यक्तिगत सुरक्षाको अधिकार हुने[६] मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा उल्लेख गरिएको छ। त्यसैगरी नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रमा पनि प्रत्येक व्यक्तिलाई जीवनको अन्तर्निहित अधिकार हुने र त्यस्तो अधिकारको संरक्षण

---

१ https://www.mysansar.com/2018/08/33029/, हेरिएको मितिः २०७७/०९/१४

२ https://www.onlinekhabar.com/2014/09/188634, हेरिएको मितिः २०७७/०९/१४

३ https://cid.nepalpolice.gov.np/index.php/notices/crime-statistics, हेरिएको मितिः २०७७/०९/१४

४ https://swasthyakhabar.com/story/34628, हेरिएको मितिः २०७७/०८/०७

५ https://swasthyakhabar.com/story/34628, हेरिएको मितिः २०७७/०८/०७

६ मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८, धारा ३

कानूनद्वारा गरिनुका साथै स्वेच्छाचारी रुपले कसैको पनि जीवन हरण नगरिने[७] व्यवस्था गरिएको पाइन्छ। अन्तर्राष्ट्रिय दस्तावेजहरूमा व्यवस्था भएका व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने अधिकारलाई सम्बोधन गर्नको लागि नेपालको संविधान (२०७२) मा नै मौलिक हकको[८] रुपमा व्यवस्था गरिएको छ। आत्महत्या दुरुत्साहनसम्बन्धी कसुर आफैंमा व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने अधिकारको विरुद्ध छ। यस कार्यले व्यक्तिको अमूल्य जीवनलाई नष्ट गरी सुरक्षित जीवनमा नकारात्मक प्रभाव पार्दछ। यसरी अन्तर्राष्ट्रिय र नेपालको संविधानमै व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने हकलाई मौलिक हकको रुपमा व्यवस्था गरिएको भए तापनि नेपालको सन्दर्भमा २०७५ भदौ १ गतेभन्दा अगाडि आत्महत्या गर्न दुरुत्साहन दिने कार्यलाई दण्डित गर्ने कुनै कानूनी व्यवस्था थिएन। मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद-१२ को ज्यानसम्बन्धी कसुरअन्तर्गत दफा १८५ ले सर्वप्रथम आत्महत्या गर्नको लागि दुरुत्साहन दिने कार्यलाई पनि अपराध घोषणा गऱ्यो। यस नवीनतम व्यवस्थाको अनुसन्धान, अभियोजन र न्यायिक निकायबाट कार्यान्वयन भएसँगै यस कसुरको सन्दर्भमा अध्ययन हुनु कानून र न्यायको क्षेत्रको लागि आवश्यकता हुन गएको छ।

अतः आत्महत्या गर्नको लागि बाध्य पार्ने परिस्थितिको सृजना गरिएको कारण आत्महत्या दुरुत्साहनको अवधारणागत पक्ष, यससम्बन्धी अन्तर्राष्ट्रिय व्यवस्था तथा अभ्यासहरू र मुलुकी अपराध संहिता लागु भएपश्चात् सो व्यवस्थाको व्याख्याका क्रममा जिल्ला अदालतहरूबाट आत्महत्या दुरुत्साहनसम्बन्धी गरिएको फैसलाहरूको प्रवृत्ति सम्बन्धमा अध्ययन तथा अनुसन्धान गर्ने विषयमा प्रस्तुत अध्ययन केन्द्रित रहेको छ।

## १.२ अध्ययनको आवश्यकता र महत्त्व

आत्महत्या प्रत्येक समाजको लागि आफैंमा नौलो विषय होइन, तापनि आत्महत्या गर्नको लागि बाध्य पर्नेसम्मको अवस्थालाई नै गम्भीरतापूर्वक लिई त्यसको उचित खोजबिन हुनु र नियन्त्रणका उपायहरू पहिल्याउनु जरुरी छ। नेपाली कानूनी इतिहासमा किराँतकालदेखि २०२० सालको मुलुकी ऐनमा पनि सो सम्बन्धमा कुनै पनि व्यवस्था गरिएको पाइदैन। मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद १२ मा भएको दफा १८५ को व्यवस्थाले आत्महत्या गर्नको लागि गरिने दुरुत्साहनलाई अपराधीकरण गरी आत्महत्यालाई निरुत्साहित र दण्डनीय बनाएको छ। साथै उक्त विषयले यससम्बन्धी कानूनी व्यवस्था र सोको प्रयोग आम चासोको विषय हुन गएको छ। न्याय सम्पादनमा संलग्न न्यायिक जनशक्तिले समेत सो व्यवस्थालाई नवीन कानूनी व्यवस्थाको रुपमा लिएको सन्दर्भमा अध्ययन एवं अनुसन्धान हुनु आवश्यक देखिन्छ। अतः यो अध्ययन तथा अनुसन्धान प्रतिवेदन न्याय सम्पादन कार्यमा संलग्न न्यायाधीश, सरकारी वकिल, प्रतिपक्षी कानून व्यवसायी, अपराध अनुसन्धानकर्ता, कानूनका विद्यार्थी र कानून र न्यायको क्षेत्रमा

---

[७] नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६, धारा ६(१)

[८] नेपालको संविधान (२०७२), धारा १६

कार्यरत सम्पूर्ण व्यक्तिहरूको लागि एउटा महत्त्वपूर्ण अध्ययन सामग्रीको रुपमा रहने छ भन्ने विश्वास लिइएको छ। यसरी आत्महत्या गर्नको लागि दुरुत्साहन गर्न नहुने व्यवस्थाको सम्बन्धमा सैद्धान्तिक एवं आवधारणागत पक्षमा स्पष्टता ल्याउन र न्यायसम्पादनको क्रममा मुलुकी अपराध संहिताको सो व्यवस्थाको सम्बन्धमा फैसला गर्दा अपनाइने दृष्टिकोणमा एकरुपता कायम गर्नको लागि प्रस्तुत अध्ययनको आवश्यकता महसुस भएको छ।

### १.३ अध्ययनको समस्या कथन

प्रस्तुत अध्ययन निम्न लिखित समस्यामा केन्द्रित रहेको छ।

१.३.१ आत्महत्याको दुरुत्साहनसम्बन्धी मुलुकी अपराध संहिता, २०७४ को कानूनी व्यवस्था र जिल्ला अदालतहरूबाट आत्महत्याको दुरुत्साहनसम्बन्धी मुद्दामा भएका फैसलाहरूको प्रवृत्ति कस्तो रहेको छ ?

### १.४ अध्ययनको उद्देश्य

यस अध्ययनको देहायबमोजिमको प्रमुख उद्देश्यहरू रहेका छन्ः

१.४.१ आत्महत्या दुरुत्साहनसम्बन्धी सैद्धान्तिक तथा आवधारणागत पक्ष, अन्तर्राष्ट्रिय कानूनी व्यवस्था तथा अभ्यासहरूको संक्षिप्त रुपमा विवेचना गर्नु।

१.४.२ आत्महत्या दुरुत्साहनसम्बन्धी नेपालको कानूनी व्यवस्थाको उल्लेख गर्नु।

१.४.३ जिल्ला अदालतहरूबाट आत्महत्या दुरुत्साहनसम्बन्धी मुद्दामा भएका फैसलाहरूको प्रवृत्तिको विश्लेषण र व्याख्या गर्नु।

१.४.४ प्रस्तुत अध्ययनबाट प्राप्त भएका निष्कर्ष र सुझावहरू राष्ट्रिय न्यायिक प्रतिष्ठानको अनुसन्धान महाशाखामा पेश गरी सरोकारवालाहरुसमक्ष जानकारी गराउन अनुसन्धानलाई अध्ययन सामग्रीको रुपमा प्रकाशित गर्नु।

### १.५ अध्ययनको सीमा

मुलुकी अपराध संहिता, २०७५ भदौ १ गतेदेखि लागु भएपश्चात् यस संहितामा आत्महत्या गर्न दुरुत्साहन दिन नहुनेसम्बन्धी भएको व्यवस्थाको प्रयोग तथा कार्यान्वयनको सन्दर्भमा मुलुकभरका ७७ वटै जिल्ला अदालतहरूमध्येबाट ३४ वटा जिल्ला अदालतहरूबाट आर्थिक बर्ष २०७७/०७८ मा ४८ थान मुद्दामा भएका फैसलाहरू मात्र अनुसन्धानको लागि संकलन गरिएको छ। यसरी संकलन गरिएको ४८ थान फैसलाहरू उद्देश्यमूलक नमुना छनौट (Purposive Sampling) विधि अपनाएको कारण २८ वटा फैसलाको मात्र अध्ययन तथा अनुसन्धान गरिएको छ। त्यसैगरी यस अनुसन्धानमा आत्महत्या दुरुत्साहनसम्बन्धी

मुद्दामा अभियोगपत्र अनुसार कसुर ठहर भई सजाय निर्धारण गरिएको विषयमा अध्ययन तथा अनुसन्धान गरिएको छैन।

## १.६ अध्ययनको संरचना

प्रस्तुत अध्ययन प्रतिवेदनलाई ६ परिच्छेदमा विभाजन गरिएको छ। परिच्छेद एकमा अध्ययनको पृष्ठभूमि, अध्ययनको आवश्यकता र महत्त्व, अध्ययनको समस्या कथन, अध्ययनको उद्देश्य, अध्ययनको सीमा र अध्ययनको संरचना समावेश गरिएको छ। परिच्छेद दुईमा पूर्व अध्ययनको समीक्षालाई समावेश गरिएको छ। परिच्छेद तीनमा अध्ययन तथा अनुसन्धान पद्धति (तथ्याङ्क संकलन र तथ्याङ्कका स्रोत) लाई समावेश गरिएको छ। परिच्छेद चारमा आत्महत्या दुरुत्साहनसम्बन्धी आवधारणागत पक्ष, अन्तर्राष्ट्रिय र राष्ट्रिय कानूनी व्यवस्था, आत्महत्या दुरुत्साहनसम्बन्धी केही महत्त्वपूर्ण अन्तर्राष्ट्रिय अभ्यासहरूको संक्षिप्त रुपमा चर्चा गरिएको छ। परिच्छेद पाँचमा आत्महत्या दुरुत्साहनसम्बन्धी फैसलाहरूको प्रवृत्तिको विश्लेषण र व्याख्या प्रस्तुत गरिएको छ । अन्तिम परिच्छेदमा निष्कर्ष र सुझाव समावेश गरिएको छ।

# परिच्छेद - दुई

## २. पूर्व अध्ययनको समीक्षा

आत्महत्या गर्न दुरुत्साहन दिन नहुने कार्यलाई मुलुकी अपराध संहिता, २०७४ ले अपराधीकरण गरेको छ। यो व्यवस्था नेपालको सन्दर्भमा नवीनतम कानूनी अवधारणा भएको हुँदा हालसम्म यस विषयमा पर्याप्त अध्ययन र अनुसन्धान भएका छैनन्। यद्यपि यस अध्ययनको सन्दर्भमा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सरोकार राख्ने उपलब्ध भएसम्मको पूर्व अध्ययन सामग्रीहरूको रुपमा अन्तर्राष्ट्रिय प्रतिवेदनहरू र राष्ट्रिय स्तरमा प्रकाशित लेख रचनाहरूलाई देहायका बुदाँहरूमा संक्षिप्त रुपमा समीक्षा गरिएको छ।

### २.१ LAW COMMISSION OF INDIA (REPORT NO. 210): Humanization and Decriminalization of Attempt to Suicide (2008)[९]:

भारतीय कानून आयोगको प्रतिवेदन नं. २१०, मूलतः भारतीय दण्ड संहिताले आत्महत्यालाई आपराधिक कार्य मानेको कानूनी व्यवस्था समयसापेक्ष नहुनुको साथै अमानवीय भएको तथ्यप्रति केन्द्रित रहेको पाइन्छ। कुनै पनि व्यक्तिले कुनै न कुनै समस्याबाट पीडित वा मानसिक रोगबाट ग्रसित भएर नै आत्महत्याको प्रयास गर्ने हुँदा सो व्यक्तिलाई थप सजाय गर्नु अनौचित्यपूर्ण हुन्छ। यसरी आफ्नै ज्यान लिनबाट असफल भएको व्यक्तिलाई जेलको सजायको सट्टा उचित उपचार र परामर्शका साथै विशेष सहानुभूतिको आवश्यक्ता पर्दछ। भारतीय दण्ड संहिता, १८६० को दफा ३०९ को व्यवस्था आत्महत्याको सन्दर्भमा अमानवीय र अन्यायपूर्ण भएकोले संवैधानिक वा असंवैधानिक हुनु नहुनुसँग कुनै अर्थ नराख्ने र यो व्यवस्थाको खारेजीबाट धैरै व्यक्तिहरूको जीवन जोगाउने र पीडाबाट राहत पाउने विषय यस प्रतिवेदनको ठहर छ। विशेष गरी यस प्रतिवेदनले आत्महत्या गर्न बाध्य पार्ने वा दुरुत्साहन गर्ने कार्यलाई दण्डनीय अपराधको रुपमा कायमै राखी भारतीय दण्ड संहिताको दफा ३०९ अनुसार आत्महत्या गर्न खोज्ने कार्यलाई अपराधको कोटीमा राखिएको व्यवस्थालाई खारेज गर्नुपर्ने सिफारिस गरिएको पाइन्छ।

### २.२ Preventing A Global Imperative (World Health Organization 2014)[१०]:

यो अध्ययन प्रतिवेदन आत्महत्याको विश्वव्यापी अवस्था, कारण र निवारणको उपायहरूसँग सम्बन्धित रहेको छ। यस प्रतिवेदनमा प्रत्येक वर्ष ८ लाखभन्दा बढी मानिसहरूले आत्महत्याका कारण ज्यान गुमाउने र साथै प्रत्येक एक जनामा आत्महत्या गरी मरेको व्यक्तिको हाराहारीमा आत्महत्याको असफल प्रयास गर्ने २० जना अन्य व्यक्ति रहेको तथ्याङ्क प्रस्तुत गरेको पाइन्छ। यस प्रतिवेदनमा आत्महत्या

---

९ LAW COMMISSION OF INDIA (REPORT NO. 210): Humanization and Decriminalization of Attempt to Suicide (2008), Government of India Law Commission of India

१० Preventing a Global Imperative (2014), World Health Organization

प्रतिरोधी राष्ट्रिय कार्यक्रमहरूलाई प्रभावकारी बनाउनको लागि एक व्यापक एवं बहुक्षेत्रीय आत्महत्या निवारण रणनीतिको आवश्यकता रहेको उल्लेख गरेको पाइन्छ। त्यसैगरी यस प्रतिवेदनमा आत्महत्या गर्नको लागि उपयोग गरिने विषादी आदि जस्ता वस्तुमा भएका सहज पहुँचमा नियन्त्रण गरिएको अवस्थामा आत्महत्याको दरलाई प्रभावकारी ढङ्गबाट नियन्त्रण गर्न सकिने र मानसिक अस्वस्थता एवं अत्यधिक मदिरा सेवनले संसारभर नै आत्महत्याको प्रकोपलाई बृद्धि गराइरहेको हुँदा यस्ता संकेतहरूलाई प्रारम्भमा नै पत्ता लगाएर उचित समयमा नै निराकरण गर्न सकिएमा आत्महत्यालाई नियन्त्रण गर्न सकिने कुरा सुझाएको छ साथै आत्महत्या गर्न सक्ने वा सम्भाव्य व्यक्तिहरूलाई पुनर्स्थापना वा स्याहार आदि गरेर आत्महत्याको रोकथाम गर्ने कार्यमा समुदायको प्रभावकारी भूमिका हुने कुरा प्रतिवेदनले जोड दिएको छ।

## २.३ आत्महत्या गर्न बाध्य पार्नेलाई अपराध घोषणा गर्नुपर्ने आवश्यकतासम्बन्धी अध्ययन प्रतिवेदन (२०७२)[११]:

यो प्रतिवेदन महान्यायधिवक्ताको कार्यालयको मिति २०७१/०७/२७ गतेको निर्णयानुसार गठन भएको छ। विशेष गरी यो अध्ययन प्रतिवेदनले आत्महत्या गर्न बाध्य पार्ने कार्यलाई अपराध घोषणा गर्दा यसले मौजुदा कानूनी प्रावधान र फौजदारी न्याय प्रणालीमा पार्ने असर बारे अध्ययन गर्नुका साथै आत्महत्या गर्न बाध्य पार्ने कार्यमा संलग्न हुने उपर हुनुपर्ने, सजायको स्वरुप र अवस्था, कानून कार्यान्वयनको संयन्त्र र संलग्न निकायको भूमिका र दायित्व बारे सुझाव पेश गरेको पाइन्छ। आत्महत्या गर्न बाध्य पार्ने अवस्थालाई कसुर हुने गरी कानूनको निर्माण गर्दा कसुरको वर्गीकरण गर्नुपर्ने, यसमा ब्यापक राजनीतिकरण हुन सक्ने, अनुसन्धान गर्दा अनुसन्धान अधिकारीलाई पनि दवाब आउन सक्ने हुँदा यसबाट आउन सक्ने जोखिमतर्फ सजग हुनुपर्ने, त्यसैगरी आत्महत्या गरेको कुरालाई महिलाको हकमा माइती पक्षले स्वीकार गर्न नसक्ने र रिसइवी साँध्न यसलाई एउटा साधनको रुपमा प्रयोग गर्न सक्ने जस्ता पक्षमा सचेत हुनुपर्ने लगायतका महत्त्वपूर्ण सुझाव यस प्रतिवेदनमा सुझाइएको छ। त्यसैगरी आत्महत्या गर्न बाध्य पार्नेलाई अपराध घोषणा गर्नुपर्ने आवश्यकतासम्बन्धी अध्ययन प्रतिवेदन भन्ने शीर्षकलाई आत्महत्या गर्न दुरुत्साहन गर्नेलाई भन्ने शब्द उपयुक्त हुने सुझाव यस प्रतिवेदनमा गरिएको छ।

## २.४ के हो आत्महत्या दुरुत्साहन ? (२०७६)[१२]

यो लेख अधिवक्ता रविन्द्र भट्टराईद्धारा लिखित हिमाल खबरमा प्रकाशित लेख हो। यस लेखमार्फत लेखकले आत्महत्या दुरुत्साहनसम्बन्धी कानूनी व्यवस्थाको आवश्यकता नहरेको र यसले समाजमा भयावह अवस्थाको सृजना गर्ने विचार व्यक्त गर्नु भएको छ। कुनै पनि कार्य कसुर हुनको लागि कर्ताले त्यो कार्य

[११] आत्महत्या गर्न बाध्य पार्नेलाई अपराध घोषणा गर्नुपर्ने आवश्यकतासम्बन्धी अध्ययन प्रतिवेदन (२०७२), महान्यायधिवक्ताको कार्यालय रामशाहपथ, काठमाडौं

[१२] https://www.himalkhabar.com/index.php/news/14447, हेरिएको मिति: २०७७/०८/०३

गर्न चाहेको र भौतिक रुपमा शरीर वा वचनबाट त्यो कार्य सम्पन्न भएको हुनुपर्दछ। यी दुई तथ्यहरू हेर्दा अर्का व्यक्तिलाई आत्महत्या गराउन सकिँदैन। त्यसैले आत्महत्या गर्न दवाब परेर उम्कन नपाएको अवस्थाले नै मानिस मरेको हो भन्ने देखिने वस्तुपरक आधारमा आत्महत्या दुरुत्साहन होइन, हत्याकै दायराबाट अनुसन्धान अभियोजन र सजाय हुनुपर्छ। अतः यसका लगि ज्यानसम्बन्धी कसुरको व्यवस्था गर्ने दफाहरू नै प्रभावकारी रहेको लेखकको धारणा उक्त लेखमार्फत राख्नु भएको छ।

## २.५ आत्महत्या दुरुत्साहन कानूनका दुई धार (२०७६)[१३]

प्रस्तुत लेख त्रिभुवन विश्वविद्यालयअन्तर्गत नेपाल ल क्याम्पसमा मानव अधिकार तथा संवैधानिक कानून प्राध्यापन गराउनु हुने तेजमान श्रेष्ठले नयाँ पत्रिकामा लेख्नु भएको हो। यस लेखको माध्यमबाट लेखकले नाम लिएकै आधारमा आत्महत्या दुरुत्साहन ठहर गर्ने हो भने यो व्यवस्थाको सिकार जो कोही हुन सक्ने विषयलाई उजागर गर्नु भएको छ। मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा १८५ को प्रावधानमा दुरुत्साहन दिनुको अर्थ मृतकले नाम लिँदैमा पर्याप्त हुनुहुदैन। उसलाई त्यसो गर्नको लागि दुरुत्साहन गरेको भनिएको व्यक्तिले मनसाय राखी जानी बुझी सो कार्यमा सक्रियतापूर्वक सहभागी भएको पुष्टि हुनुपर्छ। त्यसैगरी मर्ने व्यक्तिले बाँच्ने अवसर नै नपाई सो अप्रिय निर्णय गरेको अवस्था हुनुपर्दछ। अन्यथा यदि कसैले आफ्नो ज्यान समाप्त पार्ने वेलामा प्रविधिको उपयोग गरी अडियो वा भिडियो रेर्कडमा कसैको नाम लिई दियो वा सानो कागजको टुक्रामा कसैको नाम लिई दियो भने त्यसकै भरमा मात्र दुरुत्साहन मान्नु हुदैन। आत्महत्याको कारण खोजी नगरी केवल दोषी करार गर्न लागियो भने भविष्यमा कारागार निर्माण गर्न पनि वाह्यकै सहयोग चाहिने अवस्था आउन सक्छ भन्ने विचार लेखकले व्यक्त गर्नुभएको छ।

## २.६ आत्महत्या दुरुत्साहनसम्बन्धी अपराध र मुलुकी अपराध संहिता, २०७४ (२०७७)[१४]:

यो लेख पैरवी ल जर्नलको लागि रिता शेर्पाले लेख्नु भएको हो। विशेष गरी यो लेख मुलुकी अपराध संहिताले आत्महत्या गरी मर्न बाध्य पर्ने वा आत्महत्या गर्नको लागि दुरुत्साहन दिने कार्यलाई कसुरको रुपमा लिई सजायको व्यवस्था गरेपश्चात् यसको कार्यान्वयनमा आउन सक्ने चुनौती तथा समस्याहरू र यसको निराकरणको लागि केही सुझावहरूमा केन्द्रित रहेको पाइन्छ। आत्महत्या दुरुत्साहनमा प्रतिवादीको प्रत्यक्ष नभई अप्रत्यक्ष संलग्नता रहने अवस्था हुँदा पीडितले सुसाइड नोटमार्फत वा मृत्युकालीन घोषणामार्फत अभिव्यक्त गरेको अवस्थादेखि बाहेक प्रमाणबाट पुष्टि गर्न कठिन हुने, कुन कुन कार्य गर्दा दुरुत्साहन गरेको हुन्छ वा कस्तो कार्यलाई आत्महत्या गर्नको लागि परिस्थिति सृजना गरेको मान्ने

---

[१३] https://www.nayapatrikadaily.com/news-details/२३९९६/२०१९-०८-३०, हेरिएको मितिः २०७७/०८/०३

[१४] पैरवी ल जर्नल (कार्तिक २०७७), वर्ष ३, अंक ३, प्रकाशकः पैरवी बुक हाउस प्रा. लि. पुतलीसडक, काठमाडौं

आधारहरू कानूनमा स्पष्ट नहुनुका साथै कुनै मार्गनिर्देशन नभएकाले न्यायसम्पादनको कार्यमा जटिलता उत्पन्न हुन सक्ने दुई जना व्यक्तिको स्वेच्छाले मर्न सल्लाह (suicide pact) गरी आत्महत्या गर्दा एकको मृत्यु भई अर्को जीवित भएमा के गर्ने भन्ने कुरामा नेपालको कानून मौन रहेको जस्ता चुनौतीहरू रहेको कुरा लेखकले आफ्ना लेखको माध्यमबाट प्रकाश पार्नु भएको छ। लेखकको विचारमा आत्महत्या दुरुत्साहन के हो के होइन भन्ने सम्बन्धमा न्यायकर्मी कानून व्यवसायी र अनुसन्धान अधिकारीलगायतको सबै सरोकारवाला निकायहरूलाई लागु हुने गरी मार्गनिर्देशन तयार गरी जारी गर्नु आवश्यक रहेको कुरा सुझाउनु भएको छ।

### २.७ आत्महत्या दुरुत्साहन र रवि लामिछाने प्रकरण (२०७७)[१५]:

यो लेख अधिवक्ता ताराप्रसाद ओलीले पहेलो पोष्टको लागि लेख्नु भएको हो। यस लेखमा लेखकले अभिव्यक्ति स्वतन्त्रता र शान्तिपूर्ण विरोध प्रदर्शन नागरिक अधिकार हो तर स्वतन्त्रताको अर्थ अराजकता होइन। भिडमा आधारित भएर न्याय निरुपण हुने पद्धतिको विकासले कोही पनि सुरक्षित नहुने हुँदा अनुसन्धान, अभियोजन र न्याय प्रदायक निकाय दवाब र प्रभावबाट मुक्त रहनु पर्ने विचार व्यक्त गर्नु भएको छ। त्यसैगरी प्रस्तुत लेखले आत्महत्या गर्न बाध्य पार्ने कार्यको अनुसन्धान निकै गहन र जटिल विषय भएकोले मुलुकी अपराध संहिताको दफा १८५ को स्पष्टिकरण वा थप व्याख्या एवम् यसका कसुरहरूको वर्गीकरणको खाँचो लेखमा औंल्याएको छ।

---

[१५] https://pahilopost.com/content/20190825084839.html, हेरिएको मिति :२०७७/०८/०३

# परिच्छेद - तीन

## ३. अध्ययन तथा अनुसन्धान पद्दति (Research Methodology)

यस अध्ययन तथा अनुसन्धानमा आवश्यकताअनुसार निम्नलिखित अनुसन्धान विधिहरू अवलम्बन गरिएको छन्।

### ३.१ अध्ययन तथा अनुसन्धानको ढाँचा (Research Design)

प्रस्तुत अध्ययन तथा अनुसन्धानको ढाँचा सैद्धान्तिक तथा गुणात्मक अनुसन्धान (Doctrinal as well Qualitative Research) हो। त्यसैगरी यस अध्ययन तथा अनुसन्धानमा वर्णनात्मक र विश्लेषणात्मक अनुसन्धान ढाँचा (Discriptive and Analytical Rsearch Design) को प्रयोग गरिएको छ।

### ३.२ नमुनाकरण विधि (Sampling Method)

#### ३.२.१ अध्ययन तथा अनुसन्धानको जनसंख्या (Universe or Population of Study)

नेपालको ७७ वटा जिल्ला अदालतहरूमध्ये ३४ वटा जिल्ला अदालतहरूबाट आर्थिक वर्ष २०७७/७८ भित्रमा आत्महत्या दुरुत्साहनसम्बन्धी मुद्दामा भएका ४८ वटा प्रतिनिधिमूलक फैसलाहरू यस अनुसन्धानको जनसंख्या हो।

#### ३.२.२ नमुना र नमुनाको आकार (Sample and Sample Size)

३४ वटा जिल्लाहरूबाट संकलन तथा प्राप्त गरिएको ४८ वटा फैसलाहरूको ५८% अर्थात् २८ वटा फैसलाहरूलाई उद्देश्यमूलक नमुना छनौट (Purposive Sampling) विधिअनुसार नमुनाको रुपमा छनौट गरिएको छ।

### ३.३ तथ्याङ्कको स्रोत (Source of Data)

प्रस्तुत अध्ययन तथा अनुसन्धान कानून तथा न्याय क्षेत्रको अनुसन्धान भएकाले आवश्यकताअनुसार प्राथमिक र गौण स्रोतहरू (Primary and Secondary Sources) बाट तथ्याङ्क तथा सुचनाहरू देहायअनुसार संकलन गरिएका छन्।

#### ३.३.१ प्राथमिक तथ्याङ्क (Primary Data)

अन्तर्राष्ट्रिय दस्तावेज, संविधान, ऐन, नियम र जिल्ला अदालतहरूबाट आत्महत्या दुरुत्साहनसम्बन्धी भएका फैसलाहरू आदि प्राथमिक तथ्याङ्क तथा सूचनाहरूका रुपमा संकलन गरी विश्लेषण गरिएका छन्।

### ३.३.२ गौण तथ्याङ्क (Secondary Data)

प्रस्तुत अनुसन्धान प्रतिवेदन तयारीका सिलसिलामा विभिन्न लेख रचना, समाचार, पुस्तक, पूर्व अध्ययन प्रतिवेदन तथा अनुसन्धान कृतिहरूबाट आत्महत्या गर्नका लागि दुरुत्साहन दिन नहुने विषयमा विभिन्न जानकारीहरु संकलन गरएका छन्। साथै उक्त विषयमा विद्युतीय माध्यम र पुस्तकालयबाट पूर्व प्रकाशित सामग्रीहरुसमेत संकलन गरिएका छन्।

### ३.४ तथ्याङ्कको प्रशोधन तथा विश्लेषण र व्याख्या (Processing, Analysis and Interpretation of Data)

यस अनुसन्धानका प्राथमिक तथा द्वितीय तथ्याङ्कीय स्रोतहरूबाट संकलित तथ्याङ्क तथा सूचनाहरूलाई प्रशोधन तथा विश्लेषण गरी विभिन्न तालिकाहरूमा प्रस्तुत गरी आवश्यक्तानुसार तथ्याङ्कहरूलाई विभिन्न स्तम्भ चित्रहरूमा प्रस्तुत गरी विश्लेषण र व्याख्या गरिएको छ।

### ३.५ अध्ययनको लागि लाग्ने अनुमानित समयावधि र स्रोत

यस अध्ययन प्रतिवेदनको लागि लाग्ने समयको सीमा ३ महिनाको रहेको छ। यस अध्ययन प्रतिवेदनेका लागि आवश्यक वित्तीय स्रोतको व्यवस्थापन राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट स्वीकृत भएबमोजिम उपलब्ध भएको छ।

### ३.६ अध्ययनमा प्रयोग हुने भाषा

यस अध्ययन प्रतिवेदन नेपाली भाषामा तयार गरी प्रस्तुत गरिएको छ।

# परिच्छेद - चार

## ४. आत्महत्या दुरुत्साहनसम्बन्धी सिद्धान्त तथा अवधारणा

### ४.१ आत्महत्याको अर्थ र परिभाषा

"भाका, भूल, दया, क्षमा र ममता, सन्तोष जान्दैन त्यो।
इन्द्रै बिन्ती गरून् झुकेर पदमा, त्यो बिन्ति मान्दैन त्यो॥
आयो टप्प टिप्यो, लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो॥"

- **"कालमहिमा"कवि शिरोमणि लेखनाथ पौड्याल**

उल्लिखित कविताका हरफहरूले मृत्युलाई शाश्वत सत्यको रुपमा स्वीकार गरेको छ। मानिस जन्मन्छ र मृत्यु हुन्छ। जीवनको सत्य नै मृत्यु हो जुन पूरै निरंकुश र अधिनायक हुन्छ। मृत्यु कहिले हुन्छ कसैलाई थाहा हुन्न। मृत्यु सृष्टिको एउटा प्रक्रिया हो। प्रायः प्रत्येक मान्छेलाई थाहा छ, जन्म र मृत्यु निरन्तर प्रक्रिया हुनुका साथै प्राकृतिक नियम पनि हो। यसरी सृष्टिको नियमित र अपरिहार्य नियतिलाई अस्वीकार गर्दै व्यक्तिले जानीबुझी आफ्नो जीवन आफैंले समाप्त गर्नु नै आत्महत्या हो।

शाब्दिक रुपमा आत्महत्या (Suicide) शब्दको प्रयोग Sir Thomas Browne को सन् १६४३ मा पहिलो पटक प्रकाशित पुस्तक Religio Medici मा प्रयोग भएको पाइन्छ। [१६]Suicide शब्द ल्याटिन भाषाको Suicidium बाट आएको हो। Sui (of oneself)+Cidium (a killing) अर्थ आफैंले आफैंलाई मार्नु हो।[१७] त्यसैगरी David Emile Durkheim (१८५८-१९१७) ले आत्महत्यालाई यसरी परिभाषित गर्नु भएको छः "The term suicide is applied to all cases of death resulting directly or indirectly from a positive or negative act of the victim himself which he knows will produce this results."[१८] अर्थात् आत्महत्या शब्द मृत्युको त्यस्ता समस्त घटनाहरूको लागि प्रयोग गरिन्छ जुन स्वयं मर्ने पीडित व्यक्तिको आफ्नै सकारात्मक या नकारात्मक क्रियाको प्रत्यक्ष वा अप्रत्यक्ष परिणाम हुन्छ, जसको भावी परिणामबारे उसलाई नै थाहा हुन्छ। Black's Law Dictionary मा आत्महत्यालाई यसरी परिभाषित गरिएको पाइन्छ," The act of taking on's life.- Also termed *self-killing*; *self-destruction*; *self-slaughter*; *self-murder*; *felony-de-se*; *death by one's own hand*."[१९] अर्थात् स्वयं व्यक्तिले आफैंले आफैंलाई मार्नु नै आत्महत्या हो। साथै विश्व स्वास्थ्य संगठन (WHO) को प्रतिवेदनमा आत्महत्यालाई यसरी उल्लेख गरिएको छ,

---

[१६] https://onlinelibrary.wiley.com/doi/10.1111/j.1943-278X.1994.tb00796.x, हेरिएको मितिः २०७७/१२/०६
[१७] https://mentallyagile.com/blog/2018/10/7/the-origin-and-meaning-of-suicide, हेरिएको मितिः २०७७/१२/०६
[१८] https://ukdiss.com/examples/emile-durkheim-suicide-theory-evaluation.php, हेरिएको मितिः २०७७/१२/०३
[१९] A.Garner, Bryan.(eds).(2004).Black's Law Dictionary.8th edition. Published by; Thomson West.p1475

"Suicide is the act of deliberately killing oneself."[२०] अर्थात् जानीबुझी आफैंलाई मार्ने कार्य नै आत्महत्या हो। The National Institute of Mental Health (NIMS) नामक संस्थाले आत्महत्यालाई यसरी परिभाषित गरेको छ, "Suicide is defined as Death caused by self-directed injurious behavior with intent to die as a result of the behavior."[२१] अर्थात् आत्महत्या व्यवहारको यस्तो परिणाम हो जसमा मर्ने मनसाय राखी स्वनिर्देशित रुपमा आफैंलाई हानि पुऱ्याउने व्यवहारको कारणबाट मृत्यु हुन्छ। बृहत् नेपाली शब्दकोषमा आत्महत्यालाई आफूले आफैंलाई मार्ने काम, जानी जानी आफैंले आफ्नो हत्या गर्ने काम, आत्मघात भनी अर्थ्याएको पाइन्छ।[२२] कानूनी शब्दकोषमा आत्महत्यालाई आफूले गरेको आफ्नो हत्या भनी अर्थ्याएको पाइन्छ।[२३]

उपर्युक्त आत्महत्यासम्बन्धी विभिन्न परिभाषाहरूअनुसार कुनै पनि व्यक्तिले जानीबुझी आफैंले आफैंलाई मार्ने उद्देश्य तथा जीवन त्याग गर्ने प्रवल इच्छा राखी स्वेच्छा वा जनीबुझी मृत्युवरण गर्ने कार्य नै आत्महत्या हो भनी बुझ्न सकिन्छ। अतः आत्महत्या आफ्नो स्वेच्छा वा जानीबुझी मृत्युवरण गर्ने एउटा क्रिया हो र यसमा व्यक्तिको जानीबुझी आफैंले आफैंलाई मार्ने उद्देश्य र जीवन त्याग गर्ने इच्छा निस्रित रहेको हुन्छ।

## ४.२ आत्महत्याको प्रकार

David Emile Durkheim ले उनको पुस्तक "Suicide: A Study in Sociology" मा आत्महत्याको कारण व्यक्तिको मनोवैज्ञानिक तत्त्वहरूभन्दा पनि सामाजिक तत्त्वहरू हो भन्ने निष्कर्ष उल्लेख गरिएको पाइन्छ। समाजलाई एकीकरण गर्न बनाइएका उल्लङ्घन गर्न नपाइने सर्त र नियमहरूले व्यक्तिलाई आत्महत्या गर्नको लागि उत्प्रेरणा गर्दछ भन्ने आधारमा उनले आत्महत्याका प्रकारहरूको सिद्धान्तलाई विकास गरेको पाइन्छ। ती आत्महत्याका प्रकारहरूलाई देहायअनुसार उल्लेख गरिएको छ।[२४]

### ४.२.१ अहंकारी आत्महत्या (Egoistic Suicide):

यो आत्महत्याको पहिलो प्रकार हो। यस प्रकारको आत्महत्या व्यक्ति र समाजबिचको बन्धन कमजोर भएको र व्यक्ति सामाजिक रुपमा एक्लिएको अवस्थामा गरिन्छ। सामूहिक भावनाको अभाव भएको आत्माकेन्द्रित व्यक्तिले यस्तो प्रकारको आत्महत्या गर्दछ, जसले आफूलाई समाजको मूलधारबाट अलग्ग

---

[२०] http://www.emro.who.int/health-topics/suicide/feed/atom.html, हेरिएको मितिः २०७७/१२/०९

[२१] https://www.nimh.nih.gov/health/statistics/suicide.shtml, हेरिएको मितिः २०२२/१२/९

[२२] नेपाली बृहत् शब्दकोष, (२०७५), प्रकाशकः नेपाल प्रज्ञा-प्रतिष्ठान, कमलादी, काठमाडौं पृ.९९

[२३] सिंह, टोपबहादुर (२०५४), कानूनी शब्दकोष, प्रकाशकः रत्न पुस्तक भण्डार, भोटाहिटी, काठमाडौं पृ.६५

[२४] https://ukdiss.com/examples/emile-durkheim-suicide-theory-evaluation.php, हेरिएको मितिः २०७७/१२/०३

गरेको हुन्छ।[२५] समान्यतः व्यक्ति सामाजिक नियमहरू, परिवार र सामुदायिक बन्धन तथा अन्य सामाजिक दायित्वहरूको आधारमा समाजसँग गाँसिएको हुन्छ। जब यस्तो बन्धन टुट्दछ वा कमजोर हुन्छ तब व्यक्तिले आत्महत्या गर्न पुग्दछ। सेवानिवृत जीवन, परिवारका सदस्य वा साथीको मृत्यु आदि कारणले व्यक्तिको सामाजिक बन्धन कमजोर अवस्थामा पुग्दछ र उसले आत्महत्या गर्छ[२६] यसरी आत्महत्या गर्ने व्यक्तिले आफ्नो मृत्युको कारणले समाजलाई केही असर नगर्ने सोचाइ राख्ने गर्दछ।[२७]

### ४.२.२ परोपकारी आत्महत्या (Altruistic Suicide) :

यो आत्महत्याको दोस्रो प्रकार हो। अत्यधिक सामाजिक एकताको परिणामले यस प्रकारको आत्महत्या निम्त्याउँदछ। जब समाजमा सामाजिक एकताको भावना अत्यधिक मात्रामा हुन्छ तव यस प्रकारको आत्महत्या हुने गर्दछ। सामाजिक अपेक्षासँग जबरजस्ती रुपमा जोडिएको अवस्थामा व्यक्तिले सामाजिक आवश्यकताको महसुस गरी सामाजिक लक्ष्य प्राप्त गर्नको लागि स्वयम् आफ्नै स्वेच्छाले आत्महत्या गर्दछ।[२८]

### ४.२.३ आणविक आत्महत्या (Anomic Suicide) :

यो तेस्रो प्रकारको आत्महत्या हो। सामाजिक नियमहरू अत्यधिक तल्लो स्तरमा पुगेको अवस्थामा यस प्रकारको आत्महत्या हुने गर्दछ। व्यक्तिले सामाजिक अस्थिरताको अनुभव गर्दै समाजको ठुलो हिस्सासँग सम्बन्धविच्छेद भएको ठानी गरिने आत्महत्या यस प्रकारको आत्महत्याअन्तर्गत पर्दछ। Durkheim ले आणविक आत्महत्यालाई पनि निम्नलिखित रुपमा चार किसिमले विभाजन गर्नुभएको छ।[२९]

१. अत्यधिक आर्थिक बृद्धि र आफ्नो आर्थिक हैसियत स्खलनको कारणले हुने आत्महत्यालाई Acute Anomie Suicide भनिन्छ।
२. दीर्घकालीन आर्थिक समस्याको कारण व्यक्तिको जीवनमा खुशी नआएको कारणले गरिने आत्महत्यालाई Chronic Economic Anomie Suicide भनिन्छ।
३. बाध्यतावश सृजना भएको नयाँ परिस्थितिलाई सहर्ष स्वीकार गर्न नसक्दाको परिणामबाट गरिने आत्महत्यालाई Acute Domestic Anomie Suicide भनिन्छ।

---

[२५] https://courses.lumenlearning.com/atd-bmcc-sociology/chapter/what-are-the-types-of-suicide-given-by-durkheim, हेरिएको मितिः २०७७/१२/०३

[२६] https://www.thoughtco.com/study-of-suicide-by-emile-durkheim-3026758, हेरिएको मिति :२०७७/१२/०३

[२७] https://ukdiss.com/examples/emile-durkheim-suicide-theoryevaluation.php, हेरिएको मितिः २०७७/१२/०३

[२८] https://ukdiss.com/examples/emile-durkheim-suicide-theoryevaluation.php, हेरिएको मितिः २०७७/१२/०३

[२९] https://ukdiss.com/examples/emile-durkheim-suicide-theoryevaluation.php, हेरिएको मितिः २०७७/१२/०३

४. भौतिक नियमहरूले महिला र पुरुषको आवश्यकताको सन्तुलनलाई असर गर्दछ र सो असरको कारणबाट गरिने आत्महत्यालाई Chronic Domestic Anomie भनिन्छ।

### ४.२.४ घातक आत्महत्या (Fatalistic Suicide)

यो चौथो प्रकारको आत्महत्या हो। यस प्रकारको आत्महत्या व्यक्तिलाई अत्यधिक मात्रामा सामाजिक नियमबाट नियन्त्रण गरिएको कारणले हुने गर्दछ। आत्महत्यामा सामाजिक नियमको कारणबाट उत्पन्न हुने उच्च दवावले व्यक्तिलाई जीवन बाँच्नुभन्दा मर्नु प्रेरित गर्दछ। व्यक्ति यस्तो कठोर नियमअन्तर्गत रहेर बाँच्न चाहँदैन किनकि उसले आत्म स्वाभिमान गुमेको अनुभूति गर्दछ। व्यक्तिको जीवनमा अत्यधिक मात्राको सामाजिक नियन्त्रण र कठोर नियमहरू भएमा आत्महत्याको दरमा समेत बृद्धि हुन सक्दछ।[३०]

### ४.३ आत्महत्याको कारण र आत्महत्या गरिने तरिका

आत्महत्याको प्रमुख कारण आत्महत्या गर्ने व्यक्तिको मनोदशा हो। कुनै पनि व्यक्ति मनोवैज्ञानिक रुपमा क्रमशः कमजोर हुँदै निराशाको चरम बिन्दुमा पुगेपश्चात् उसले आत्महत्याको बाटो रोज्न पुग्दछ। आत्महत्याको पछाडि एउटा व्यक्तिको मनोवैज्ञानिक अवस्थासँगै उसको सामाजिक, आर्थिक र व्यक्तिगत कारणहरू गाँसिएको हुन्छ। वास्तवमा आत्महत्या एक जटिल सामाजिक, मनोवैज्ञानिक तथा जैविक कारणको उपज हो।[३१] त्यसैले आत्महत्याका विविध कारणहरू देहायअनुसार हुन सक्दछन्।

- मानसिक रोग तथा तनाव
- लागु औषध र मादक पदार्थको दुर्व्यसन
- घरेलु हिंसा[३२] र बलात्कार[३३]
- आर्थिक समस्या
- सामाजिक प्रतिष्ठाको भय
- सेलिब्रेटीको आत्महत्या
- असफलता
- नजिकको व्यक्तिको मृत्यु

विश्व स्वास्थ्य संगठनका अनुसार विश्वमा करिव २० प्रतिशत आत्महत्या आफैंले सेवन गरेको विषबाट हुने गरेका छन्। त्यसैगरी झुन्डिएर, आफैंलाई गोली हानेर गरिने आत्महत्या पनि आम रुपमा प्रचलनमा रहेका छन्।[३४] नेपालमा झुन्डिएर, विष सेवन गरेर, आफूले आफैंलाई गोली हानेर, आगो लगाएर, हामफालेर,

---

[३०] https://ukdiss.com/examples/emile-durkheim-suicide-theoryevaluation.php, हेरिएको मितिः २०७७/१२/०३

[३१] http://annapurnapost.com/news/55215, हेरिएको मितिः २०७७/१२/०९

[३२] https://ekantipur.com/news/2021/03/16/161585806062495455.html, हेरिएको मितिः २०७७/१२/०३

[३३] https://badimalikakhabar.com/2020/09/18/89865/, हेरिएको मितिः २०७७/१२/१०

[३४] https://www.who.int/news-room/fact-sheets/detail/suicide, हेरिएको मितिः २०७७/१२/१०

करेन्ट लगाएर, हातहतियारको प्रयोग गरेर[३५] र नदीमा हामफालेर[३६] आदि तरिका अपनाई आत्महत्या गर्ने गरेको पाइन्छ।

## ४.४ दुरुत्साहनको अर्थ र परिभाषा

दुरुत्साहन (Abetment /Incitement) को शाब्दिक अर्थ अनुचित वा नराम्रो प्रकारको उत्साह भन्ने बुझिन्छ।[३७] यसलाई नेपाली वृहत् शब्दकोषमा अरुलाई कानूनी वा नैतिक दृष्टिले अवैध कार्य गर्न प्रोत्साहित गर्ने काम; खराब काममा उक्साउने चाल भनी अर्थ्याएको पाइन्छ।[३८] कानूनी शब्दकोषमा दुरुत्साहनलाई अपराध गर्न अरुलाई प्रोत्साहन, उत्तेजना दिनु वा त्यसमा सघाउनु हो भनिएको छ। यो शब्द अपराध गर्न सहायता दिने कार्यमा प्रयोग गरिन्छ। कसैलाई ज्यान मार्न दुरुत्साहन दिनु भन्ने अर्थमा यसको प्रयोग हुन्छ र सो गर्न निजलाई आदेश दिनु वा सल्लाह दिनु वा ल्याउनु। आदेश दिनु, पैदा गर्नु, सल्लाह दिनु, प्रोत्साहन दिनु, वा उक्साउनु, वा सहायता दिनु, अपराध गर्नमा सहुलियत प्रदान गर्नु, यसको पूर्णता तर्फ अघि बढ्नु अथवा यसलाई हुन वा तारतम्य मिलाई दिनु भनी अर्थ्याएको पाइन्छ।[३९]

Black's Law Dictionary मा दुरुत्साहन (Incitement) लाई यसरी परिभाषित गरिएको पाइन्छ,"The act or an instance of provoking, urging on, or stirring up. And the act of persuading another person to commit a crime;"[४०] अर्थात् कार्य वा दृष्टान्तबाट उत्तेजित बनाउनु, जबरजस्ती रुपमा प्रेरणा दिनु, वा भावनात्मक रुपमा उत्तेजित तुल्याउनु, कुनै व्यक्तिलाई अपराध गर्नको लागि राजी गराउनु नै दुरुत्साहन हो। यसैगरी Cambridge Dictionary मा दुरुत्साहन (Abetment) लाई यसरी अर्थ्याएको पाइन्छ "The act of helping or encouraging someone to do something wrong or illegal:"[४१] अर्थात् कसैलाई गलत वा गैरकानूनी कार्य गर्नको लागि मद्दत वा प्रेरणा दिनु नै दुरुत्साहन हो। न्यायाधीश होम्सको विचारमा दुरुत्साहन भन्नाले कुनै व्यक्ति अर्को कुनै व्यक्तिको दिमागमा कुनै अपराध घटाउनका लागि प्रभाव पार्न पुग्दछ वा खोज्दछ भने सो अवस्थालाई जनाउँदछ। यस प्रकारको साङ्गठनिक आपराधिक चतुरताको षड्यन्त्रका विभिन्न रुप हुन सक्दछन् जस्तैः सुझाव, प्रस्ताव, अनुरोध, बिन्ती, इसारा, तर्क सहमत बनाएर,

---

[३५] https://www.onlinekhabar.com/2019/06/776514, हेरिएको मितिः २०७७/१२/०९

[३६] https://www.onlinekhabar.com/२०१९/१०/८०१३२२, हेरिएको मितिः २०७७/१२/०९

[३७] प्रधानाङ्ग, रजितभक्त र पोखरेल, मेघराज .(२०५३), फौजदारी कानूनको सामान्य परिचय, प्रकाशकः रत्न पुस्तक भण्डार, भोटाहिटी, काठमाडौं, पृ.१८१

[३८] नेपाली बृहत् शब्दकोष, (२०७५), प्रकाशकः नेपाल प्रज्ञा-प्रतिष्ठान, कलादी, काठमाडौं, पृ.६१८

[३९] सिंह, टोपबहादुर.(२०५४), कानूनी शब्दकोष, प्रकाशकः रत्न पुस्तक भण्डार, भोटाहिटी, काठमाडौं पृ.३०१

[४०] A. Garner, Bryan. (eds). (2004).Black's Law Dictionary.8th edition .Published by; Thomson West.p.777

[४१] https://dictionary.cambridge.org/dictionary/english/abetment?q=abetment+, हेरिएको मितिः २०७७/१२/१२

फकाएर, उत्तेजित बनाएर वा मुर्ख बनाएर आदि।[४२] अतः कुनै अपराध गर्न प्रेरित गर्नु, उक्साउनु, ललकार्नु वा प्रलोभन देखाउनु दुरुत्साहनसम्बन्धी कसुर हो।[४३] दुरुत्साहन आफैंमा एउटा सजाय योग्य अपराध हो। दुरुत्साहीको घटनास्थलमा उपस्थिति नहुन पनि सक्दछ। दुरुत्साहन गरिएको अपराध नघटेको पनि हुन सक्दछ। यसप्रकार दुरुत्साहन अपूर्ण दायित्व (Inchoate Liability) अन्तर्गतको एउटा स्वतन्त्र अपराध हो।

### ४.५ दुरुत्साहनको आवश्यक तत्त्वहरू

सामान्यतयाः कुनै पनि अपराधमा भौतिक तत्त्व (Physical Elements) र मानसिक तत्त्व (Mental Elements) को विद्यमानता हुन्छ जसलाई क्रमशः आपराधिक कार्य (Actus Reus) र आपराधिक मनसाय (Mens Rea) भनिन्छ।[४४] दुरुत्साहन अपूर्ण अपराधअन्तर्गतको एउटा स्वतन्त्र अपराध हो। त्यसैले दुरुत्साहनमा पनि अपराधका दुई तत्त्वहरू आपराधिक कार्य र आपराधिक मनसाय बिद्यमान हुन्छन्। जसलाई देहायअनुसार उल्लेख गरिएको छ।

#### ४.५.१ आपराधिक कार्य (Actus Reus)

मानवीय आचरणद्वारा निश्चित परिणाम आउनको लागि गरिएको कानून निषेधित कार्य नै आपराधिक कार्य हो। मानवीय व्यवहार वा आचरण (Human Action: Conduct) निश्चित परिस्थितिको परिणामबाट हानि नोक्सानी (Result of Conduct) र कानूनद्वारा निषेधित कार्य (Acts Prohibited by Law) आपराधिक कार्यका तीन आवश्यक तत्त्वहरू हुन्।[४५] आपराधिक कार्य हुनका लागि यी तीन तत्त्वहरूको विद्यमानता हुनु आवश्यक हुन्छ। दुरुत्साहीले कुनै अपराध गर्नको लागि उक्साउनु, सल्लाह दिनु, आदेश दिनु, सहजीकरण र सहयोग गर्नु वा कानूनले वाध्यात्मक रुपमा पालना गर्नुपर्ने दायित्व पालना नगरी दुरुत्साहन दिएको अवस्थामा आपराधिक कार्यका तीनवटै तत्त्वहरूको विद्यमानता हुन्छ। त्यसैले दुरुत्साहीले दुरुत्साहनको लागि दिएको सल्लाह, आदेश, प्रेरणा, उत्तेजना, उक्साहट र अनुरोध आदि दुरुत्साहन कसुरको आपराधिक कार्य हो।[४६] अतः आपराधिक कार्य दुरुत्साहनको लागि आवश्यक तत्त्व हो।

---

[४२] Holms, J.A. in Nkosiyana, 1966 [4]SA665, p.658,AD. उद्धृत गरिएको प्रधानाङ्ग, रजितभक्त र पोखरेल, मेघराज (२०५३), फौजदारी कानूनको सामान्य परिचय, प्रकाशकः रत्न पुस्तक भण्डार, भोटाहिटी, काठमाडौं, पृ.१८२

[४३] प्रा. आचार्य, माधव प्रसाद र अधिवक्ता भण्डारी, बद्रि प्रसाद (२०६३), फौजदारी कानूनको समीक्षात्मक विवेचना, प्रकाशकः भृकुटी एकेडेमिक पब्लिकेशन्स, प्रदर्शनी मार्ग, काठमाडौं, पृ.९४

[४४] Gaur, K.D. (2003). Criminal Law & Criminology, Published by; DEEP & DEEP PUBLICATIONS PVT. LTD, F-159, RAJOURI GARDEN, NEW DELHI-110027, p.21

[४५] Gaur, K.D.(2003), Criminal Law & Criminology, Published by; DEEP & DEEP PUBLICATIONS PVT. LTD, F-159, RAJOURI GARDEN, NEW DELHI-110027, p.21-22

[४६] Pillai K.N. Chandrasekharan. (2005), GENERAL PRINCIPLES OF CRIMINAL LAW, Published by; EASTERN BOOK COMPANY LUKHANOW, P.215

### ४.५.२ आपराधिक मनसाय (Mens Rea)

आपराधिक मनसाय (Mens Rea) कुनै अपराध गर्दाको अवस्थामा अभियुक्त वा कर्ताले राख्ने गरेको विशेष मानसिक अवस्था (Stage of Mind) हो।[४७] मनसाय (Intention)) लापर्बाही (Recklessness) र हेलचेक्र्याई (Negligence) आपराधिक मनसायको आवश्यक तत्त्वहरू हुन्।[४८] आपराधिक मनसाय निषेधित कार्य गर्ने चाहना हो वा उक्त कार्यप्रतिको लापर्बाही वा हेलचेक्र्याई हो। निषेधित कार्य गर्ने उल्लङ्घनकर्तालाई निषेधित कार्य गरेको थाहा हुन पनि सक्दछ नहुन पनि सक्दछ।[४९] दुरुत्साहनकर्ताले अपराध गरोस् भन्ने मनसाय राखेर नै उक्साउने, सल्लाह दिने, आदेश दिने, सहजीकरण र सहयोग गर्ने कार्य गरेको हुन्छ, वा कानूनले वाध्यात्मक रुपमा पालना गर्नुपर्ने दायित्व पालना गरेको हुदैन। अर्को पक्षले कुनै कानूनद्वारा निषेधित कार्य गरोस् भनी दोषी मनोभावना (Guilty Mind) राखी दुरुत्साहन दिनु मनसाय हो। यसरी दुरुत्साहन दिनु आफैंमा आपराधिक मनसाय हो। दुरुत्साहनमा आपराधिक दायित्वको लागि आपराधिक कार्यको विद्यमानता आवश्यक नहुन पनि सक्दछ। अतः आपराधिक मनसाय दुरुत्साहनको आवश्यक तत्त्व हो।

### ४.६ दुरुत्साहनको प्रकारहरू

दुरुत्साहन दिने व्यक्तिले कुनै पनि व्यक्तिलाई दुरुत्साहन दिने प्रकारको आधारमा दुरुत्साहनलाई देहायअनुसार विभाजन गरेको पाइन्छ।

### ४.६.१ उत्तेजना वा उक्साहटबाट दुरुत्साहन (Abetment by Instigation)[५०]

आधारभूत रुपमा कुनै व्यक्तिलाई कुनै काम गर्न वा नगर्नको लागि सल्लाह तथा उत्साह दिनु वा हिंस्रक बनाइ दिनुलाई उत्तेजनाबाट भएको दुरुत्साहन भन्ने बुझिन्छ। यस प्रकारको दुरुत्साहनमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा लेखेर वा बोलेर अथवा हाउभाउ र संकेतबाट उत्तेजनामा ल्याइन्छ। त्यसैगरी कुनै व्यक्तिले अपराध गर्नको लागि दुरुत्साहीबाट प्रचुरमात्रामा उसलाई सक्रिय हुने गरी उत्साहित गरिएको हुनुपर्दछ। अति सामान्य सल्लाह वा सुझावबाट यस प्रकारको दुरुत्साहन हुन सक्दैन। स्वेच्छिक रुपमा गलत प्रस्तुति गर्नु र व्यक्तिले बाध्यात्मक रुपमा सार्वजनिक गर्नुपर्ने महत्त्वपूर्ण सूचना वा तथ्य लुकाउनु पनि सामान्यतया यसै प्रकारको दुरुत्साहनभित्र पर्दछ।

---

[४७] Robert W. Ferguson & Allan H. Stokke, Concepts of Criminal Law (2nd ed.), Holbrook Press, Boston, 1977, pp.115-116, उद्धृत गरिएको प्रधानाङ्ग, रजितभक्त र पोखरेल, मेघराज (२०५३), फौजदारी कानूनको सामान्य परिचय, प्रकाशकः रत्न पुस्तक भण्डार, भोटाहिटी, काठमाडौं, पृ.१३७

[४८] Gaur, K.D. (2003), Criminal Law & Criminology, Published by; DEEP & DEEP PUBLICATIONS PVT. LTD, F-159, RAJOURI GARDEN, NEW DELHI-110027, p.23-27

[४९] G. Williams, A Textbook of Criminal Law (2nd ed.), London, pp.49-50, उद्धृत गरिएको प्रधानाङ्ग, रजितभक्त र पोखरेल, मेघराज, (२०५३), फौजदारी कानूनको सामान्य परिचय, प्रकाशकः रत्न पुस्तक भण्डार, भोटाहिटी, काठमाडौं, पृ.१३९

[५०] https://indianlegalsolution.com/abetment-2/, हेरिएको मितिः२०७७/१२/१२

### ४.६.२ षड्यन्त्रबाट दुरुत्साहन (Abetment by Conspiracy )[५१]

कुनै पनि गैरकानूनी कार्य गर्नको लागि दुई वा दुईभन्दा बढी व्यक्तिहरूबिच भएको सम्झौतालाई नै षड्यन्त्र भनिन्छ। सामान्यतयाः कुनै अपराध गर्ने मनसाय राख्नु मात्रले षड्यन्त्रको सम्पूर्ण उद्देश्य पूरा हुन सक्दैन। षड्यन्त्र हुनको लागि षड्यन्त्रकारीहरू आफैं सक्रिय भई उनीहरूले आपसमा अपराध गर्ने कार्यको लागि सम्झौता र तयारी गरेको हुनुपर्दछ। यस्तो कार्य जुन षड्यन्त्रकारीहरूले घटाउनको लागि षड्यन्त्र गरेको हुन्छ र त्यो कार्य आफैंमा गैरकानूनी र सजाययोग्य हुन्छ। यसरी षड्यन्त्रकारीहरूबिच अपराध घटाउनका लागि तयारी गरिएको षड्यन्त्रको योजनाबाट सृजना हुने दुरुत्साहन यस प्रकारको दुरुत्साहनअन्तर्गत पर्दछ।

### ४.६.३ सहयोगबाट दुरुत्साहन (Abetment by Aid)[५२]

कुनै पनि अपराध गर्नको लागि अपराधीलाई मनसायपूर्वक सहयोग गर्नु नै सहयोगबाट गरिएको दुरुत्साहन हो। यस प्रकारको दुरुत्साहनमा दुरुत्साहनकर्ताले अपराधको लागि कुनै न कुनै प्रकारको सहजीकरण वा सहयोग गरेको हुन्छ। अपराधीलाई सहजीकरण तथा सहयोग गर्ने मनसाय यस प्रकारको दुरुत्साहनमा महत्त्वपूर्ण हुन्छ।

### ४.६.४ औपचारिक नियम विपरीत कर्तव्य बिमुखताबाट दुरुत्साहन (Abetment by Illegal Omission)[५३]

जब कुनै व्यक्ति कुनै कार्य गर्न कानूनी रुपमा बाध्य हुन्छ। तर जानीजानी सो कार्य गर्नबाट आफूलाई रोक्दछ भने त्यो व्यक्ति औपचारिक नियम विपरीत कर्तव्य बिमुखताबाट हुने दुरुत्साहनको लागि उत्तरदायी हुन्छ। औपचारिक नियम विपरीत कर्तव्य बिमुखताबाट हुने दुरुत्साहनमा कानूनले कुनै कार्य गरोस् भन्ने अपेक्षा राखेको हुन्छ। तर सो अपेक्षाअनुसार कार्य गरिएको हुदैन। यस प्रकारको दुरुत्साहनमा अभियुक्तले जानीबुझी अपराध गर्नको लागि कुनै पनि प्रकारको सहजीकरण वा सहयोग गरेको हुदैन तर कानूनी रुपमा पालना गर्नुपर्ने उत्तरदायित्वको उल्लङ्घन गरेको हुन्छ। यसप्रकार कानूनी उत्तरदायित्व पालना नगरी सृजना भएको दुरुत्साहनलाई औपचारिक नियम विपरीत कर्तव्य बिमुखताबाट भएको दुरुत्साहन भनिन्छ।

### ४.७ दुरुत्साहनसम्बन्धी सामान्य नियमहरू[५४]

१. दुरुत्साहन अपूर्ण अपराधअन्तर्गत परे पनि अरु अपराध जस्तै स्वतन्त्र अपराध हो। अरु अपराधको दोष प्रमाणित वा अप्रमाणित हुनुसँग यसको कुनै सम्बन्ध हुदैन।

---

[५१] https://indianlegalsolution.com/abetment-2/, हेरिएको मितिः २०७७/१२/१२

[५२] https://indianlegalsolution.com/abetment-2/, हेरिएको मितिः २०७७/१२/१२

[५३] Vibhute, K I.(2014), P S A Pillai's CRIMINAL LAW, 12th Edition. Published by; Lexis Nexis, P.207

[५४] प्रधानाङ्ग, रजितभक्त र पोखरेल, मेघराज (२०५३), फौजदारी कानूनको सामान्य परिचय, प्रकाशकः रत्न पुस्तक भण्डार, भोटाहिटी, काठमाडौं, पृ.१९०

२. नाबालक वा होस् ठेगानमा नभएको व्यक्ति दुरुत्साहनको अपराधी कायम हुन सक्दैन।

३. दुरुत्साहनको परिणामस्वरुप दुरुत्साहीले उक्साएको परिणामभन्दा गम्भीर परिणाम दुरुत्साहन गरिएको व्यक्तिले निकाल्दछ भने पनि यदि उक्त परिणाम दुरुत्साहनकै कारण भएको छ भने उक्त गम्भीर कार्यसम्म दुरुत्साहन जोडिन पुग्दछ।

४. दुरुत्साहनकै परिणामस्वरुप दुरुत्साहन गरिएको व्यक्तिले अर्कै परिणाम घटाएमा समेत उक्त परिणामप्रति दुरुत्साहनकर्ताउपर दुरुत्साहनको दायित्व सिर्जना हुन पुग्दछ।

उपर्युक्त रुपमा आत्महत्या र दुरुत्साहनसम्बन्धी फरक फरक रुपमा उल्लेख तथा चर्चा गरिएका सैद्धान्तिक तथा अवधारणागत मान्यतानुसार दुरुत्साहनकर्ताले सल्लाह, आदेश, उत्तेजना, उक्साहट, अनुरोध, षडयन्त्र, कर्तव्य विमुखता, सहयोग र सहजीकरण आदिबाट आत्महत्या गर्नको लागि दुरुत्साहन दिनु नै आत्महत्या दुरुत्साहन हो। दुरुत्साहनकर्ताले आत्महत्या गर्नको लागि विभिन्न प्रकारका उत्तेजना, सल्लाह, उक्साहट, अनुरोध, बोली व्यवहार तथा कुनै पनि इसारा आदिको माध्यमबाट पीडितलाई मानसिक रुपमा उत्तेजनामा ल्याई वा पीडा दिई बाध्यात्मक रुपमा आत्महत्याको लागि मानसिक तयारी गराउनु नै आत्महत्या गर्नको लागि दुरुत्साहन दिनु हो। त्यसैगरी दुरुत्साहनकर्ताले विभिन्न प्रकारको षडयन्त्र गरेर वा कानूनले निर्धारण गरेको कर्तव्य पूरा नगरी कर्तव्य विमुख भई पीडितलाई आत्महत्या गर्नसम्मको अवस्था वा परिस्थितिको निर्माण गरिदिनु नै आत्महत्या गर्ने सम्मको परिस्थित सृजना गर्नु हो। अतः कसैले नियतवश वा जानीबुझी कसैलाई आत्महत्या गर्न मनोवैज्ञानिक रुपमा तयार पार्नु वा आत्महत्या गर्नको लागि बाध्य पार्न सक्ने परिस्थितिको निर्माण गरिदिनु वा गर्न लगाउनु नै आत्महत्या दुरुत्साहन हो। आत्महत्या दुरुत्साहनको लागि आपराधिक कार्य र आपराधिक मनसायको विद्यमानता हुन आवश्यक हुन्छ।

### ४.८ आत्महत्या दुरुत्साहनसम्बन्धी केही महत्त्वपूर्ण अन्तर्राष्ट्रिय अभ्यासहरु

आत्महत्या र आत्महत्या दुरुत्साहनबाट विश्वका मुलुकहरू कुनै न कुनै मात्रामा प्रभावित भएको पाइन्छ। विश्वमा सिभिल ल प्रणाली वा कमन ल प्रणाली वा मिश्रित प्रणाली मान्ने देशहरू छन्। यीमध्ये कुनै पनि प्रणाली मान्ने मुलुकहरूमा आत्महत्या र आत्महत्या दुरुत्साहन जस्ता अपराधहरूको क्रियाकलापहरू भई रहेको अवस्था छ। यसै सन्दर्भमा विशेष गरी विश्व स्वास्थ्य संगठनको प्रतिवेदन र विभिन्न अनुसन्धानात्मक लेखहरूको माध्यमबाट प्राप्त गरिएको केही मुलुकहरूको अभ्यासलाई प्रतिनिधिमूलक व्यवस्थाको रुपमा देहायअनुसार उल्लेख गरिएको छ।

### ४.८.१ भारत (India)[५५]

भारतीय दण्ड संहिता, १८६० मा भएको आत्महत्याको दुरुत्साहनसम्बन्धी व्यवस्था खासगरी कुनै पनि आपराधिक कार्य गर्न वा गराउनमा कुनै पनि मानिसको संलग्नता, सहभागिता र सहयोग हुनु हुदैन भन्ने सिद्धान्तबाट निर्देशित भएको पाइन्छ। यस संहिताको दफा १०७ ले दुरुत्साहनको परिभाषा गरेको छ। यस परिभाषाअनुसार दुरुत्साहन तीन प्रकारले गरिन्छ। जुन तीन वटा अवस्था पूरा भएको अवस्थामा कुनै अपराध सम्भव हुन्छ। पहिलोः उक्साहटबाट, दोस्रोः षडयन्त्रबाट र तेस्रोः मद्दतबाट। आत्महत्यासम्बन्धी फैसला गर्दा जहिले पनि भारतको सर्वोच्च अदालतले यस दफाको प्रयोग गर्ने गर्दछ। दुरुत्साहनलाई भारतीय दण्ड संहिताले दण्डनीय बनाएको छ। त्यसैगरी भारतीय दण्ड संहिता, १८६० को दफा ३०४ (ख) ले दाइजो प्रेरित हत्यालाई आत्महत्या दुरुत्साहनको सन्दर्भमा स्वीकार गरेको पाइन्छ। यस दफाअनुसार कुनै महिलाको जलेर वा शारीरिक चोटपटकका कारण वा कालगतिले बाहेक अन्य परिस्थितिका कारण विवाह गरेको सात वर्षभित्र मृत्यु हुन्छ र मृत्युको तत्काल अगाडि निजलाई पति वा पत्नीतर्फको कुनै नातेदारले दाइजोको विषयमा उत्पीडन गरिरहेको वा क्रुरता देखाइरहेको प्रमाणित हुन आएमा निज पति वा निजका नातेदारहरूले नै निजको मृत्यु गराएको मानिनेछ। यस्तो कसुर गर्ने व्यक्तिलाई सात वर्षदेखि जन्मकैदसम्मको सजाय हुन्छ। दफा ३०५ मा बालक वा मगज बिग्रेको व्यक्तिको आत्महत्या दुरुत्साहनसम्बन्धी व्यवस्था गरिएको पाइन्छ। यस दफाअनुसार कसैले १८ वर्षमुनिको बालक, मगज बिग्रेको व्यक्ति, होस ठेगानमा नरहेको व्यक्ति वा नशाग्रस्त व्यक्तिलाई आत्महत्या गर्न दुरुत्साहन गरेमा त्यस्तो दुरुत्साहन गर्ने व्यक्तिलाई दश वर्षदेखि आजन्म कैद वा मृत्युदण्ड र जरिवानासमेत हुन्छ। त्यसैगरी दफा ३०६ अनुसार दफा ३०५ मा उल्लिखित व्यक्तिबाहेक अन्य व्यक्तिहरूलाई आत्महत्या गर्न दुरुत्साहन गरेमा त्यस्तो व्यक्तिलाई बढीमा दश वर्ष कैद र जरिवाना हुन्छ भन्ने व्यवस्था छ।

### ४.८.२ जापान (Japan)

सन् १९९८ देखि सुरुवात भएको आर्थिक तथा व्यापारिक मन्दीसँगै जापानमा आत्महत्या गर्ने संख्यामा तुलनात्मक रुपमा उच्च बृद्धि भयो। यस समस्यालाई निराकरण गर्नको लागि सन् २००६ मा आत्महत्या रोकथाम ऐन (Suicide Prevention Act) लागु गरियो।[५६] यस ऐनको प्रमुख उद्देश्यहरु आत्महत्यालाई रोकथाम र आत्महत्याबाट मृत्यु भएका व्यक्तिहरुको आफन्त तथा परिवारहरुलाई सुधारात्मक मद्दत गर्नु

---

[५५] Keerthana. K, Roja K, A. Crttical Study on Abetment of Suicide, Child or Insane Person, International Journal of Pure and Applied Mathematics, vol.120(5), http://www.acadpubl.eu/hub/, हेरिएको मिति २०७७/१२/०२

[५६] https://econtent.hogrefe.com/doi/full/10.1027/0227-5910/a000599, हेरिएको मितिः २०७८/०३/२०

रहेको पाइन्छ।[५७] आत्महत्या रोकथाम ऐनको आधारमा सन् २००७ मा मन्त्रिपरिषद्ले आत्महत्याविरुद्ध लड्ने उपायहरुलाई दिशानिर्देश गर्नको लागि आत्महत्या रोकथामको सामान्य सिद्धान्तहरु (General Principles of Suicide Prevention ) लाई ग्रहण गर्‍यो।[५८] यस ऐनले आत्महत्यालाई कसुर घोषणा नगरे पनि आत्महत्याको रोकथामको लागि थप अनुसन्धान गर्नुपर्ने र आफ्ना कर्मचारीहरूलाई रोजगार दिने निकायहरूले मानसिक स्वास्थ्य स्याहारसँग सम्बन्धित सेवाहरू उपलब्ध गराउनुपर्ने जस्ता व्यवस्थाहरू गरेको पाइन्छ।

### ४.८.३ संयुक्त राज्य अमेरिका (United State of America)

अमेरिकाको सबैजसो राज्यहरूमा आत्महत्या गर्नको लागि सहयोग गर्ने, वा नेदि सल्लाह निर्धारण सजाय कार्यलाई गर्ने दुरुत्साहन गरिएको पाइन्छ। तर अमेरिकाको California (End of Life Option Act; approved in 2015, in effect from 2016), Colorado (End of Life Options Act; 2016), District of Columbia (D.C. Death with Dignity Act; 2016/2017), Hawaii (Our Care, Our Choice Act; 2018/2019) Maine (Death with Dignity Act; 2019), New Jersey (Aid in Dying for the Terminally Ill Act; 2019), New Mexico (Elizabeth Whitefield End of Life Options Act; 2021), Oregon (Death with Dignity Act; 1994/1997), Vermont (Patient Choice and Control at the End of Life Act; 2013) र Washington (Death with Dignity Act; 2008) राज्यहरूमा चिकित्सकको सहयोगमा गरिने आत्महत्या (Physician – Assisted Suicide) लाई कानूनी मान्यता प्रदान गरिएको छ[५९] भने Montana र California राज्यमा अदालतको फैसलाबाट मान्यता प्राप्त भएको छ।[६०] अमेरिकाको Oregon State मा सर्वप्रथम चिकित्सकको सहयोगको माध्यमबाट गरिने आत्महत्यालाई कानूनी मान्यता प्रदान गर्ने कानून (Death with Dignity Act; 1994/1997) को निर्माण भयो र तत्पश्चात नौवटा अन्य राज्यहरुमा पनि क्रमशः आत्मसम्मानको साथ मृत्युवरण गर्न सकिने कानूनहरु (Death with Dignity laws) कार्यान्वयनमा आयो। यस कानून (Death with Dignity Act; 1994/1997) अनुसार १८ बर्ष उमेर पूरा भएको, Oregon राज्यको स्थायी बासिन्दा भएको, आफ्नो स्वास्थ्यको सम्बन्धमा आफैं निर्णय गर्ने क्षमता भएको, कहिले निको नहुने रोगको कारणले ६ महिनाभित्र मृत्यु हुन सक्ने रोगी व्यक्तिले मात्र चिकित्सकको सहायताले मृत्युवरण गर्न योग्य हुन्छ। चिकित्सकको सहयोगमा गरिने मृत्युवरणको लागि रोगी व्यक्तिले कम्तीमा १५ दिनको अन्तरालमा

---

[५७] https://www.loc.gov/item/global-legal-monitor/2016-06-07/japan-basic-act-on-suicide-prevention-amended/, हेरिएको मितिः २०७८/०३/२०

[५८] https://jssc.ncnp.go.jp/file/pdf/2015-1101_GeneralPlinciples.pdf, हेरिएको मितिः २०७८/०३/२०

[५९] https://deathwithdignity.org/learn/death-with-dignity-acts/, हेरिएको मितिः २०७८/०३/२०

[६०] https://edition.cnn.com/2014/11/26/us/physician-assisted-suicide-fast-facts/index.html, हेरिएको मितिः २०७८/०३/२०

चिकित्सकलाई दुई पटक मौखिक अनुरोध र दुई जना साक्षीहरुको उपस्थितिमा चिकित्सकलाई लिखित अनुरोध गरेको हुनुपर्ने जस्ता प्रक्रियाहरु पूरा गरेको हुनुपर्दछ। यसरी कानूनबमोजिम अनुरोध गरेमा रोगी व्यक्तिलाई चिकित्सकले कुनै ज्यान लिने घातक औषधी प्रयोग गर्न सिफारिस गर्न सक्ने तर स्वयम् आफैंले विष खुवाउन वा खुवाउन लगाउन पाइँदैन।[६१]

### ४.८.४ क्यानडा (Canada)

सन् १९७२ भन्दा पहिले क्यानडामा आत्महत्या र आत्महत्याको उद्योगलाई फौजदारी कसुरको रुपमा लिइन्थ्यो । तर सन् १९७२ मा कुनै पनि व्यक्तिले आत्महत्या वा आत्महत्याको उद्योग गरेमा त्यस्तो कार्य गरेवापात कुनै पनि प्रकारको आपराधिक दायित्व वा फौजदारी कसुर नहुने व्यवस्था क्यानडाको अपराध संहिताले गऱ्यो । तर अपराध संहिताको दफा २४१(ख) अनुसार कुनै पनि प्रकारको सहयोगीको सल्लाह वा सहयोगबाट गरिने आत्महत्या अपराध हुन्छ। कुनै पनि व्यक्तिले अर्का व्यक्तिलाई आत्महत्या गर्नको लागि सल्लाह वा सहयोग गरेमा त्यस्तो व्यक्तिलाई १४ वर्षसम्मको कारावास हुन्छ, चाहे त्यस्तो आत्महत्याको प्रयास सफल होस् वा नहोस्। सन् १९९३ मा Sue Rodrigue (Rodriguez v. British Columbia, 1993) ले सहयोगीको माध्यमबाट गरिने आत्महत्याउपर भएको प्रतिबन्धलाई कानूनी चुनौती दिइन्। तर क्यानडाको सर्वोच्च अदालतले यस प्रतिबन्धलाई यथास्थितिमा राख्यो। सन् १९९४ मा उनले कुनै अज्ञात चिकित्सकको सहयोगमा मृत्यवरण गरिन्। ०६ फेब्रुअरी २०१५ मा Carter v. Canada को मुद्दामा क्यानडाको सर्वोच्च अदालतले सर्वसम्मतिमा क्यानडामा चिकित्सकको सहयोगमा गरिने आत्महत्या र इच्छा मृत्यू (euthanasia) उपर भएको प्रतिबन्ध हटायो। अपराध संहिताले लगाएको प्रतिबन्ध Canadian Charter of Rights and Freedon को धारा ७ मा व्यवस्था भएको व्यक्तिको जीवनको अधिकार, स्वतन्त्रता र सुरक्षाको प्रतिकूल भएकोले सर्वोच्च अदालतले यसलाई असंबैधानिक ठहर गऱ्यो। अतः सर्वोच्च अदालतको फैसलाबाट क्यानडाको फौजदारी कानूनमा परिवर्तन आयो र चिकित्सकको मद्दतबाट गरिने आत्महत्यालाई कानूनी मान्यता प्रदान गरियो।[६२]

## ४.९ आत्महत्या दुरुत्साहनसम्बन्धी भारतीय सर्वोच्च अदालतले गरेका केही महत्त्वपूर्ण फैसलाहरु थानुराम वि. मध्ये प्रदेश राज्य (निर्णय मिति: ५ अक्टोबर, २०१०)[६३]

यसमा प्रतिवादी थानुरामको मृतक हिराबाईसँग सन् १९८४ मा विवाह भएकोमा १९८८ मा निजको श्रीमतीले आफैं मट्टितेल खन्याई आगो लगाइ आत्महत्या गर्छिन्। अस्पतालमा मर्नुपूर्व दिएको मृत्युकालीन

---

[६१] https://www.oregon.gov/oha/PH/PROVIDERPARTNERRESOURCES/EVALUATIONRESEARCH/DEATHWITHDIGNITYACT/Documents/requirements.pdf, हेरिएको मितिः २०७८/०३/२०

[६२] https://www.thecanadianencyclopedia.ca/en/article/suicide, हेरिएको मितिः २०७८/०३/२०

[६३] Thanu Ram vs State Of M.P on 5 October, 2010 (indiankanoon.org), हेरिएको मितिः २०७८/०३/२२

वक्तव्यमा पति र सासु, ससुराको उत्पीडन सहन नसकी आफूले आत्महत्या गरेको बताएकी थिइन्। सेशन कोर्टले आत्महत्यामा बाध्य पारेबापत पति, निजको बाबु र आमालाई ३ देखि ५ वर्षको कठोर काराबासको सजाय दिएको थियो। तर पछि हाईकोर्टले प्रतिवादीको बाबुलाई सफाइ दिई अन्यको हकमा सजाय सदर गर्‍यो। यसमा अदालतले आत्महत्या गर्ने महिला ६ महिनाकी गर्भवती रहेको, सो कुरा प्रतिवादी पक्षलाई जानकारी रहेको र त्यसका बावजुद दाइजोको नाममा मानसिक पीडा दिने काम गरेकाले पेटमा बच्चा भएको महिलाले सहनै नसकी आफैंलाई र भावी सन्तानलाई मार्ने कठोर निर्णय लिएको देखिँदा प्रतिवादीउपर कसुर ठहर भएको देखिन्छ।

**सत्वीर सिंहसमेत वि. पञ्जाब राज्य, (निर्णय मिति २७ सेप्टेम्बर, २००१)**[६४] यसमा प्रतिवादी सत्वीर सिंहको विवाह सन् १९९२ मा मृतक तेजिन्दर पालसँग भएको रहेछ। निजहरुको शारीरिक सम्पर्कबाट २ वटा छोरा पनि जन्मिए। वारदातको रात खाना खाँदा सलादमा नुन चर्को भएको कुरामा पति, सासु र ससुरा मिलेर उनलाई हप्काए। दाइजोमा घर र कार नदिएको भनेर उनलाई विवाहको ४ महिनापछि नै सताउन थालिएको थियो। सोही विवादमा उनका पति अर्थात् प्रतिवादी सत्वीर सिँहले तँ रेलमा हाम फालेर किन मर्दिनस् भनेर गाली गलौज गरे सो कुराले उनलाई गम्भीर बनायो र जुन १७, १९९६ को राति उनले गुडिरहेको रेलको अगाडि हाम फालेर ज्यान लिने कोसिस गरिन्। तर उनको तत्काल मृत्यु भएन। दुःख पाएर वारदातको १ वर्षपछि उनको मृत्यु भयो। यसमा निजका पति, सासु र ससुरा समेतउपर अभियोग लगाइएकोमा उच्च अदालतबाट जनही ५ वर्ष कैद र १५ हजार जरिवाना हुने गरी सजाय तोकियो। विवाद मिलाउनका लागि मृतकका बाबुले ज्वाईलाई रु.२० हजार दाइजो पछि थप गरिदिएको तथ्य वादी पक्षका साक्षीबाट पुष्टि भएको र वारदातको रात आफूले मृतकलाई हप्काएको कुरा प्रतिवादीहरुले स्वीकार गरेकाले अदालतले सजायमा लचकता (Leniency) देखाएको देखिन्छ।

**कुण्डुला बालसुब्रमण्ययसमेत वि. आन्ध्र प्रदेश राज्य (निर्णय मितिः २६ मार्च, १९९३)**[६५] यसमा २३ अगस्त, १९८१ को राति १ बजेतिर प्रतिवादीका नवविवाहित श्रीमती, वर्ष १८ की कुण्डुला कोटी नागबनी कराएको आवाज आई छिमेकीहरु घरमा आई हेर्दा प्रतिवादी र निजको आमा, बाबु हतार हतार किचेन कोठाबाट बाहिर निस्किरहेको र मृतक किचेनकै भुईंमा जलिरहेकी थिई। छिमेकीहरुले के भयो भनी सोध्दा थाहा नपाए जस्तो गरेको र मृतकको ज्यान बचाउन कुनै कोसिस नगरेको। एकजना साक्षीले मर्न लागिरहेको मृतकलाई पानी पिलाउँदा मृतकले आफ्नो सासुले आफूमाथि मट्टितेल खन्याएको र पतिले आगो लगाएको भनी बताएकी भनी वकपत्र गरेको रहेछ। प्रतिवादीहरुले आत्महत्याको जिकिर लिएकोमा सेशन कोर्टले प्रतिवादीहरुलाई सफाइ दिएकोमा हाइकोर्टले कसुरदार ठहर गरेको देखिन्छ। त्यसमाथि सर्वोच्च

---

[६४] Satvir Singh And Ors vs State of Punjab and Anr on 27 September 2001 (indiankanoon.org), हेरिएको मितिः २०७८/०३/२२

[६५] Womens_Empowerment_Legislation_Judicial Decisions.pdf (ncwapps.nic.in), हेरिएको मितिः२०७८/०३/२२

अदालतमा पुनरावेदन परेकोमा सर्वोच्च अदालतले मृतकलाई मर्न लागिरहेको समयमा भेट्ने साक्षीहरुको अदालती वयान र अन्य परिस्थितिजन्य प्रमाणबाट वारदात आत्महत्या नभई हत्या ठहरिने भनी फैसला गरेको देखिन्छ। यसमा वारदातमा प्रतिवादीहरुको सक्रिय संलग्नता देखिएको र मौकामा फरारसमेत रहेकोले निजहरुलाई जन्म कैद गर्ने हाइकोर्टको फैसला परिवर्तन गरिरहनु नपर्ने निर्णय भएको पाइन्छ।

**जिएम रेड्डी वि. आन्ध्रप्रदेश राज्य, (निर्णय मितिः जनवरी ५, २०१०)**[६६] यसमा प्रतिवादी जिएम रेड्डीले आफूले काममा लगाएको कृषि मजदुर रामुलुलाई गहना चोरेको आरोप सार्वजनिक रुपमा लगाइ निजको बेइज्जती गर्छन् र पहिले आफूले दिएको रु.७ हजार ऋणसमेत तत्काल फिर्ता माग्छन्। यसबाट रन्थनिएका पीडितले २ दिनपछि आत्महत्या गर्छन्। सुरु अदालतबाट प्रतिवादीले सफाइ पाउने ठहर गरेकोमा मृतक दैनिक जीवनका सामान्य घटनाक्रमप्रति पनि असामान्य रुपमा संवेदनशील पाइयो। प्रत्येक व्यक्तिको संवेदनशीलताको स्तर फरक हुन्छ। समान अवस्थामा पनि विभिन्न व्यक्तिहरुले विभिन्न थरी प्रतिकृया देखाउँछन्। मृतकलाई आत्महत्या नगरी नहुने अवस्थामा प्रतिवादीले पुऱ्याएको भन्ने अभियोग दावीसँग सहमत हुन नसकिएको भनी निर्णय भएको पाइन्छ।

**महेन्द्र सिंहसमेत वि. मध्यप्रदेश राज्य, (निर्णय मिति – फेब्रुअरी ७, १९९५)**[६७] यसमा प्रतिवादी महेन्द्र सिंहको मृतक श्रीमती खेमा बाईले आफ्नो मृत्युकालीन घोषणामा मेरो नन्द, सासु र श्रीमान मिलेर मलाई कुटपिट र गालीगलौज गर्छन्, मेरो श्रीमानले अर्कीसँग बिहे गर्न चाहन्छ, निजको आफ्नै बहिनीसँग अनैतिक सम्बन्ध छ, त्यसैले म जीवनबाट वाक्क भएर आगो लगाइ मर्न गइरहेकी छु भन्ने लेखेको र अदालतबाट प्रतिवादीले सफाइ पाउने निर्णय भएकोमा सोउपर पुनरावेदन पर्दा मृत्युकालीन घोषणा निश्चयात्मक प्रमाण होइन, यसमा मृतकको भनाइलाई जिरह गर्ने अवसर प्रतिवादीले नपाउने हुँदा Equality of Arms हुदैन। अन्य खम्बीर प्रमाणको अभावमा मृतकको वक्तव्यको मात्र आधारमा दोषी ठहर गर्न नमिल्ने भनी निर्णय भएको पाइन्छ।

**फौजदारी अपिल नं. ६१८ रमेश कुमार वि.छत्तीसगढ राज्य (निर्णय मिति १७ अक्टोवर, २००१)**[६८] यसमा प्रतिवादी रमेश कुमारसँग मृतक सीमादेवीको विवाह सन १९८५ मा भयो र अर्को वर्ष उनले जीउमा मट्टितेल खन्याई, आगो लगाइ आत्महत्या गरिन्। मर्नुपूर्व उनले एक सुसाइड नोट तयार पारी पति रमेश कुमारलाई एक हस्तलिखित चिठी पनि लेखिन्। त्यसमा आफ्नो माइतीले दिएको दाइजोको सामान कमसल रहेको भनी घरपट्टिकाले दिनरात सताउने कुरा उल्लेख थयो। यस मुद्दामा अदालतले प्रतिवादीले रिसको

---

[६६] Gangula Mohan Reddy vs State Of A.P on 5 January, 2010 (indiankanoon.org), हेरिएको मितिः२०७८/०३/२२

[६७] delhicourts.nic.in, हेरिएको मितिः २०७८/०३/२२

[६८] delhicourts.nic.in, हेरिएको मितिः २०७८/०३/२२

आवेगमा – तिमी जे मन लाग्छ त्यो गर्न र जहाँ जान मन लाग्छ त्यहाँ जान सक्छौ भनी हप्काएको र त्यसको तत्कालपछि मृतकले आत्महत्या गरेको देखिन्छ। त्यति मात्र कार्यलाई एक वयस्कलाई आत्महत्या गर्न उक्साएको वा बाध्य पारेको वा आत्महत्या नगरी नहुने अवस्थामा पुऱ्याएको भनी अर्थ गर्न मिल्दैन, क्षणिक आक्रोशमा परिणाम नचिताइकन बोलेका शव्दहरुलाई दुरुत्साहनअन्तर्गत राख्न नमिल्ने भन्ने आधारमा प्रतिवादीले सफाइ पाउने ठहर गरेको थियो।

यसप्रकार, भारतीय सर्वोच्च अदालतको न्यायिक दृष्टिकोण हेर्दा मृतकलाई आत्महत्या गर्न बाध्य पार्ने मुद्दाहरुमा अधिकांश अवस्थामा प्रमाणको अभावमा प्रतिवादीहरुले सफाइ पाउने र प्रतिवादीले दिएको दबाव र तनाव सामान्य समझ (General Conscience) भएको मानिसलाई समेत आत्महत्या गर्न बाध्य पार्नेसम्मको थियो भनी इजलासलाई शंकारहित तवरबाट विश्वस्त भए मात्र अभियोग ठहर गर्ने न्यायिक अभ्यास रहेको देखिन्छ। यसै पनि भारतीय अदालतहरुले प्रतिवादीलाई शंकाको सुविधा केही बढी नै दिने भनी टिप्पणी भएको पाइन्छ।

यसै सन्दर्भमा मुम्बई हाइकोर्टले आत्महत्या गर्न बाध्य पारेको एक मुद्दामा हालै गरेको आदेश विचारणीय देखिन्छ। यस मुद्दामा प्रतिवादीहरु रजक हाला मयुर पालनले भाविक ढाण्ड भन्ने व्यक्तिलाई कर्जा सापटी दिएकोमा मृतकले अन्य व्यक्तिसँग पनि कर्जा लिएको रहेछ। प्रतिवादी द्वयले आफ्नो रकम तिर्न मृतकलाई मार्च १५, २०१४ मा धम्की दिदै हातपातसमेत गरेकोमा पीडितले मार्च १९, २०१४ मा आत्महत्या गरेको कारण प्रतिवादीउपर भारतीय दण्ड संहिताको दफा ३०६ बमोजिम अभियोग लगाइ मुद्दा चलाइएकोमा अदालतले मानिसहरुले विभिन्न कारणले आत्महत्या गर्न सक्ने, उक्त कारण अदृष्यसमेत हुन सक्ने, सबै आत्महत्याका वारदातमा दुरुत्साहन नै गरेको वा अरु कसैले बाध्य नै पारेको भनी पूर्वानुमान गर्नु घातक हुने भन्दै थुनछेक आदेशमा प्रतिवादीहरु धरौटीमा छुट्ने निर्णय गरेको थियो।

वस्तुत: आत्महत्या हाम्रो समाजमा पहिलेदेखि नै एक नरमाइलो सत्य (Unpleasant Truth) को रुपमा रहेको छ। आत्महत्याको प्रकोपबाट कुनै मुलुक अछुतो छैन। कतिपय आत्महत्या स्वतन्त्र प्रकृतिका हुन्छन् भने कतिपय वारदातमा बाह्य तत्त्वसमेत विद्यमान हुन्छन्। अचेल आत्महत्यालाई मनोसामाजिक परामर्श र जनस्वास्थ्यको एक अहम् मुद्दाको रुपमा समेत हेर्न थालिएको छ। यस सन्दर्भमा प्रत्येक वर्ष १० सेप्टेम्बरलाई विश्व आत्महत्या निवारण दिवसको रुपमा मनाउन थालिएको तथ्य स्मरणीय रहेको छ।

## ४.१०. आत्महत्या दुरुत्साहनसम्बन्धी अन्तर्राष्ट्रिय र राष्ट्रिय कानूनी व्यवस्था

### ४.१०.१ अन्तर्राष्ट्रिय कानूनी व्यवस्था

आत्महत्या दुरुत्साहनको सम्बन्धमा अन्तर्राष्ट्रिय कानूनमा प्रत्यक्ष रुपमा उल्लेख गरिएको पाइदैन। तर पनि मानव अधिकारको विश्वव्यापी घोषणापत्र र नेपाल पक्ष भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी

अन्तर्राष्ट्रिय अनुबन्धले व्यक्तिको स्वतन्त्र रुपले जीवन बाँच्न पाउने अधिकारको सम्बन्धमा प्रत्यक्ष रुपमा बोलेको पाइन्छ। यस अन्तर्राष्ट्रिय दस्तावेजले व्यवस्था गरेको व्यक्तिको बाँच्न पाउने अधिकार आत्महत्या दुरुत्साहनको पीडितसँग पनि स्वतः सरोकार रहने भएकोले यस व्यवस्थाको देहायअनुसार उल्लेख गरिएको छ।

#### ४.१०.१.१ मानवअधिकारको विश्वव्यापी घोषणापत्र

मानव अधिकारसम्बन्धी पहिलो आधिकारिक अभिलेखको रुपमा मानिने यस घोषणापत्रमा हरेक मानिसलाई जीवन, स्वतन्त्रता र व्यक्तिगत सुरक्षाको अधिकार हुने[६९] व्यवस्था गरेको पाइन्छ।

#### ४.१०.१.२ नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध

यस अन्तर्राष्ट्रिय अनुबन्धले हरेक व्यक्तिलाई बाँच्न पाउने अन्तर्निहित अधिकार रहने, यस्तो अधिकारको रक्षा कानूनद्वारा गरिने र कसैलाई पनि जीवनबाट जथाभावी बञ्चित नगरिने[७०] व्यवस्था गरेको पाइन्छ।

### ४.१०.२ राष्ट्रिय कानूनी व्यवस्था

आत्महत्या दुरुत्साहनसम्बन्धी नेपालको संविधानमा प्रत्येक्ष व्यवस्था नगरे तापनि मुलुकी अपराध संहितामा प्रत्यक्ष रुपमा आत्महत्या गर्न दुरुत्साहन दिन नहुनेसम्बन्धी व्यवस्था गरेको पाइन्छ। ती प्रमुख व्यवस्थाहरूलाई निम्नलिखित रुपमा उल्लेख गरिएको छ।

#### ४.१०.२.१ नेपालको संविधान (२०७२)

संविधान सभाबाट नेपालको संविधान जारी भएको पहिलो संविधान हो। यस संविधानमा प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुने व्यवस्था मौलिक हकको रुपमा व्यवस्था गरिएको छ।[७१]

#### ४.१०.२.२ मुलुकी अपराध संहिता, २०७४

कसैले कसैलाई आत्महत्या गर्न दुरुत्साहन दिन वा त्यस्तो काम गर्नेसम्मको परिस्थिति खडा गर्न वा गराउनु हुदैन। सोबमोजिम कसुर गर्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना हुने[७२] व्यवस्था यस संहितामा गरिएको छ।

---

[६९] मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८, धारा ३

[७०] नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६, धारा ६(१)

[७१] नेपालको संविधान, धारा १६(१)

[७२] मुलुकी अपराध संहिता, २०७४, दफा १८५

# परिच्छेद - पाँच

## ५. आत्महत्या दुरुत्साहनसम्बन्धी फैसलाहरूको प्रवृत्तिको विश्लेषण र व्याख्या

प्रस्तुत अध्ययनमा जिल्ला अदालतबाट आत्महत्या दुरुत्साहनसम्बन्धी भएका फैसलाहरुलाई देहाय अनुसारको स्तम्भ चित्रहरु अनुसार विश्लेषण र व्याख्या गरिएको छ ।

### ५.१ आत्महत्या दुरुत्साहनसम्बन्धी मुद्दाको थुनछेक आदेशको प्रकार र अवस्था




यस तथ्याङ्क अनुसार आत्महत्या दुरुत्साहनसम्बन्धी मुद्दाको थुनछेक आदेश हुँदा जम्मा अठ्ठाइस वटा मुद्दाहरूमध्ये चौध वटा अर्थात् ५०% मुद्दामा प्रतिवादीलाई अभियोग दावीको कसुरमा संलग्नता नरहेको भनी बिश्वास गर्न सकिने अवस्था नदेखिएकाले पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७(१)(ख) बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने थुनछेक आदेश दिइएको पाइयो। तेह्र वटा मुद्दा अर्थात् ४६% मुद्दामा प्रतिवादीलाई कसुरदार होइनन् भनी मान्न सकिने मनासिव आधार नदेखिएकाले पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाललाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम नगद वा सो बराबरको जेथा जमानत दिए तारेखमा राख्नु धरौटी दिन नसके थुनामा राख्ने थुनछेक आदेश गरिएको पाइयो। त्यसैगरी एउटा मुद्दा अर्थात् चार प्रतिशत मुद्दामा मात्र प्रतिवादीलाई थुनामा राखी मुद्दा पुर्पक्ष गर्नुपर्ने विद्यमानता नदेखिँदा पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने नै हुँदा हाल प्रतिवादीलाई फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६९ बमोजिम साधारण तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्नु भन्ने थुनछेक आदेश गरिएको पाइयो।

## ५.२ आत्महत्या दुरुत्साहनसम्बन्धी मुद्दाको थुनछेक आदेशमा धरौट तथा जमानतको लागि माग गरिएको रकमको प्रकार र अवस्था




थुनछेक आदेश अनुसार धरौट वा जमानतको रकम माग गरेको जम्मा तेह्र वटा मुद्दाहरूमध्ये पाँचवटा अर्थात् ३८.४६% मुद्दामा प्रतिवादीलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७२ समेतलाई दृष्टिगत गरी दफा ६८ बमोजिम रु. एक लाखदेखि बढी धरौट जमानत मागिएको पाइयो। पाँचवटा अर्थात् ३८.४६% मुद्दामा प्रतिवादीलाई थुनामा नै राखी मुद्दाको पुर्पक्ष गर्नुपर्ने सम्मको अवस्था नदेखिँदा पछि थप प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाल मुलुकी फौजदारी कार्याविधि संहिता, २०७४ को दफा ६८ बमोजिम पचास हजार रुपैयाँ धरौट वा जमानत माग गरेको पाइयो। तीन वटा अर्थात् २३% मुद्दामा थप प्रमाण बुझ्दै जाँदा ठहरे वमोजिम हुने गरी हाललाई प्रतिवादीलाई फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ वमोजिम नगद रु. पचास हजार रुपैयाँदेखि एकलाख रुपैयाँसम्म धरौट वा जमानत माग गरिएको पाइयो।

### ५.३ आत्महत्या दुरुत्साहनसम्बन्धी फैसलाको अवस्था




अठ्ठाइस वटा मुद्दाहरूमध्ये पन्ध्र वटा अर्थात् ५४% मुद्दामा प्रतिवादी उपर मुलुकी अपराध संहिता, २०७४ को दफा १८५(१) को कसुर गरेको नदेखिँदा प्रतिवादीले अभियोग मागदावीबाट सफाइ पाउने ठहर्छ भनी फैसला गरेको पाइयो। तेह्र वटा अर्थात् ४६% मुद्दामा प्रतिवादीले अभियोग मागदावी अनुसार मुलुकी अपराध संहिता, २०७४ को दफा १८५(१) बमोजिमको कसुर ठहर्छ भनी फैसला गरेको पाइयो।

### ५.४ आत्महत्या दुरुत्साहनसम्बन्धी मुद्दाको फैसला गर्दा आत्महत्या दुरुत्साहनसम्बन्धी सिद्धान्त/अवधारणागत (दुरुत्साहनको अर्थ र परिभाषा, आत्महत्या दुरुत्साहनसम्बन्धी अन्तर्राष्ट्रिय कानूनी व्यवस्था र अभ्यासहरुको सान्दर्भिक चर्चा) पक्षको व्याख्या तथा उल्लेख गरिएको अवस्था



अठ्ठाइस वटा मुद्दामध्ये तीन वटा अर्थात् ११% मुद्दामा मात्र फैसला गर्ने क्रममा आत्महत्या दुरुत्सहनसम्बन्धी सिद्धान्त/अवधारणागत पक्षको व्याख्या तथा उल्लेख गरिएको पाइयो। यसरी आत्महत्या दुरुत्साहनसम्बन्धी सिद्धान्त/अवधारणागत (दुरुत्साहनको अर्थ र परिभाषा, आत्महत्या दुरुत्साहनसम्बन्धी अन्तर्राष्ट्रिय कानूनी व्यवस्था र अभ्यासहरुको सान्दर्भिक चर्चा) पक्षको व्याख्या तथा उल्लेख गरेको पाइयो। त्यसैगरी पच्चिस वटा अर्थात् ८९% मुद्दामा आत्महत्या दुरुत्साहनसम्बन्धी सिद्धान्त/अवधारणागत पक्षको व्याख्या तथा उल्लेख नगरी मुद्दाको फैसला गरिएको पाइयो।

## ५.५ कसुर ठहर गरी फैसला गर्दा ग्रहण गरिएको प्रमाणको प्रकार र अवस्था




तेह्र वटा कसुर ठहर भएको मुद्दामध्ये एघार वटा अर्थात् ८५% मुद्दामा प्रत्यक्ष प्रमाणको आधारमा अभियोगपत्र अनुसार कसुर ठहर हुने गरी फैसला गरिएको पाइयो। यसरी कसुर ठहर गरी फैसला गर्दा मृतक आफैंले लेखेको सुसाइड नोट/मृत्युअघि लेखेको पत्र, मृतकले आफूले भोगेको पीडा लेखिएको डायरी, मृतक र प्रतिवादीबिच विभिन्न बिद्युतीय माध्यमबाट भएको कुराकानी, जाहेरी दरखास्तलाई पुष्टि हुने गरी जाहेरवाला र वादी तर्फका साक्षीहरूले अदालतसमक्ष गरिदिएको बकपत्र, विष सेवनपश्चात् उपचार गरी मृत्यु नभएको पीडितको बकपत्र, घटनाको तथ्यलाई स्वीकार गरिदिएको प्रतिवादीको बयान र प्रतिवादी साक्षीहरूको अदालतसमक्षको बकपत्र आदिलाई अदालतले प्रत्यक्ष प्रमाणको रुपमा ग्रहण गरेको पाइयो। दुई वटा अर्थात् १५% मुद्दामा उल्लिखित प्रत्यक्ष प्रमाणहरूसँगै मृतकको सुत्ने कोठाबाट बरामद भएको प्रतिवादीको परिचय खुल्ने पर्स र मृतक श्रीमतीले मृत्युपूर्व प्रतिवादी श्रीमानले बारम्बार कुटपिट गरेको कारण देखाइ गाउँपालिकाको न्यायिक समितिमा दिएको निवेदनलाई आत्महत्या दुरुत्साहनको सन्दर्भमा परिस्थितिजन्य प्रमाणको रुपमा अदालतले ग्रहण गरेको पाइयो।

## ५.६ कसुरबाट सफाइ पाउने ठहर गरी फैसला गर्दा ग्रहण गरिएको प्रमाणको प्रकार र अवस्था




पन्ध्र वटा कसुरबाट सफाइ ठहर भएको सबै मुद्दा अर्थात् १००% मुद्दामा प्रत्यक्ष प्रमाणको आधारमा अभियोगपत्र अनुसार प्रतिवादीलाई अभियोग मागदावीबाट सफाइ ठहर्ने गरी फैसला गरिएको पाइयो। यसरी कसुरबाट सफाइ पाउने ठहर गरी फैसला गर्दा प्रतिवादीउपरको आरोप स्पष्ट नखुलेको नक्कली सुसाइड नोट/वैज्ञानिक परीक्षण नभएको सुसाइड नोट, प्रतिवादीको अनुसन्धान अधिकारी र अदालतसमक्ष गरेको इन्कारी वयान र प्रतिवादीको बयान पुष्टि हुने गरी प्रतिवादी तर्फको साक्षीहरूको बकपत्र, जाहेरी पुष्टि नहुने वा वादीदावी पुष्टि नहुने वादी साक्षीको बकपत्र, जाहेरवाला र वादी साक्षीहरुलाई उपस्थितिको लागि अदालतबाट पटक पटक भएको पत्राचार, मृतकको शव परीक्षण प्रतिवेदन, प्रतिवादी र मृतकबिच घटना भएको दिन फोनमा भएको कुराकानी, प्रतिवादी र मृतकबिच भएको एस.एम.एस., आदिलाई अदालतले प्रत्यक्ष प्रमाणको रुपमा ग्रहण गरेको पाइयो।

## ५.७ कसुर ठहर गरी फैसला भएको ६ वटा मुद्दामा मृतकले लेखेको सुसाइड नोट/आत्महत्या पत्र र डायरीलाई प्रत्यक्ष प्रमाणको रुपमा ग्रहण गरेको अवस्था




सुसाइड नोट र मृतकले मृत्युपूर्व लेखेको डायरीसमेतलाई प्रत्यक्ष प्रमाणको रुपमा ग्रहण गरी कसुर ठहर भएको ६ वटा मुद्दाहरूमध्ये ३ वटा अर्थात् ५०% मुद्दामा वैज्ञानिक रुपमा पुष्टि भएको सुसाइड नोट र मृतकले लेखेको डायरीलाई जाहेरी दरखास्तलाई पुष्टि हुने गरी वादी तर्फको साक्षीहरूले अदालतसमक्ष गरेको बकपत्रले समर्थन भएको आधारमा कसुर ठहर गरेको पाइयो। दुई वटा अर्थात् ३३% मुद्दामा सुसाइड नोट तथा डायरीलाई जाहेरी दरखास्तको व्यहोरालाई पुष्टि हुने गरी वादीका साक्षीले अदालतसमक्ष गरेको बकपत्र, प्रतिवादीले घटनाको तथ्यलाई स्वीकार गरी गरेको बयान र प्रतिवादी साक्षीले अदालतसमक्ष उपस्थित भई गरिदिएको बकपत्रले समर्थन गरेको आधारमा कसुर ठहर गरेको पाइयो। एक वटा अर्थात् १७% मुद्दामा मृतक र प्रतिवादीबिच विद्युतीय माध्यमबाट भएको कुराकानीले सुसाइड नोट/डायरीलाई समर्थन गरेको आधारमा कसुर ठहर गरेको पाइयो। कसुर ठहर गर्दा सुसाइड नोट वा डायरीलाई मात्र प्रत्यक्ष प्रमाणको रुपमा ग्रहण गरिएको मुद्दाको संख्या शून्य अर्थात् शून्य प्रतिशत रहेको पाइयो।

**५.८ कसुरबाट सफाइ पाउने ठहर गरी फैसला भएको तीन वटा मुद्दामा मृतकले लेखेको सुसाइड नोट/आत्महत्या पत्र र डायरीलाई प्रत्यक्ष प्रमाणको रुपमा ग्रहण गरेको अवस्था**




तीन वटा मुद्दाहरूमध्ये दुईवटा अर्थात् ६७% मुद्दामा सुसाइड नोटको वैज्ञानिक परीक्षण नगरिएको र प्रतिवादीउपरको आरोप सो सुसाइड नोटमा अस्पष्ट भएको र प्रतिवादीले मृतकलाई विद्युतीय माध्यमबाट पठाएको सन्देशबाट नै मृतकले आत्महत्या गरेको पुष्टि नभएको आधारमा प्रतिवादीलाई अभियोग मागदावीबाट सफाइ ठहर्ने फैसला भएको पाइयो। एक वटा अर्थात् ३३% मुद्दामा मृतकले लेखेको सुसाइड नोटमा प्रतिवादीउपर लागेको आरोप स्पष्ट रुपमा उल्लेख नगरिएको र सो सुसाइड नोट मृतकले नै लेखेको भनी केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाबाट पुष्टि नभएकोले प्रतिवादीलाई अभियोग दावीबाट सफाइ ठहर भएको फैसला भएको पाइयो।

### ५.९ कसुर ठहर गरी फैसला गर्दा उल्लेख गरिएको आत्महत्या दुरुत्साहनको लागि कानूनले निर्धारण गरिदिएको अवस्था




अभियोगपत्र अनुसार कसुर ठहर भएको तेह्र वटामध्ये नौवटा अर्थात् ६९% मुद्दामा आत्महत्या गर्नुपर्ने सम्मको परिस्थिति खडा गरिएको अवस्थाको उल्लेख गरी अभियोग मागदावीबमोजिम मुलुकी अपराध संहिता, २०७४ को दफा १८५(१) बमोजिम कसुर ठहर्छ भनी फैसला गरेको पाइयो। दुईवटा अर्थात् १५.३८% मुद्दामा आत्महत्या गर्न दुरुत्साहन दिएको अवस्थाको उल्लेख गरी मुलुकी अपराध संहिता, २०७४ को दफा १८५(१) बमोजिम कसुर ठहर्छ भनी फैसला गरेको पाइयो भने उही प्रतिशत मुद्दामा आत्महत्या गर्न दुरुत्साहन दिएको वा आत्महत्या गर्ने सम्मको परिस्थिति खडा गरिदिएको वा गराइएको अवस्थाहरूलाई स्पष्ट उल्लेख नगरी मुलुकी अपराध संहिता, २०७४ को दफा १८५(१) बमोजिमको आत्महत्या दुरुत्साहनको कसुरसमेत गरेको ठहर्छ भनी फैसला गरेको पाइयो।

## ५.१० सफाइ पाउने ठहर गरी फैसला गर्दा उल्लेख गरिएको आत्महत्या दुरुत्साहनको लागि कानूनले निर्धारण गरिदिएको अवस्था




अभियोग मागदावी बमोजिम कसुरबाट सफाइ पाउने ठहर गरी भएको पन्ध्र वटा मुद्दाहरूमध्ये सातवटा अर्थात् ४७% मुद्दामा प्रतिवादीले आत्महत्या गर्न दुरुत्साहन गरेको भन्ने अवस्था नदेखिँदा निज प्रतिवादीलाई अभियोगमा दावीबाट सफाइ पाउने ठहर्छ भनी फैसला गरेको पाइयो। चार वटा अर्थात् २७% मुद्दामा आत्महत्या दुरुत्साहन नगरेको वा आत्महत्या गर्नसम्मको परिस्थिति खडा नगरेको वा नगराइएको अवस्थाहरूलाई स्पष्ट रुपमा उल्लेख नगरी अभियोग दावीबमोजिम मुलुकी अपराध संहिता, २०७४ को दफा १८५(१) बमोजिमको कसुरमा सोही संहिताको दफा १८५(२) बमोजिम प्रतिवादीलाई सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको अभियोग दावी पुग्न सक्दैन। अतः प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ भनी फैसला गरेको पाइयो। दुई वटा अर्थात् १३% मुद्दामा प्रतिवादीले दुरुत्साहनबाट मर्नुपर्नेसम्मको परिस्थिति सिर्जना गरेको भनी प्रमाणबाट पुष्टि हुन सकेको नपाइँदा प्रतिवादीउपर मुलुकी अपराध संहिता, २०७४ को दफा १८५(१) को कसुर गरेको नदेखिँदा निज प्रतिवादीलाई अभियोग मागदावीबाट सफाइ पाउने ठहर्छ भनी फैसला गरेको पाइयो। त्यसैगरी उति नै प्रतिशत मुद्दामा प्रतिवादीले आत्महत्या दुरुत्साहन गरेको वा सो कार्य गर्नेसम्मको परिस्थिति खडा गरेको भन्ने अभियोग दावी पुष्टि नभएको हुँदा प्रतिवादीउपर मुलुकी अपराध संहिता, २०७४ को दफा(१) बमोजिमको कसुरमा सोही दफा १८५(२) बमोजिम सजाय गरी पाउँ भन्ने अभियोग दावीबाट सफाइ पाउने ठहर्छ भनी फैसला गरेको पाइयो।

# परिच्छेद - छ

## ६. निष्कर्ष र सुझाव

### ६.१ निष्कर्ष

नेपालमा आत्महत्याको संख्या उल्लेखनीय रुपमा बृद्धि हुँदै गएको पाइन्छ। मनोवैज्ञानिक, सामाजिक र आर्थिक कारणबाट व्यक्तिले आत्महत्या गर्दछ भन्ने तथ्य विभिन्न अध्ययन तथा अनुसन्धानबाट पुष्टि भएको छ। आत्महत्या एउटा व्यक्तिको आफ्नो कारणले मात्र घट्ने घटना नभई अरु नै व्यक्ति अर्थात् दुरुत्साहनकर्ताको दुरुत्साहनले पनि घट्न सक्ने हुन्छ। दुरुत्साहन गर्ने व्यक्तिले दुषित मनसाय राखी जानीबुझी कसैलाई आत्महत्या गर्नको लागि उत्तेजनामा ल्याई मानसिक रुपमा तयार पार्नु वा आत्महत्या गर्नको लागि विवश पार्न सक्ने परिस्थितिको निर्माण गरिदिनु वा गराउनु नै आत्महत्या दुरुत्साहन हो। आपराधिक कार्य र आपराधिक मनसाय आत्महत्या दुरुत्साहनको आवश्यक तत्त्वहरू हो।

मानवअधिकारको विश्वव्यापी घोषणापत्र, नेपाल पक्ष भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध र नेपालको संविधानले पनि व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने अधिकारको प्रत्याभूति गरेको छ। यसै मान्यतामा रहेर मुलुकी अपराध संहिता, २०७४ को दफा १८५ मा आत्महत्या गर्न दुरुत्साहन दिन नहुने सम्बन्धी कानूनी व्यवस्था गरेको पाइन्छ। यस दफाले आत्महत्या दुरुत्साहन दिने र आत्महत्या गर्ने सम्मको परिस्थिति खडा गर्ने वा गराउने तीन वटा अवस्थाहरूको परिकल्पना गरेको पाइन्छ। यस व्यवस्थाबमोजिम आर्थिक बर्ष २०७७/७८ मा ३४ वटा जिल्ला अदालतहरूबाट फैसला भएका ४८ वटा फैसलाहरूलाई अध्ययन तथा अनुसन्धानको लागि संकलन गरिएको थियो। यसरी संकलन गरिएको ४८ वटा फैसलाहरूमध्ये २८ वटा फैसलाहरूलाई उद्देश्यमूलक नमूना (Purposive Sampling) छनौटको आधारमा छनौट गरी गरिएको अध्ययन तथा अनुसन्धानबाट प्राप्त निष्कर्षहरूलाई निम्नलिखित रुपमा प्रस्तुत गरिएको छ।

- अधिकांश थुनछेक आदेशको क्रममा प्रतिवादीलाई मुद्दाको पुर्पक्षको लागि थुनामा पठाउनुको साथै उल्लेखनीय रुपमा धरौट वा जमानत माग्ने गरेको तर न्यून संख्यामा मात्र साधारण तारेखमा राखेर मुद्दाको पुर्पक्ष गर्ने आदेश गरिएको।
- अभियोग मागदावीअनुसार कसुर ठहरभन्दा  कसुरबाट सफाइ भएको मुद्दाको संख्या धेरै भएको।
- अधिकांश मुद्दा फैसला गर्दा आत्महत्या दुरुत्साहनको सन्दर्भमा यसको सैद्धान्तिक तथा अवधारणागत पक्षको उल्लेख तथा व्याख्या नगरिएको।
- अभियोगपत्र अनुसार कसुर ठहर गर्दा मृतक आफैंले लेखेको सुसाइड नोट/मृत्युअघि लेखेको पत्र, मृतकले आफूले भोगेको पीडा लेखिएको डायरी, मृतक र प्रतिवादीबीच विभिन्न विद्युतीय माध्यमबाट

भएको कुराकानी, जाहेरी दरखास्तलाई पुष्टि हुने जाहेरवाला र वादी तर्फका साक्षीहरूले अदालतसमक्ष गरिदिएको बकपत्र, विष सेवनपश्चात् उपचार गरी मृत्यु नभएको पीडितको बकपत्र, घटनाको तथ्यलाई स्वीकार गरी गरिदिएको प्रतिवादीको बयान र प्रतिवादीका साक्षीहरूको अदालतसमक्ष गरेको बकपत्र आदिलाई अदालतले प्रत्यक्ष प्रमाणको रुपमा ग्रहण गरेको।

- अभियोगपत्र अनुसार कसुरबाट सफाइ पाउने ठहर गर्दा प्रतिवादीउपरको आरोप स्पष्ट नखुलेको नक्कली सुसाइड नोट/वैज्ञानिक परीक्षण नभएको सुसाइड नोट, प्रतिवादीको अनुसन्धान अधिकारी र अदालतसमक्ष गरेको इन्कारी वयान र प्रतिवादीको बयान पुष्टि हुने गरी प्रतिवादी तर्फको साक्षीहरूको बकपत्र, जाहेरी पुष्टि नहुने वा वादीदावी पुष्टि नहुने वादीका साक्षीको बकपत्र, जाहेरवाला र वादीका साक्षीहरूलाई उपस्थितिको लागि अदालतबाट पटक पटक भएको पत्राचार, मृतकको शव परीक्षण प्रतिवेदन, प्रतिवादी र मृतकबीच घटना भएको दिन फोनमा भएको कुराकानी, प्रतिवादी र मृतकबीच भएको एस.एम.एस. आदिलाई अदालतले प्रत्यक्ष प्रमाणको रुपमा ग्रहण गरेको।
- मृतकले आत्महत्यापूर्व लेखेको पत्र वा डायरी विधिविज्ञान प्रयोगशालाबाट परीक्षण भएको वैज्ञानिक प्रमाण र जाहेरी दरखास्तको व्यहोरा वा वादी साक्षीहरूको बकपत्रबाट मात्र प्रमाणको रुपमा ग्रहण गरिएको पाइयो। त्यसैगरी आत्महत्यापूर्व लेखेको पत्र वा डायरीलाई प्रतिवादीको बयान र प्रतिवादीको साक्षीको अदालतसमक्ष गरेको बकपत्रबाट खण्डित भएको अवस्थामा प्रमाणको रुपमा ग्रहण गरिएको देखियो। अतः मृतकले लेखेको आत्महत्या पत्र/डायरीलाई मात्र प्रमाणको रुपमा ग्रहण गरी फैसला नभएको अवस्था।
- अभियोग दावीलाई स्पष्ट रुपमा खुलाउन नसकेको सुसाइड नोट र परीक्षणबाट नक्कली प्रमाणित भएको सुसाइड नोटलाई कसुरबाट सफाइ ठहर गर्ने प्रमाणको रुपमा लिइएको।
- उल्लेख्य संख्यामा अभियोग मागदावीअनुसार कसुर ठहर वा कसुरबाट सफाइ पाउने ठहर गरी फैसला गर्दा मुलुकी अपराध संहिताको दफा १८५(१) ले व्यवस्था तथा परिकल्पना गरेको आत्महत्या गर्न दुरुत्साहन दिएको वा आत्महत्या गर्नेसम्मको परिस्थिति खडा गरिएको वा गराइएको अवस्थाहरूलाई स्पष्ट रुपमा उल्लेख नगरेको।

## ६.२ सुझाव

उपर्युक्त रुपमा गरिएको आत्महत्या दुरुत्साहनसम्बन्धी फैसलाहरूको बिबेचना र विश्लेषणपश्चात् निकालिएको निष्कर्षहरूको आधारमा निम्नलिखत सुझावहरू प्रस्तुत गरिएको छ।

- मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद १२ दफा १८५ को उपदफा (१) मा भएको आत्महत्या दुरुत्साहनसम्बन्धी व्यवस्थाको प्रयोगको सन्दर्भमा जिल्ला अदालतका माननीय न्यायाधीश र इजलास सहायक लक्षित प्रस्तुत आत्महत्या दुरुत्साहनसम्बन्धी कसुरका सम्बन्धमा अवधारणागत

पक्षको लगायत अन्य देशहरुको अभ्यास सम्बन्धमा राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट हुने प्रशिक्षणमा यस विषयमा समेत प्रशिक्षण सञ्चालन गरिनु उपयुक्त हुन्छ।

- मुलुकी अपराध संहिता, २०७४ को दफा १८५(१) को व्यवस्था आत्महत्या गर्ने सम्मको परिस्थिति खडा गरेको भन्ने वाक्यांशलाई स्पष्टिकरण खण्ड थप गरी सो पदावलीलाई स्पष्ट पारिनु पर्दछ। उक्त दफामा स्पष्टिकरण खण्डको व्यवस्था हुँदा मर्नेसम्मको परिस्थिति के लाई मान्न सकिने र कसुरदार भनिएको व्यक्तिले गरेको कार्य आफ्नो स्वार्थसिद्ध गर्नका लागि थियो वा पीडित व्यक्तिको हितमा थियो भन्ने जस्ता कार्य कारण र नियत जस्ता विषयहरुसमेत प्रष्ट पारिनु पर्दछ।
- मुलुकी अपराध संहिता, २०७४ को दफा १८५(१) को व्यवस्था बृहत र खुलेको भएकाले सो व्यवस्थालाई आत्महत्या गर्न बाध्य पारिएका अवस्था र पीडित व्यक्तिको जोखिमपूर्ण समुदाय जस्तैः महिला, मगज बिग्रेको व्यक्ति, होस ठेगानमा नरहेको व्यक्ति वा नशाग्रस्त व्यक्ति, बृद्ध, बृद्धालगायतका जोखिममा रहेका वर्गहरुउपर गरिएको कसुर भएमा कसुरका प्रकृतिका आधारमा सजायको समेत फरक फरक व्यवस्था हुने गरी विद्यमान कानूनी व्यवस्थामा संशोधन गरिनु उपयुक्त देखिन्छ।
- आत्महत्याको दुरुत्साहनसम्बन्धमा भारतलगायतका अन्य मुलुकमा लामो समयदेखि कानूनहरु बहाल रही अभ्यासमा रहेको सन्दर्भमा उक्त कसुरलाई बाह्य मुलुकमा रहेको कानूनी व्यवस्था र अभ्यासमा के कस्तो अवस्था रहेछ भन्ने सम्बन्धमा यसभन्दा बृहत प्रकृतिको अध्ययन अनुसन्धान हुनुपर्दछ।
- जिल्ला अदालतबाट आत्महत्याको दुरुत्साहनसम्बन्धी भएका फैसलाहरुको अध्ययन विश्लेषण गर्दा फैसलाको निर्णयाधारमा विविधता पाइएकाले सो सम्बन्धमा न्यायिक दृष्टिकोणमा एकरुपता कायम गराउनका लागि राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट अन्तरक्रिया सञ्चालन गरिनु पर्दछ।
- जिल्ला अदालतबाट आत्महत्या दुरुत्साहनसम्बन्धी भएका फैसला लेखनहरूमा एकरुपता नदेखिएको हुँदा माननीय जिल्ला न्यायाधीश एवम् इजलास सहायकहरूलाई लक्षित गरी फैसला लेखनसम्बन्धी व्यावहारिक प्रशक्षिण दिनु उपयुक्त देखिन्छ।
- आत्महत्या दुरुत्साहन सम्बन्धमा अभियोजनमा संलग्न हुने अधिकारीलाई आत्महत्या दुरुत्साहनसम्बन्धी सैद्धान्तिक अवधारणा, अन्तर्राष्ट्रिय अभ्यास र राष्ट्रिय कानूनी व्यवस्था, आत्महत्या दुरुत्साहनसम्बन्धी मुद्दाको अभियोजन तथा अभियोगपत्र लेखनसम्बन्धी राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट प्रशिक्षण संचालन गरिनु पर्दछ ।
- आत्महत्या दुरुत्साहनसम्बन्धी मुद्दको अनुसन्धानमा संलग्न अधिकारीलाई पनि आत्महत्या दुरुत्साहनसम्बन्धी सैद्धान्तिक अवधारणागत, अन्तर्राष्ट्रिय अभ्यास र राष्ट्रिय कानूनी व्यवस्थाको सन्दर्भमा राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट प्रशिक्षण संचालन गरिनु पर्दछ।

- मुलुकी अपराध संहिताको दफा १८५ को व्यवस्थालाई थप स्पष्टिकरणबाट प्रष्ट पारी आत्महत्या दुरुत्साहनका आधार र अवस्थाहरुलाई अझ स्पष्ट हुने गरी विद्यमान कानून संशोधन, सुधार वा मार्गदर्शन तयार गर्नुपर्ने देखिन्छ ।
- नेपालले पहिलो पटक आत्मसात गरेको आत्महत्याको कसुरका सम्बन्धमा साङ्गोपाङ्ग रुपमा बुझाइ प्रष्ट बनाउनका लागि अवधारणागत बुझाइमा एकरुपमा ल्याउन अनुसन्धान प्रहरी सरकारी वकिल न्यायाधीश र प्रतिरक्षी कानून व्यवसायीहरुलाई विज्ञहरुबाट सो सम्बन्धमा प्रशिक्षणका लागि पाठ्यक्रम तयारी गरी प्रशिक्षण प्रदान गरिनु पर्दछ।
- आत्महत्याको दुरुत्साहनसम्बन्धी कानूनको दुरुपयोग हुने अवस्था र अरुलाई दुःख दिने नियतले समेत प्रयोग हुने अवस्था सम्भावना रहेको देखिँदा सो सम्बन्धमा बैज्ञानिक र प्रभावकारी अनुसन्धान र अभियोजन भई बस्तुनिष्ठ अभियोजन हुनुपर्दछ।
- आत्महत्याको दुरुत्साहनसम्बन्धी मुद्दामा Media Trial तथा राजनीतिक एवं व्यक्तिगत रुपमा रिसइवी साँध्ने माध्यम बन्न गएकाले सोसम्बन्धी मुद्दाहरुको अनुसन्धान, अभियोजन तथा न्याय निरुपण हुँदा विशेष सावधानी र संवेदनशीलता अपनाइनु जरुरी छ।

# अनुसूची - १

## आत्महत्या दुरुत्साहनसम्बन्धी फैसलाहरूबाट प्राप्त तथ्याङ्कहरूको विश्लेषण

## आ.व. २०७७/०७८

१. कुन्जिमाया तामाङको जाहेरीले नेपाल सरकार वि. भिमबहादुर मगर (मुद्दा नं.: ०७६-C१-०१४४)

**अभियोग मागदावी**

मिसिल संलग्न हुन आएको जाहेरी दरखास्त, घटनास्थल मुचुल्का, लास जाँच मुचुल्का, प्रतिवादीको बयान, शव परीक्षण प्रतिवेदन तथा बुझिएका मानिसहरूको कागजसमेतका आधार प्रमाणहरूबाट प्रतिवादी भिमबहादुर मगर र कानूनको विवादमा परेका बालिका बालाजु २०७६/०७७(३) ले जेनी भन्ने सन्तोषी तामाङ्गलाई मिति २०७६।०३।३० गतेका दिन प्रतिवादी भिमबहादुर मगरको जन्म दिनको अवसरको बहाना गरी भिमबहादुर मगरको डेरा कोठामा बोलाई जेनी भन्ने सन्तोषी तामाङ्गलाई आत्महत्या गर्न बाध्य पारेको कारण सन्तोषी तामाङ्गले शौचालयमा गई घाँटीमा सलको पासो लगाइ आत्महत्या गरेको तथ्य पुष्टि भएको हुँदा प्रतिवादी भिमबहादुर मगर र बालाजु २०७६/०७७(३) उक्त कार्य मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा १८५ को उपदफा १ वमोजिम कसुर अपराध भएकोले निज प्रतिवादीहरूलाई सोही ऐनको दफा १८५ को उपदफा २ बमोजिम सजाय गरी मृतकको नजिकको हकवालालाई सोही ऐनको दफा १८६ वमोजिम मनासिव क्षतिपूर्ति भराइपाउँ।

**थुनछेक आदेश**

प्रतिवादी भिमबहादुर मगरको अधिकारप्राप्त अधिकारीसमक्षको वयान, घटना सम्बन्धमा कागज गर्ने किरण बुढाथोकी, प्रेमकुमार सारु, अक्कलबहादुर योन्जन, मंगलबहादुर मुक्तानसमेतको भनाइ र शव परीक्षण प्रतिवेदनमा Cause of Death: Hanging भनी उल्लिखित समेतको आधार प्रमाणबाट अहिलै नै यी प्रतिवादीले अभियोग दावीबमोजिमको कसुर हुने गरी हाल प्रतिवादी भिमबहादुर मगरलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ बमोजिम मुद्दा पुर्पक्षका लागि थुनामा राख्न सम्बन्धित कारागार कार्यलयमा पठाइदिनु। प्रतिवादी चुक्ता भैसकेको हुँदा जाहेरवालालगायत अनुसन्धानको क्रममा बुझिएका मानिसहरू र प्रतिवादीका साक्षी नियमानुसार गराई बकपत्रको लागि पेश गर्नु।

**फैसला**

प्रतिवादी भिमबहादुर मगरले अधिकारप्राप्त अधिकार एवं यस अदालतसमक्षको बयानमा समेत प्रतिवादी बालाजु ०७६/०७७(३) मिति २०७६।०३।३० मा नै मेरो कोठामा आई दाजु भाउजूसँगै बसेकी र मृतक जेनी तामाङ्ग मिति २०७६।०३।३० मा मेरो कोठामा आई घाँटीमा चिरेको घाउ देखाएकी र शौचालयमा गई सलले घाँटीको पासो लगाइ झुन्डिएकी हो। मैले आत्महत्या गर्न दुरुत्साहन गरेको होइन

भनी उल्लेख गरेको पाइन्छ। त्यस्तै जाहेरवाली कुन्जीमाया तामाङ्गले यस अदालतमा उपस्थित भई गरेको बकपत्रमा समेत आफ्नो जन्म दिनमा बोलाइ अर्की केटी साथीसमेत मिली मृतक जेनी तामाङ्गलाई आत्महत्या गर्न दुरुत्साहन गरेको भनी जाहेरी व्यहोरा समर्थित व्यहोरा लेखेको पाइन्छ। त्यस्तै यी प्रतिवादी भिमबहादुर मगरले मृतक जेनी तामाङ्गसँग प्रेम सम्बन्ध राखेकोमा बिज्याईंकर्ता भनिएकी बालाजु ०७६/०७७(३) सँग पनि समानान्तर रुपमा सम्बन्ध बढाइ एउटै कोठामा बसेको बखत मृतक जेनी तामाङ्गलाई बोलाएकोबाट पनि आफूले प्रेम सम्बन्ध राखेको केटाले अर्की केटीसँग सम्पर्क गरेको प्रत्यक्ष देखेपछि मृतकलाई असह्य भएको घटना प्रकृतिबाट बुझिएको छ। प्रतिवादी भिमबहादुर तामाङ्गले आफ्नो मोबाइलबाट मृतक जेनी तामाङ्गसँग म्यासेन्जरमार्फत कुरा गरेकोबाट पनि प्रतिवादी भिमबहादुर मगरको कार्यले मृतकलाई मर्नेसम्मको अवस्थामा पुऱ्याउन प्रेरित गरेको देखिन आउँछ। साथै मृतक जेनी तामाङ्गले प्रतिवादी भिमबहादुर मगरको कोठामा आई धारिलो हतियारले आफ्नो घाँटीमा चोट लगाउँदा र अब म मर्छु भनी भन्दा पनि निजलाई बचाउन सम्झाउन तर्फ नलागेकोबाट पनि यी प्रतिवादीको कार्यले मृतकलाई आत्महत्या गर्न दुरुत्साहन गरेको देखिन आउँछ। यसप्रकार भिमबहादुर मगरले मृतक जेनी तामाङ्ग प्रेमिका हुँदाहुँदै प्रतिवादी बालाजु ०७६/०७७ (३) लाई कोठामा ल्याई राखेको परिस्थितिबाट नै मृतक जेनी तामाङ्गले आत्महत्या गर्नुपर्ने निर्णयमा पुगेको अवस्था रहेकोले प्रतिवादी भिमबहादुर मगरले अभियोग दावीबमोजिम मुलुकी अपराध संहिता, २०७४ को दफा १८५(१) बमोजिम कसुर गरेको ठहर्छ भन्ने काठमाडौं जिल्ला अदालतको मिति २०७७।०६।१४ गतेको फैसला।

**सजाय निर्धारण**

मुलुकी अपराध संहिता, २०७४ को दफा १८५(२) बमोजिम कैद १ (एक) वर्ष ६ (छ) महिना र जरिवाना रु. १०,०००/- (दश हजार रुपैयाँ) हुने ठहर। मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ बमोजिम मृतकको हकवालालाई प्रतिवादीबाट नगद रु. २५,०००।- (पच्चिस हजार) क्षतिपूर्ति।

## २. राजन बोहराको जाहेरीले नेपाल सरकार वि. भरतबहादुर चलाउने (मुद्दा नं.: ०७७-C१-०००२)

**अभियोग मागदावी**

मृतक रञ्जना कुमारी बोहरा मिति २०७७।३।१३ गते राति घरबाट ३/४ घन्टाको बाटो पैदल हिडी प्रतिवादी भरतबहादुर चलाउनेको घरको बार्दलीमा दोपट्टाले घाँटीमा पासो लगाइ आत्महत्या गरेको र प्रतिवादी भरतबहादुर चलाउनेले उक्त आत्महत्या गर्ने परिस्थिति खडा गरेको हुँदा प्रतिवादीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८५ को उपदफा (१) बिपरीत कसुर अपराधमा सोही संहिताको दफा १८५ को उपदफा (२) बमोजिम सजाय गरी क्षतीपूर्तिसमेत दिलाइ भराइपाउँ भन्नेसमेत बेहोराको अभियोग मागदाबी।

**थुनछेक आदेश**

यसमा पछि थप प्रमाण बुझ्दै जादा ठहरे बमोजिम हुने नै हुँदा हाल प्रतिवादी भरतबहादुर चलाउनेलाई मुलुकी फौजदारी कार्यबिधि संहिता, २०७४ को दफा ६७ बमोजिम मुद्दा पुर्पक्षका लागि थुनामा राख्न पठाउनु भनी मिति २०७७।४।६ गते यस अदालतबाट भएको आदेशबमोजिम प्रतिवादी थुनामा पठाएको।

**फैसला**

प्रतिवादीले विवाह गर्ने विषय प्रतिवादीको स्वतन्त्र छनौटको विषय रहेकोमा विवाद छैन तर मृतकको मृत्युपूर्वको पत्रमा यी प्रतिवादीले मृतकलाई रातिको समयमा सुतेको बेला जबरजस्ती करणी गरेको र मृतकले मर्ने प्रयत्न गर्दा पछि विवाह गर्छु भनेर नमर्न दिनुका साथै सो घटनापश्चात् पनि वर्षौंसम्म मृतकलाई विवाह गर्ने भनेर निरन्तर शारीरिक सम्बन्ध राखेको तथ्य मृतकको पत्रसमेतबाट खुलेको स्थितिमा प्रतिवादीले विवाह गर्ने अधिकार रहेको भए तापनि मृतकलाई विवाह गर्ने आश्वासन दिएर तयार पारेको सो अवस्थालाई प्रतिवादीको स्वाभाविक अधिकारको रूपमा व्याख्या गर्न मिल्ने अवस्था हुँदैन। महिलालाई सुरूमा जवरजस्ती र पछि विवाह गर्ने आश्वासनमा निरन्तर शारीरिक सम्पर्क गरेर परित्याग गर्दाको अवस्थालाई मृतकलाई मर्नुपर्ने सम्मको अवस्था सिर्जना गरेको भन्न मिल्ने नै देखिन्छ। खासगरी नेपाली समाजमा सतित्व सम्बन्धमा महिला संवेदनशीलताको दृष्टिबाट समेत प्रस्तुत विषयलाई हेर्नुपर्ने हुँदा यी प्रतिवादी भरतबहादुर चलाउनेले मृतक रञ्जनाकुमारी बोहरालाई आत्महत्या गर्नुपर्ने सम्मको परिस्थिति सिर्जना गरेको तथ्य स्थापित भएको हुँदा यी प्रतिवादीले मुलुकी अपराध संहिता, २०७४ को दफा १८५ को उपदफा (१) विपरीतको कसुर गरेको ठहर्छ भन्ने अछाम जिल्ला अदालतको मिति २०७७।११।०७ गतेको फैसला।

**सजाय निर्धारण**

मुलुकी अपराध संहिता, २०७४ को दफा १८५(२) बमोजिम कैद १ (एक) वर्ष र जरिवाना रु. १०,०००/- (दश हजार रुपैयाँ) हुने ठहर। मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ बमोजिम मृतकको हकवालालाई प्रतिवादीबाट नगद रु. १०,०००।(दस हजार) क्षतिपूर्ति।

## ३. धनबहादुर रोका मगरको जाहेरीले नेपाल सरकार वि. हरिचन्द्र के.सी. (मुद्दा नं.: ०७६-C१-००३०)

**अभियोग मागदावी**

प्रतिवादी हरिचन्द्र के.सी. र मृतक रिना रोकामगरसँग प्रेम सम्बन्ध भई निजहरूबिच शारीरिक सम्पर्क रहेको र मृतकले प्रतिवादीसँग बिवाह प्रस्ताव राख्दा प्रतिवादीले आलटाल गरी अस्वीकार गरेको कारणले मृतकमा मानसिक तनाब आइ झुन्डिइ आत्महत्या गर्न बाध्य भएको र प्रतिवादी हरिचन्द्र के.सी.ले मृतक

रिना मगरलाई आत्महत्या गर्न दुरुत्साहन दिई प्रतिबादी हरिचन्द्र के.सी.ले मुलुकी अपराध संहिता, २०७४ को दफा १८५(१) अन्तर्गतको कसुर गरेकोले उक्त कसुरमा निज प्रतिबादी हरिचन्द्र के.सी.लाई सोही संहिताको दफा १८५(२) बमोजिम पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना सजाय गरी ऐ. संहिताको दफा १८६ बमोजिम मृतकका हकवालालाई प्रतिबादी हरिचन्द्र के.सी. बाट मनासिब क्षतिपूर्ति दिलाई भराइ पाउन र अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम तोकिएको रकम क्षतिपूर्ति शुल्कबापत प्रतिबादी हरिचन्द्र के.सी.बाट भराइ ऐ. ऐनको दफा ४१(५) बमोजिम क्षतिपूर्ति शुल्क कोषमा जम्मा गराइपाउन समेतको मागदावी लिई पेश भएको अभियोगपत्र।

**थुनछेक आदेश**

प्रतिवादीउपरको किटानी जाहेरी, मौकामा बुझिएका मानिसहरूको जाहेरी समर्थन बेहोरा, अनुसन्धान अधिकारीसमक्ष प्रतिवादीले गरेको साविती बयान, मुद्दामा प्रमाणको रुपमा पेश भएको अडियो संवाद आदिसमेतको संकलित प्रमाण कागजहरूका आधारमा निज प्रतिवादीउपर मुलुकी अपराध संहिता, २०७४ को दफा- १८५(१) को कसुरमा मुलुकी अपराध संहिता, २०७४ को दफा- १८५(२) बमोजिमको सजाय र ऐ. ऐनको दफा- १८६ बमोजिम मृतकका हकवालालाई प्रतिवादीबाट मनासिब क्षतिपूर्तिसमेतको माग गरी दायर हुन आएको प्रस्तुत मुद्दामा यी प्रतिवादी आरोपित कसुरमा यस अदालतको बयानमा इन्कारी रहे पनि मृतकसँगको चिनजान र हिमचिमलाई अस्वीकार गर्न सकेको नदेखिँदा निज प्रतिवादी प्रस्तुत घट्नाको सन्दर्भमा निर्दोष छन् भनी अनुमान गर्न मिलेन। तसर्थ पछि बुझ्दै जाँदा ठहरे बमोजिम हुने नै हुँदा हाललाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा- ६७(१)(ख) बमोजिम तत्काल प्राप्त प्रमाणको आधारमा निज प्रतिवादीलाई पुर्पक्षको लागि थुनामा राख्न कानूनबमोजिम थुनुवा पुर्जी दिई सम्बन्धित कारागार कार्यलयमा पठाइदिनु भन्ने समेत बेहोराको थुनछेक आदेश।

**फैसला**

प्रतिवादीले मृतक रिना रोकामगरलाई आत्महत्या गर्न दुरुत्साहन दिएको वा प्रतिवादीले मृतकले राखेको विवाह प्रस्ताव अस्वीकार गरी मानसिक तनाव दिई आत्महत्या गर्न सृजित परिस्थितिकै कारण मृतकले आत्महत्या गरेको तथ्य सवुद प्रमाणबाट पुष्टि हुन नसकेकोले प्रतिवादी हरिचन्द्र के.सी.ले मृतकलाई आत्महत्या गर्न दुरुत्साहन गरेको भन्ने प्रतिवादीविरुद्धको कसुर स्थापित हुन सक्ने देखिएन। कसुर स्थापित हुन नसकेको हुँदा प्रस्तुत मुद्दामा प्रतिवादीले मुलुकी अपराध संहिता, २०७४ को दफा १८५(१) विपरीत मृतकलाई आत्महत्या गर्न दुरुत्साहन दिएको कसुर गरेकोले निज प्रतिवादीलाई सोही संहिताको दफा १८५(१) विपरीत आत्महत्या गर्न परिस्थिति सृजना गरेबापत सोही दफा १८५(२) बमोजिम सजाय गरी सोही संहिताको दफा १८६ बमोजिम पीडित परिवार, हकवालालाई अपराध पींडित संरक्षण ऐन,

२०७५ को दफा ४१ बमोजिम क्षतिपूर्तिबापत भराइ सोही ऐनको दफा ४१(५) बमोजिम क्षतिपूर्ति शुल्क कोषमा दाखेल गराइपाउँ भन्ने समेतको अभियोग मागदावी पुग्न नसक्ने ठहर्छ। सो ठहर्नाले प्रस्तुत मुद्दाका प्रतिवादी हरिचन्द्र के.सी.ले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ भनि रुकुमकोट जिल्ला अदालतको मिति २०७७।०९।०२ गतेको फैसला।

## ४. मनबहादुर रावतको जाहेरीले नेपाल सरकार वि. तुलादेवी साउदसमेत (मुद्दा नं.: ०७६-CI-०००८)

**अभियोग मागदावी**

मिसिल संलग्न कागज प्रमाणहरूको अध्ययन विश्लेषण गरी हेर्दा प्रतिवादी तुला देवी साउदले मृतकलाई घरायसी काम गरेन भनी बारम्बार गाली गरी मानसिक यातना दिएको तथा प्रतिवादी मदन साउदले समेत मृतकले आफूलाई सासुले दिएको मानसिक यातनाको वारेमा भन्दा बेवास्ता गरेको कुरा मृतकले डायरीमा उल्लेख गरेका व्यहोरासमेतवाट प्रष्ट हुनुका साथै सात महिनाकी गर्भवती तथा २१ वर्षको कलिलो उमेरकी मृतकले आत्महत्या गर्नुपर्ने अन्य कुनै कारण मिसिल संलग्न कागज प्रमाणहरूवाट नदेखिएकोले प्रतिवादीहरूले दिएको मानसिक हिंसाकै कारण मृतकले आत्महत्या गर्न बाध्य हुनुपरेको परिस्थिति खडा गरेको वारदात पुष्टि भई प्रतिवादी मदनबहादुर साउद र तुला देवी साउदउपर वादी नेपाल सरकारले मुलुकी अपराध संहिता, २०७४ को दफा १८५(१) बमोजिमको कसुर अपराध भएकोले निज प्रतिवादीहरूलाई सोही संहिताको दफा १८५(२) बमोजिम सजाय गरिपाउँ भन्ने समेतको अभियोग मागदावी।

**थुनछेक आदेश**

पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाललाई यी प्रतिवादीहरू मदनबहादुर साउद र तुलादेवी साउदबाट मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दाफा ६८ अनुसार जनही रु. ६०,०००/- (साठी हजार) धरौटी जमानत वा बैक जमानत लिई तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्नु। दिन नसके मुलुकी फौजदारी कार्यविधि संहिता ऐन, २०७४ को दफा ८० अनुसार थुनुवा पुर्जी दिई कानूनबमोजिमको सिधा खर्च पाउने गरी थुनामा राख्न कारागार कार्यालय बाजुरामा पठाउनु मिति २०७६।०५।२३ गतेको थुनछेक आदेश।

**फैसला**

२१ वर्षकी मृतक प्रेम विवाह गरी घरमा रहँदा सासुबाट गर्भवती अवस्थामा आवश्यक हेरचाह, पोषण, उपचार, सहयोगसमेत पाउनुपर्नेमा उल्टै सामान्य मानवोचित व्यवहारबाट समेत विमुख हुनुपरेको र घरबाहिर रहेका पतिले अन्यत्रै गए हुन्छ भनी फोनबाट भन्ने गरेको परिवारमा सान्त्वना दिने र सहयोग गर्ने कोही नभई पूर्ण रुपमा बेसहारा भएको अवस्थालाई मृतकले अत्यन्तै कारुणिक रुपमा डायरीमा

लेखेको र सो डायरी मृतकको भएको तथ्य प्रतिवादीहरूको सनाखत एवं बयानबाट देखिएको अवस्थामा बेसहारा हुन पुगेकी मृतक ललिता रावत (साउद) ले मृत्यु रोज्नुको विकल्प देखिन आएन। तसर्थ प्रतिवादीहरू मदनबहादुर साउद र तुलादेवी साउदले पारिवारिक रुपमा मृतक ललिता रावत (साउद) उपर गरेको व्यवहार र खडा गरेको परिस्थितिबाट निजले बाँच्न सक्ने अवस्था नरही झुन्डी आत्महत्या गरेको देखिँदा प्रतिवादीहरूले मुलुकी अपराध संहिता, २०७४ को दफा १८५(२) बमोजिम आत्महत्या गर्न दुरुत्साहन गरेको कसुर गरेको ठहर्छ भनी बाजुरा जिल्ला अदालतको मिति २०७७।०८।२९ गतेको फैसला।

**सजाय निर्धारण**

मुलुकी अपराध संहिता, २०७४ को दफा १८५(२) बमोजिम जनही दुई (२) महिना कैद र जरिवाना रु. २,०००/- (दुई हजार रुपैयाँ) हुने ठहर। मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ बमोजिम क्षतिपूर्ति भराइदिने तर्फको नेपाल सरकारको अभियोग दाबी पुग्न नसक्ने।

## ५. रमेश कठेतको जाहेरीले नेपाल सरकार वि. कला राईसमेत (मुद्दा नं.: ०७६-C१-००७४)

**अभियोग मागदावी**

प्रतिवादी मनकुमारी राईले कृष्णमाया कठेत र मेरा पति खड्गमान राईको अवैध शारीरिक सम्बन्ध रहेको छ भनी गाउँमा हल्ला गरेको, निज र निजकी बुहारी प्रतिवादी कला राई कृष्णमाया कठेतको घरमा गई निजलाई सोही लाञ्छना लगाइ खुट्टा ढोग्नसमेत बाध्य पारेको र प्रतिवादी खड्गमान राईले पत्नी र बुहारीलाई त्यसो गर्न निषेध गर्नुपर्नेमा नगरी बेइज्जती गर्न दिएका कारण कृष्णमाया कठेतले सो बेइज्जती सहन नसकी आत्महत्या गरेकी हुँदा मुलुकी अपराध संहिता, २०७४ को दफा १८५(१) को कसुरमा प्रतिवादीहरूलाई दफा १८५(२) बमोजिम सजाय गरी ऐ.को दफा १८६ बमोजिम प्रतिवादीहरूबाट मृतकका हकवालालाई क्षतिपूर्तिसमेत दिलाइपाऊँ भन्ने बेहोराको मिति २०७७।०१।२२ को अभियोगपत्र।

**थुनछेक आदेश**

तत्काल प्राप्त प्रमाणका आधारमा प्रतिवादीहरूलाई मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ६८, ७२ बमोजिम जनही रू. १०,०००।- (दश हजार) नगद धरौट वा सोबराबरको जमानत वा बैंक जमानत लिई पुर्पक्षका लागि तारिखमा राख्ने गरी यस अदालतका निमित्त स्रेस्तेदारबाट २०७७।०१।२२ गते भएको आदेश कानूनसङ्गत भएकोले परिवर्तन गर्न परेन भन्ने यस अदालतको मिति २०७७।०२।११ को आदेश।

**फैसला**

जाहेरवालाले बकपत्र गर्दा पनि प्रतिवादीहरूले आमालाई के भने वा के गरे? मलाई थाहा छैन, त्यसको भोलिपल्ट आमाले आत्महत्या गर्नुभएको हो भनेको देखिएको छ। यसरी प्रत्यक्ष प्रमाणबिना सुनिसुनाइका कुरा र शङ्काका आधारमा प्रतिवादीहरूले कृष्णमाया कठेतलाई आत्महत्या गर्न बाध्य पारेका हुन् भन्न नमिल्ने हुँदा वादी नेपाल सरकारको अभियोग प्रमाणित हुँदैन। तसर्थ प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ भन्ने खोटाङ जिल्ला अदालतको मिति २०७७।०५।०२ को फैसला।

## ६. डम्बर सिंह थ्वालको जाहेरीले नेपाल सरकार वि. दिव्यदेव नाथ (मुद्दा नं.: ०७६-C१-०२९५)

**अभियोग मागदावी**

प्रतिवादी दिव्यदेव नाथले मृतक झरना थ्वाललाई आफूसँग जबर्जस्ती प्रेम सम्बन्ध कायम गराउने हेतुले फोटो सार्वजनिक गरिदिने, फोनबाट गाली गलौज, धाकधम्की गरी मानसिक यातना दिने, Facebook तथा मोबाइल नम्बरबाट म्यासेज गर्ने, बाटो घाटोमा भेट्दा तथानाम गालीगलौज गरी मुखमा थुकी दिने समेतका क्रियाकलापबाट आत्महत्यासम्म गर्ने परिस्थिति खडा गरेको र मृतकको सुसाइड नोटमा समेत निज प्रतिवादी नै आफ्नो मृत्युवरण गर्नुको मुख्य कारक हो भन्ने उल्लेख गरी पीडित झरना थ्वालले मृत्युवरण गरेको देखिन आएको हुँदा निज प्रतिवादी दिव्यदेव नाथले मुलुकी अपराध संहिता, २०७४ दफा १८५(१) बमोजिमको कसुर गरेको हुँदा निज प्रतिवादीलाई ऐ. संहिताको दफा १८५(२) बमोजिम सजाय हुन र ऐ. संहिताको दफा १८६ बमोजिम मृतकका परिवारलाई क्षतिपूर्ति दिलाई भराइपाउँ भन्ने मागदाबी लिइएको अभियोगपत्र।

**थुनछेक आदेश**

मिसिल संलग्न तत्काल प्राप्त प्रमाणका आधारमा यी प्रतिवादी दिब्यदेब नाथको अभियोग दावीको कसुरमा संलग्नता नरहेको भनी बिश्वास गर्न सकिने अवस्था नदेखिएकाले पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी मुलुकी फौजदारी कार्यबिधि संहिता,२०७४ को दफा ६७(१)(ख) बमोजिम निज प्रतिवादी दिब्यदेब नाथलाई ऐ.संहिताको दफा ८० बमोजिम थुनुवा पूर्जी दिई कारागार कार्यालय कञ्चनपुरमा थुनामा राख्न पठाइदिनु, प्रतिवादी चुक्ता भैसकेको देखिँदा जाहेरवाला, घटना बिवरणका मानिसहरू प्रतिवादीका साक्षीहरूसमेत बुझी नियमानुसार गरी पेश गर्नु भन्ने यस अदालतको मिति २०७७।२।८।५ को आदेश। उक्त आदेशानुसार प्रतिवादी दिब्यदेब नाथलाई पुर्पक्षका लागि कारागार कार्यालय कञ्चनपुरमा थुनामा रहेका।

**फैसला**

मृतक र प्रतिवादीबिच भएको फोन संवादको मिसिल संलग्न सि.डि.लाई यस अदालतको सूचना प्रविधि शाखा र प्रशासन शाखाबाट तयार गरी मिसिल संलग्न गरेको लिखित संवाद, मिसिल संलग्न कल डिटेल्स र मृतकले मृत्युअघि मर्नुपर्ने कारण उल्लेख गरी लेखेको पत्रसमेतका मिसिल संलग्न तथ्य प्रमाणबाट यी प्रतिवादी दिब्यदेव नाथले मृतक झरना थ्वालसँग १४ वर्षको नाबालक अवस्थामा कानून विपरीत अवैध रुपमा प्रेम सम्बन्ध राखेको र निजले यी प्रतिवादीको बारेमा बुझ्दा निजसँग आफ्नो जीवन निर्वाह नहुने देखेपछि निजसँगको सम्बन्ध परित्याग गरी अन्य व्यक्तिसँग सम्बन्ध अघि बढाउन खोजेको अवस्थामा यी प्रतिवादीले मृतकसँग विगतको अवैध प्रेम सम्बन्धलाई लिएर पूर्व सम्बन्धका बारेमा सार्वजनिक गर्ने, नयाँ प्रेमीलाई पूर्व सम्बन्धका बारेमा भनी दिने र आफूसँग विवाह नगरे अरु कसैको हुन नदिने जस्ता धम्कीपूर्ण सन्देश, फोन संवाद र म्यासेज पठाइ निज झरना थ्वाललाई आत्महत्या गर्न दुरुत्साहन गरेको देखिन आएकाले प्रतिवादी दिब्यदेब नाथले मुलुकी अपराध संहिता, २०७४ को दफा १८५ को उपदफा (१) बमोजिमको कसुर गरेको ठहर्छ भनि कञ्चनपुर जिल्ला अदालतको २०७७।०६।२६ गतेको फैसला।

**सजाय निर्धारण**

मुलुकी अपराध संहिता, २०७४ को दफा १८५(१) बमोजिमको कसुरमा ऐ. संहिताको दफा १८५(२) बमोजिम पाँच (५) महिना कैद र जरिवाना रु. २०,०००/- (बिस हजार रुपैयाँ) हुने ठहर। मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ बमोजिम मृतकका हकवालालाई रु ५०,०००/-(पचास हजार रुपैयाँ) क्षतिपूर्ति दिलाई भराइदिने ठहर।

### ७. मदनबहादुर चन्दको जाहेरीले नेपाल सरकार वि. प्रसान्त सिंह क्षेत्री (मुद्दा नं.: ०७६-C१-००२७)

**अभियोग मागदावी**

मिसिल संलग्न निबेदन, प्रतिवादीउपर परेको किटानी जाहेरी दरखास्त, बरामदी खानतलासी मुचुल्का, घटनास्थल लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, मृतकको स्वास्थ्य परीक्षण प्रतिबेदन, प्रतिबादीले गरेको बयान, मिसिल संलग्न Call Details, बुझिएका तथा बस्तुस्थिति मुचुल्काका व्यक्तिहरूले गरिदिएको कागजसमेतका मिसिल संलग्न प्रमाण कागजहरूबाट मृतक र प्रतिबादीबिच प्रेम सम्बन्ध रहेको र प्रतिवादी प्रशान्त क्षेत्रीले मृतकको कोठामा वारदात मितिको रातिसमेत गएको भन्ने कुरा प्रतिवादीको नागरिकतालगायतका कागज प्रमाणहरू मृतकको कोठाबाट बरामद भएको समेतका आधार प्रमाणहरूबाट मृतकलाई प्रतिबादीले आत्महत्या गर्न सम्मको परिस्थिति सृजना गरी गराई मुलुकी अपराध संहिता, २०७४ को दफा १८५ (१) नं. अनुसारको कसुर अपराध गरेको पुष्टि हुन आएकोले निज प्रतिवादीलाई सोही ऐनको दफा १८५(२) नं. अनुसार पाँच बर्षसम्म कैद र पचास हजारसम्म जरिवाना हुन तथा ऐ.ऐनको दफा १८६ नं. अनुसार मृतक हकवालालाई मनासिब क्षतिपूर्तिसमेत दिलाई भराइपाउँ भन्ने समेत व्यहोराको अभियोगपत्र।

**थुनछेक आदेश**

तत्काल प्राप्त प्रमाणका आधारमा प्रतिवादीलाई मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ६८, ७२ बमोजिम रू. १००,०००।- (एक लाख) नगद धरौट वा सो बराबरको जमानत वा बैंक जमानत लिई पुर्पक्षका लागि तारिखमा राख्ने गरी यस अदालतबाट २०७७।०२।२७ गते भएको आदेश।

**फैसला**

मुलुकी अपराध संहिता, २०७४ को दफा १८५ (१) मा ***कसैले कसैलाई आत्माहत्या गर्न दुरुत्साहन दिन वा त्यस्तो काम गर्न सम्मको परिस्थिति खडा गर्नु वा गराउनु हुँदैन*** भन्ने कानूनी व्यवस्था रहेकोमा मिसिल संलग्न प्रमाणबाट यी प्रतिवादीको कारण मृतक सावित्री चन्दको र प्रतिवादीबिचको प्रेम सम्बन्ध घरपरिवारले थाहा पाउनु र वारदातको राति पनि प्रतिवादी सावित्री चन्दको कोठामा गएकै कारणबाट सावित्री चन्द (मृतक) लाई मर्नेसम्मको परिस्थिति खडा भएको कुरा मौकाको किटानी जाहेरी, जाहेरवालाको वकपत्र, प्रतिवादीको कण्डमसमेतको पर्स मृतकको कोठाबाट भेटिएको र वारदात मितिमा प्रतिवादी मृतकको कोठामा उपस्थित रहेको समेतका मिसिल संलग्न प्रमाणबाट पुष्टि हुन आएकोले प्रतिवादीकै कारणबाट मृतकले आत्महत्या गर्न पुगेको पुष्टि हुन आएकोले प्र. प्रशान्त सिंह क्षेत्रीले अभियोग दावी मुलुकी अपराध संहिता, २०७४ को दफा १८५ (१) विपरीतको कसुर गरेको ठहर्छ भनि बैतडी जिल्ला अदालतको २०७७।०६।२६ गतेको फैसला।

**सजाय निर्धारण**

मुलुकी अपराध संहिता, २०७४ को दफा १८५(१) बमोजिमको कसुरमा ऐ. संहिताको दफा १८५(२) बमोजिम छ (६) महिना कैद र जरिवाना रु. ५,००० (पाँच हजार रुपैयाँ) हुने ठहर। मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ बमोजिम जाहेरवालाले रु २५,०००।- (पच्चिस हजार रुपैयाँ) क्षतिपूर्ति भराइ लिन पाउने ठहर।

### ८. देवकी देवी बोहराको जाहेरीले नेपाल सरकार वि. रामदिन चौधरी (मुद्दा नं.: ०७६-C१-००३४)

**अभियोग मागदावी**

प्रतिवादी रामदिन चौधरी र निर्मला कुमारी बोहराबिच वारदात मितिको विहान विवाह गर्ने विषयमा कुरा नमिलेपछि प्रतिवादी रामदिन चौधरी वारदात स्थल होटलबाट निस्केपछि निर्मला कुमारी बोहराले होटल कोठाको बाथरुममा झुन्डी आत्महत्या गरेको देखिँदा निज प्रतिवादी राम दिन चौधरीको उक्त कार्य मुलुकी अपराध संहिता, २०७४ को दफा १८५(१) बमोजिमको कसुर गरेको हुँदा निज प्रतिवादी रामदिन चौधरीलाई सोही संहिताको दफा १८५(२) बमोजिम सजाय हुनका साथै प्रतिवादी रामदिन चौधरीले निर्मला कुमारी बोहरासँग विवाह नगरेको कारणले निज निर्मला कुमारी बोहरा आत्महत्या गर्न बाध्य भई

आत्महत्या गरेको हुँदा निज मृतक निर्मला कुमारी बोहराको आमा जाहेरवाली देवकी देवी बोहरालाई प्रतिवादी रामदिन चौधरीबाट सोही संहिताको दफा १८६ बमोजिम मनासिब क्षतिपूर्ति भराइदिन समेतको मागदावी लिइएको छ भन्ने समेत व्यहोराको वादी नेपाल सरकारको यस अदालतमा पेश भएको अभियोगपत्र।

**थुनछेक आदेश**

मिसिल संलग्न तत्काल प्राप्त प्रमाणबाट देखिँदा आरोपित कसुर यिनै प्रतिवादीबाट भएको हो र हो नै भन्ने विश्वास गर्ने मनासिब आधार कारण तत्काल नदेखिए पनि प्रतिवादीको बयान र मौकाको केही व्यक्तिको मौकाको लेखाइ तथा जाहेरी तथा पीडित एवं मृतक र प्रतिवादीका कल डिटेल रेकर्डसमेतका तत्काल प्राप्त प्रमाणहरूबाट यी प्रतिवादीको उक्त वारदातमा संलग्नता छैन भन्न मिल्ने नदेखिँदा पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने नै हुन्छ। प्रमाण बुझ्दै जाँदा अभियोग दाबी प्रमाणित भएमा निजलाई हुन सक्ने सजायसमेतलाई ध्यान दिइ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७२ समेतको आधारमा ऐ. संहिताको दफा ६८ बमोजिम प्रस्तुत मुद्दाको थुनछेकको लागि प्रतिवादीले नगद रु. १,०५,०००।- (एकलाख पाँच हजार रुपैयाँ) नगद वा सो बराबरको जेथा जमानत वा कानूनबमोजिमको बैक ग्यारेण्टी दिए प्रस्तुत मुद्दाको पुर्पक्षको लागि तारेखमा राख्नु तोकिएको नगद वा सो बराबरको जेथा जमानत वा बैंक ग्यारेण्टी दिन नसके नियमानुसार सिधा खान पाउने गरी ऐ. संहिताको दफा ८० बमोजिम थुनुवा पुर्जी दिई थुनामा राख्न जिल्ला कारागार कार्यालय, डडेल्धुरामा लेखी पठाउनु भनि ऐ. संहिताको दफा ७९ नं. बमोजिम यो आदेश पर्चा खडा गरिदिएको छ। कानूनबमोजिम गर्नु भन्ने समेत व्यहोराको यस अदालतको मिति २०७७/०३/०५ गतेको थुनछेक आदेश।

**फैसला**

मिसिल संलग्न कागज प्रमाण, तथ्यका आधारमा प्रतिवादीउपरको वादी नेपाल सरकारको अभियोग मागदाबी पुग्न नसक्ने ठहरेकोले सोही मिसिल संलग्न कागज प्रमाण र तथ्यको आधारमा वादी नेपाल सरकारले प्रतिवादीउपर लिएको मुलुकी अपराध संहिता, २०७४ को दफा १८५(१) को कसुर अपराधमा प्रतिवादीलाई ऐ. संहिताको दफा १८५(२) नं. बमोजिम सजाय गरी जाहेरवालालाई ऐ. संहिताको दफा १८६ बमोजिम मनासिव क्षतिपूर्ति भराइपाउँ भन्ने वादी नेपाल सरकारको प्रतिवादीउपरको अभियोग दाबी पुग्न नसकी उल्लिखित अभियोग दाबीबाट प्रतिवादीले सफाइ पाउने ठहर्छ भन्ने डडेल्धुरा जिल्ला अदालतको मिति २०७७।०९।२४ गतेको फैसला।

## ९. गंगादेव- १ (एक) को जाहेरीले नेपाल सरकार वि. प्रकाश खत्री (मुद्दा नं.: ०७६-C१-००२२)

**अभियोग मागदावी**

प्रतिवादी प्रकाश खत्रीले आफ्नो दाजुको श्रीमती भाउजू नाताकी परिवर्तित नाम रोल्पा ५३ घर्तिगाउँ (घ) लाई निजको इच्छा विपरीत जवर्जस्ती करणी गरेका र सोही जवर्जस्ती करणी गरेको कारणबाट परिवर्तित नाम रोल्पा ५३ घर्तिगाउँ (घ) लाई आत्महत्या गर्ने बाध्य बनाइ प्रतिवादीले मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (१) ले निषेधित सोही संहिताको २१९ को उपदफा (३) को देहाय (ङ) को उमेर समूहकी सोही संहिताको दफा २२० को उपदफा (१) ले निषेधित कार्य गर्नुको साथै सोही संहिताको दफा १८५ (१) ले निषेधित कार्य गरेकाले सोही संहिताको दफा २१९ को उपदफा (३) को देहाय (ङ) बमोजिम प्रतिवादीलाई सजाय गरी उक्त सजायमा सोही संहिताको दफा २१९(८) ले दफा २२० को उपदफा (२)को देहाय (ख) मा उल्लिखित सजाय थप हुनुको साथै निज प्रतिवादीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८५ को उपदफा (२) बमोजिमको सजायसमेत गरी प्रतिवादीवाट पीडितलाई उचित क्षतिपूर्तिसमेत दिलाई भराइपाउँ भन्ने समेत व्यहोराको अभियोग मागदावी।

**थुनछेक आदेश**

प्रतिवादीउपर परेको किटानी जाहेरी दरखास्त, घटना विवरण कागज गर्ने प्रतिवादीको छोरी परिवर्तित नाम रोल्पा माडी ११ समेतले लेखाएको कथन, मृतकको स्वास्थ्य परीक्षण प्रतिवेदनमा निजको योनीमा घाउँ रहेको भन्ने व्यहोरा, प्रतिवादीले अदालतसमक्ष इन्कारी बयान गरे तापनि मौकामा बयान गर्दा आफूले निज भाउजूलाई निजको इच्छा विपरीत जवर्जस्ती करणी गरेको हुँ भनी आरोपित कसुरमा सावित रही बयान गरेको समेतका तत्काल प्राप्त कागज प्रमाणबाट प्रतिवादी प्रकाश खत्री अहिले नै निर्दोष रहेछन् भन्न सकिने अवस्थाको बिद्यमानता नदेखिएकोले पछि थप प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने नै हुँदा हाललाई निज प्रतिवादीलाई मुद्दा पुर्पक्षको लागि थुनामा राख्न भनी कारागार कार्यालय रोल्पामा पठाइदिनु भनी मिति २०७६/०८/०५ मा भएको थुनछेक आदेश।

**फैसला**

जाहेरवाली एवं घटनाविवरणका व्यक्तिहरूको कथनबाट मृतकले तरकारीमा प्रयोग हुने Organo-Phosphorus insecticide नामक विष सेवन गरेको र सो सेवन गर्नुपर्ने सम्मको परिस्थिति प्रतिवादीले नै निम्त्याएको भन्ने देखिन्छ। यसरी प्रतिवादीको क्रियाबाट मृतकमाथि परेको चोट एवं मृतकले आफ्नो इज्जत लुटिएको भन्ने लाजलज्जाको सामना गर्न सक्ने परिस्थिति नभएको स्थितिबाट आत्महत्या गर्नु परेको अवस्थाले प्रस्तुत वारदात आत्महत्या दुरुत्साहजन्य कार्यका रुपमा रहेको भन्ने पुष्टि हुन आयो। अतः प्रतिवादीले मृतकमाथि गरेको क्रियाबाट मृतकले मर्नुपर्ने सम्मको परिस्थिति खडा हुन गई निजले आत्महत्या गरेको देखिँदा प्रतिवादीले मुलुकी अपराध संहिता, २०७४ को दफा १८५ र ऐ. १८५(१)

बमोजिम आत्महत्या दुरुत्साहनको कसुर गरेको ठहर्छ भन्ने रोल्पा जिल्ला अदालतको मिति २०७७।११।१२ को फैसला।

**सजाय निर्धारण**

मुलुकी अपराध संहिता, २०७४ को दफा २१९(१) को कसुरमा ऐ.२१९(३) बमोजिम प्रतिवादीलाई ८ वर्ष कैद, ऐ. दफा २२०(२)(ख) बमोजिम थप ४ वष कैद गरी १२ वर्ष कैद र चलिस हजार जरिवाना हुने, ऐ. दफा १८५(१) बमोजिमको कसुरमा ऐ. संहिताको दफा १८५(२) बमोजिम एक (एक) वर्ष कैद र जरिवाना रु. १०,०००।- (दश हजार रुपैया) हुने ठहर। मुलुकी अपराध संहिता, २०७४ को दफा २२८ बमोजिम रु ४०,०००।- (चालिस हजार रुपैयाँ) र दफा १८६ बमोजिम जाहेरवालाले रु १०,०००।- (दस हजार रुपैयाँ) क्षतिपूर्ति भराइ लिन पाउने ठहर।

## १०. सीता बुढाको जाहेरीले नेपाल सरकार वि. अंगत भण्डारी (मुद्दा नं.: ०७६-C१-००३१)

**अभियोग मागदावी**

प्रतिवादी अंगत भण्डारीले मृतक रिता बुढालाई आत्महत्या गर्न वाध्य गराई मुलुकी अपराध संहिता, २०७४ को दफा १८५ को उपदफा (१) बमोजिमको कसुर गरेको हुनाले निज प्रतिवादीलाई ऐ सहिताको दफा १८५ को उपदफा (२) बमोजिम सजाय गरी प्रतिवादीबाट मृतकका परिवारलाई ऐ. दफा १८६ बमोजिम मनासिव क्षतिपूर्ति दिलाई भराइपाउँ भन्ने बेहोराको अभियोगपत्र।

**थुनछेक आदेश**

प्रतिवादीले मृतक रिता बुढालाई ललाइफकाइ बिवाह गर्ने बहाना बनाइ मृतकलाई घरबाट भगाइ जुम्ला बजारको बसपार्क स्थित तिला कर्णाली होटलमा एकरात बसाली भोलि पल्ट मृतकलाई सोही होटलको कोठामा बस्न लगाइ काठमाडौं जाने बसको टिकट लिन भनी मृतकबाट रू.४०००।- पैसा मागी लिई तत्पश्चात् आफू भागी फरार भई मोबाइलसमेत स्विच अफ गरेकाले मृतकको इज्जतमा दाग लगाउने काम गरी बेइज्जत गराइ आत्महत्या गर्ने सम्मको परिस्थिति खडा गरेकोले सोही परिस्थितिको कारण मृतक रिता बुढाले तिलानदीमा हामफाली आत्महत्या गर्ने बाध्य भएको भन्ने व्यहोराको जाहेरी दरखास्त, प्रतिवादीले अनुसन्धानमा गरेको बयान, घटना विवरण कागज, शव परीक्षण प्रतिवेदनलगायतका कागजातबाट तत्काल प्राप्त प्रमाणबाट प्रतिवादी कसुरदार होइनन् भन्ने विश्वास गर्ने मनासिव आधार नदेखिंदा पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने नै हुँदा हाल प्रतिवादीलाई थुनामा राख्ने गरी यस अदालतका निमित्त स्रेस्तेदारबाट मिति २०७६।६।२९ को आदेश मिलेकै देखिंदा कुनै परिवर्तन गरिरहनु परेन, प्रतिवादी चुक्ता भैसकेकाले प्रतिवादीले साक्षी राखेको देखिंदा साक्षी उपस्थित गराए सोही दिन पर्ने

गरी अभियोगपत्रको प्रमाण खण्डमा उल्लिखित जाहेरवाली, देख्ने सुन्ने व्यक्तिहरू, मृतकको शव परीक्षण गर्ने मेडिकल अधिकृतसमेतलाई जिल्ला सरकारी वकिल कार्यालय जुम्लामार्फत बकपत्रार्थ यस अदालतमा उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय जुम्लामा पत्राचार गर्नु भन्ने समेत व्यहोराको यस अदालतको मिति २०७६।७।१९ को आदेश।

**फैसला**

प्रतिवादी अंगत भण्डारीले मृतक रिता बुढासँग प्रेमपूर्ण व्यवहार देखाइ मृतकलाई भेट गरी रातको समयमा मृतकको घरमा गई मृतकलाई विवाह गर्छु भनी मृतकको घरबाट रातको समयमा मृतकलाई जुम्ला बजारसम्म ल्याई होटलमा राखी मृतकसँग गाडीको टिकट लिएर आउँछु भनी रकमसमेत लिई मृतकलाई छाडी भागी हिडेपश्चात् मृतक घर फर्कि जान नसकी सोही चोटको कारण बाँच्नुभन्दा मर्नु उपयुक्त ठानी तिलानदीमा गई हामफाली पानीमा डुवेर आत्महत्या गरेको देखिएको छ। प्रतिवादीको उक्त कार्यबाट मृतकले आत्महत्या गर्नुपर्ने परीस्थितिको सृजना भई मृतकले आत्महत्या गरेको देखिएको हुनाले प्रतिवादी अंगत भण्डारीले अभियोग दावीबमोजिम मुलुकी अपराध संहिता, २०७४ को दफा १८५ को उपदफा (१) बमोजिमको कसुर गरेको ठहर्छ भनी मिति २०७७।०८।२६ गते जुम्ला जिल्ला अदालतले गरेको फैसला।

**सजाय निर्धारण**

मुलुकी अपराध संहिता, २०७४ को दफा १८५(१) बमोजिमको कसुरमा ऐ. संहिताको दफा १८५(२) बमोजिम एक (एक) वर्ष छ (६) महिना कैद र जरिवाना रु. १५,००० (पन्ध्र हजार रुपैयाँ) हुने ठहर। मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ बमोजिम मृतकका हकवालाले रु ७५,०००।(पचहत्तर हजार रुपैयाँ) क्षतिपूर्ति भराइलिन पाउने ठहर।

### ११. हर्कराज राईको जाहेरीले नेपाल सरकार वि. ललित राई (मुद्दा नं.: ०७६-C१-००१३)

**अभियोग मागदावी**

प्रतिवादी ललित राईले मृतक सदिक्षा राईलाई आत्महत्या गर्न वाध्य गराई मुलुकी अपराध संहिता, २०७४ को दफा १८५ को उपदफा (१) बमोजिमको कसुर गरेको हुनाले निज प्रतिवादीलाई ऐ. संहिताको दफा १८५ को उपदफा (२) बमोजिम सजाय गरी प्रतिवादीबाट मृतकका परिवारलाई ऐ.दफा १८६ बमोजिम मनासिव क्षतिपूर्ति दिलाई भराइपाउँ भन्ने बेहोराको अभियोगपत्र।

**थुनछेक आदेश**

**तत्काल प्राप्त प्रमाणबाट यी प्रतिवदी निर्दोष रहेछन् भन्न सकिने अवस्था नदेखिई** मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७(१)(ख) बमोजिमको अवस्था विद्यमान रहेकोले पछि थप प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाललाई यी प्रतिवादी ललित राईलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७९ बमोजिम गरिएको थुनछेक आदेश। (पुर्पक्षको लागि थुनामा)

**फैसला**

उल्लिखित प्रतिवादीले अदालतसमक्ष गरेको इन्कारी वयान, जाहेरवालाको जाहेरी तथा वकपत्र, प्रतिवादीका साक्षीले अदालतसमक्ष गरेको वकपत्र, वस्तुस्थिति मुचुल्का, शव परीक्षण प्रतिवेदनलगायत मिसिल संलग्न प्रमाणबाट प्रतिवादीको कसुर पुष्टि हुने प्रमाणका अभावमा प्रतिवादी ललित राईले प्रस्तुत अभियोगबाट सफाइ पाउने ठहर्छ। वादी नेपाल सरकारको अभियोग मागदावी पुग्न सक्दैन भन्ने मिति २०७७ साल श्रावण २२ गतेको फैसला।

### १२. जुलेखा खातुनको जाहेरीले नेपाल सरकार वि. मो. तैयवसमेत (मुद्दा नं.: ०७६-C१-०४०४)

**अभियोग मागदावी**

प्रतिवादी मो. तैयवले मृतक नसिरा खातुनलाई कुटपिट गरी आत्महत्या गर्न बाध्य बनाइ मुलुकी अपराध संहिता, २०७४ को दफा १८५(१) बमोजिमको कसुर अपराध गरेको हुँदा निजलाई सोही संहिताको दफा १८५(२) बमोजिम तथा प्रतिबादी सोवराती मियाँले प्रतिवादी मो. तैयवले गरेको अपराध लुकाउन छिपाउन सहयोग गरी मतियारको काम गरी मुलुकी अपराध संहिता, २०७४ को दफा ३६(१)(२) बमोजिमको कसुर अपराध गरेको हुँदा निजलाई सोही ऐनको दफा ३६(३)(ख) बमोजिम सजाय गरिपाऊँ भन्ने अभियोग दावी।

**थुनछेक आदेश**

तत्काल प्राप्त प्रमाणका आधारमा प्रतिवादीलाई मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ६८, ७२ बमोजिम रू.२५,०००।-(पच्चिस हजार रुपैयाँ) नगद धरौट वा सोबराबरको जमानत वा बैंक जमानत लिई पुर्पक्षका लागि तारिखमा राख्ने गरी यस अदालतबाट भएको आदेश।

**फैसला**

प्रतिबादीहरूले आरोपित कसुरमा इन्कार रही बयानसमेत गरेको अवस्था छ। यसरी बादी पक्षले प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम आफ्नो अभियुक्तउपरको अभियोग दाबी निर्बिबाद र शंकारहित

प्रमाणहरूबाट स्थापित गर्न सकेको अवस्था छैन। यस्तो स्थितिमा कुटपिट गरेको होला भनी शंकाको भरमा प्रतिबादीहरूलाई आत्महत्या दुरुत्साहन जस्तो गम्भीर प्रकृतिको फौजदारी कसुरमा सजाय गर्नु न्यायोचित देखिएन। फौजदारी मुद्दामा शंकाको सुबिधा सधै प्रतिबादी पक्षले पाउने हुन्छ। अतः मिसिल संलग्न प्रमाणहरूबाट यी प्रतिबादीहरूले नसिरा खातुनलाई आत्महत्या गर्न दुरुत्साहन गरेको तथ्य स्थापित हुन नसकेको हुँदा प्रतिबादीहरूमध्येका मो. तैयबलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८५(१) को कसुरमा दफा १८५(२) बमोजिम सजाय र अर्का प्रतिबादी सोबराती मियाँलाई सोही संहिताको दफा ३६(१) र (२) बमोजिमको कसुरमा दफा ३६(३)(ख) बमोजिम सजाय गरिपाऊँ भन्ने अभियोग दाबी पुग्न नसक्ने ठहर्छ भनी सिरहा जिल्ला अदालतको मिति २०७७।१०।१४ को फैसला।

## १३. रामचन्द्र न्यौपानेको जाहेरीले नेपाल सरकार वि. बलदेव प्याकुरेल (मुद्दा नं.: ०७६-C१-०४७१)

**अभियोग मागदावी**

मुलुकी अपराध संहित, २०७४ को दफा १८५ को उपदफा (१) बमोजिमको कसुरमा ऐ.को दफा १८५ को उपदफा (२) बमोजिम तथा मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ बमोजिम प्रतिवादीबाट पीडितको हकवालालाई मनासिव क्षतिपूर्ति भराइपाउन र यी प्रतिवादीबाट अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ मा उल्लेख भएबमोजिम क्षतिपूर्ति शुल्क निर्धारण गरी उक्त रकम क्षतिपूर्ति शुल्क कोषमा जम्मा गराई पाउने ब्यवस्था हुन समेत मागदावी लिई पेश गरिएको अभियोगपत्र।

**थुनछेक आदेश**

पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी प्रतिवादी लवदेव प्याकुरेललाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम रु. ५०,०००।- (पचास हजार रुपैयाँ) धरौट, जमानत वा बैंक जमानत दिए लिई तारेखमा राख्नु, सो दिन नसके ऐ.दफा ८० बमोजिमको थुनुवा पुर्जी दिई कारागार कार्यालयमा पठाउनु भन्ने मिति २०७७/०३/१८ गतेको थुनछेक आदेश।

**फैसला**

मिसिल संलग्न सम्पूर्ण प्रमाण कागज र तथ्यको विश्लेषण गर्दा यी प्रतिवादी लवदेव प्याकुरेलका कारणले नै निजकी श्रीमतीले आत्महत्या गरेका हुन् भन्ने यथेष्ठ बस्तुनिष्ठ प्रमाणहरूको अभाव देखिन्छ। तसर्थ यी प्रतिवादीले अभियोग दाबीबाट फुर्सद पाई सफाइ पाउने ठहर्छ भन्ने मिति २०७७।०८।१७ को फैसला।

## १४. छवन देवी थरुनीको जाहेरीले नेपाल सरकार वि. प्रेमलाल माझी (मुद्दा नं.: ०७६-C१-०११०)

**अभियोग मागदावी**

प्रतिवादी प्रेमलाल माझीले मिति २०७५।१२।२५ गते अन्दाजी १५:०० बजेको समयमा जिल्ला मोरङ

विराटनगर महानगरपालिका वडा नं.१० स्थित भगतराज धामीको घरको कोठामा प्रतिवादी प्रेमलाल माझीले मृतकलाई मोवाइल दिई फोन सम्पर्क गरी डेरा कोठामा गई शारीरिक सम्वन्ध राखी धाकधम्की दिई शारीरिक तथा मानसिक यातनासमेत दिई अन्जुला माझीलाई आत्महत्या गर्न बाध्य पारी आत्महत्या गर्न दुरुत्साहन गरेको पुष्टि भएकोले निज प्रतिवादी प्रेमलाल माझीलाई मुलुकी अपराध संहित, २०७४ को दफा १८५ को उपदफा (१) बमोजिमको कसुरमा ऐ.को दफा १८५ को उपदफा (२) बमोजिम पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना गरी पाउन तथा मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ बमोजिम प्रतिवादीबाट पीडितको हकवालालाई मनासिव क्षतिपूर्ति भराइपाउन र यी प्रतिवादीबाट अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ मा उल्लेख भएबमोजिम क्षतिपूर्ति शुल्क निर्धारण गरी उक्त रकम क्षतिपूर्ति शुल्क कोषमा जम्मा गराई पाउने ब्यवस्था हुन समेत मागदावी लिई पेश गरिएको अभियोगपत्र।

**थुनछेक आदेश**

पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी प्रतिवादी प्रेमलाल माझीलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७२ समेतलाई दृष्टिगत गरी दफा ६८ बमोजिम रु. ३००,०००।- (तीन लाख रुपैयाँ) धरौट, जमानत वा बैंक जमानत दिए लिई तारेखमा राख्नु, सो दिन नसके ऐ.दफा ८० बमोजिमको थुनुवा पुर्जी दिई कारागार कार्यालयमा पठाउनु भन्ने मिति २०७६/०८/२९ गतेको थुनछेक आदेश।

**फैसला**

उल्लिखित प्रतिवादीले अदालतसमक्ष गरेको इन्कारी वयान, जाहेरवालाको जाहेरी तथा वकपत्र, पीडितको प्रतिकूल वकपत्र, वस्तुस्थिति मुचुल्का, शव परीक्षण प्रतिवेदनलगायत मिसिल संलग्न प्रमाणबाट प्रतिवादीको कसुर पुष्टि हुने प्रमाणका अभावमा प्रतिवादी प्रेमलाल माझीले प्रस्तुत अभियोगबाट सफाइ पाउने ठहर्छ। वादी नेपाल सरकारको अभियोग माग दावी पुग्न सक्दैन भन्ने मोरङ जिल्ला अदालतको मिति २०७७।०८।२८ को फैसला।

## १५. मन्जु हमालको जाहेरीले नेपाल सरकार वि. विशाल तिरुवा (मुद्दा नं.: ०७६-C१-०५८१)

**अभियोग मागदावी**

प्रतिवादी विशाल तिरूवाले मादक पदार्थ सेवन गरी मृतक कविता हमाललाई कुटपिट गरी शारीरिक तथा मानसिक यातना दिने गरेको र वारदात मितिका दिनमा प्रतिवादी र मृतकका बिचमा माइती घरमा जाने विषयमा वादविवाद भएको देखिन आएकोले प्रतिवादीले मृतक कविता हमाललाई शारीरिक तथा मानसिक याताना दिई आत्महत्या गर्न बाध्य बनाएकोले आत्महत्या दुरुत्साहनको कसुर गरेको तथ्य पुष्टि भएकाले

निज प्रतिवादी विशाल तिरूवाले मुलुकी अपराध संहिता, २०७४ को दफा १८५(१) विपरीत कसुर गरेको हुँदा निज प्रतिवादीलाई सोही संहिताको दफा १८५(२) बमोजिम सजाय हुन मागदावी लिई यस अदालतमा दायर भएको अभियोगपत्र।

**थुनछेक आदेश**

तत्काल प्राप्त प्रमाणहरूबाट निज प्रतिवादी कसुरदार होइनन् भनी विश्वास गर्न सकिने अवस्था नरहेको हुँदा पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने नै हुँदा निज प्रतिवादी विशाल तिरुवालाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ बमोजिम थुनामै राखी मुद्दा पुर्पक्ष गर्नुपर्ने अवस्था देखिएकोले ऐ.संहिताको दफा ८० बमोजिम थुनुवा पुर्जी दिई कारागार कार्यालय, बाँकेमा थुनामा राख्न पठाई दिनु भन्ने समेत व्यहोराको मिति २०७७।०४।०१ गतेको थुनछेक आदेश।

**फैसला**

विवेचित तथ्य एवं मिसिल संलग्न आधार, कारण र कागज प्रमाणहरूसमेत विश्लेषण गर्दा, प्रतिवादीउपर मौकामा किटानी जाहेरी पर्न आएको, सो जाहेरीलाई पुष्टि हुने गरी जाहेरवालीले यस अदालतसमक्ष गरिदिएको बकपत्र, प्रतिवादीले मौका र अदालतमा आफूले मादक पदार्थ सेवन गर्ने गरेकोले मृतकसँग बेला बेलामा झैझगडा हुने गरेकोमा घटना भएको दिन माइत जाने विषयमा विवाद भएको तथ्य स्वीकार गरी गरेको बयान, अस्मिता योगीको घटना विवरण कागज एवं निजले यस अदालतसमक्ष गरिदिएको बकपत्र तथा घटनास्थल तथा लास जाँच मुचुल्का एवं शव परीक्षण प्रतिवेदनसमेतबाट प्रतिवादीले मादक पदार्थ सेवन गरी बेला बेलामा झैझगडा गरी गर्भावस्थामा रहेकी पत्नी मृतक कविता हमाललाई मानसिक यातना दिई आत्महत्या गर्ने सम्मको परिस्थिति खडा गरेकोले मृतक कविता हमाल झुन्डी आत्महत्या गरेको हुँदा प्रतिवादीले आत्महत्या दुरुत्साहन गरेको तथ्य पुष्टि हुन आएकोले वादी नेपाल सरकाले प्रतिवादीउपर लिएको अभियोग दावीबमोजिम मुलुकी अपराध संहिता, २०७४ को दफा १८५(१) बमोजिम प्रतिवादीले कसुर गरेको ठहर्छ भनी बाँके जिल्ला अदालतको मिति २०७७।१२।०४ गतेको फैसला।

**सजाय निर्धारण**

मुलुकी अपराध संहिता, २०७४ को दफा १८५(१) बमोजिमको कसुरमा ऐ. संहिताको दफा १८५(२) बमोजिम एक (१) महिना कैद हुने ठहर।

### १६. विष्णुप्रसाद दंगालको जाहेरीले नेपाल सरकार वि. अम्बरप्रसाद ढुंगाना (मुद्दा नं.: ०७६-C१-०११४)

**अभियोग मागदावी**

अभियुक्त अम्बरप्रसाद ढुंगानाले भान्जी नाताकी मृतक दिलशा दंगाललाई जबरजस्ती करणी गरेकै कारण

दिलशा दंगालको गम्भीर मानसिक असर परी मृत्युको कारणसहित मृत्युकालीन घोषणा Suicidenote लेखेर आत्महत्या गरेको कारणले प्रतिवादी अम्बर प्रसाद ढुंगानाले हाडनाताभित्रकी भान्जीलाई जवरजस्ती करणी गरी आत्महत्या दुरुत्साहनसमेतको कसुर अपराध गरेको हुँदा निजलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८५(१) को कसुरमा सोही संहिताको दफा १८५(२) बमोजिम सजाय हुन, मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को (३)(ख) र हाडनाताकामा ऐ.संहिताको दफा २२०(२)(घ) बमोजिम जवरजस्ती करणी गरेकोमा सोही दफा २२०(२)(घ) बमोजिम सजाय हुन, प्रतिवादीले मृतक नावालिका दिलशा दंगाललाई हाडनातामा जबरजस्ती करणी गरेको मुद्दालाई प्रथम पटक कायम गर्न र मिति २०७७।०२।१५ गते आत्महत्या दुरुत्साहन गरेको वारदातलाई दोस्रो पटक कायम गरी मुलुकी अपराध संहिता, २०७४ को दफा ४४ बमोजिम पटकेमा सजाय हुन, साथै क्षतिपूर्ति शुल्क यी कसुरदारबाट पीडित राहत कोषमा जम्मा गरी मनासिव क्षतिपूर्ति दिलाई भराइपाउँ भन्ने समेत व्यहोराको वादी नेपाल सरकारको तर्फबाट पेश भएको अभियोगपत्र।

**थुनछेक आदेश**

तत्काल प्राप्त प्रमाणका आधारमा यी प्रतिवादी अभियोजित कसुरका कसुरदार रहेछन् भन्ने मनासिव आधार रहेको देखिँदा पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने नै हुँदा यी प्रतिवादी अमरप्रसाद ढुंगानालाई मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ६७(१) बमोजिम थुनामा राखी मुद्दा पुर्पक्ष गर्न सोही संहिताको ८० नं. बमोजिम थुनुवा पुर्जी दिई कारागार कार्यालय, इलाममा पठाइदिनु भन्ने मिति २०७७/०३/०५ गते यस अदालतबाट भएको थुनछेक आदेश।

**फैसला**

प्रतिवादीले अनुसन्धानको क्रममा बयान गर्दा म केही अनियन्त्रित भई मृतक भान्जीको स्तनमा समाई भान्जीको तलको लुगा खोली दिई मेरो दाहिने हातको बिच औंलाले निजको योनीभित्र घुसाई २ मिनेट जति खेलाइदिएको भनी गरेको बयान, सो बयानलाई पुष्टि हुने गरी पेश भएको सि.डी.लास जाँच मुचुल्का, बरामदी मुचुल्का, घटना विवरण कागज, मृतकले आफ्नै हातले लेखेको पत्र, पोष्ट मार्टम रिपोर्ट, वस्तुस्थिति मुचुल्का, जाहेरवाला, घटना विवरण कागज गर्ने, वस्तुस्थिति मुचुल्काका मानिसले अदालतमा गरेको बकपत्र, लिखित हस्ताक्षर मृतकको नै भएको देखिएको भन्ने मृतकको लिखित हस्ताक्षर परीक्षण भई आएको रिपोर्टसमेतबाट यी प्रतिवादी अम्वरप्रसाद ढुंगानाले भान्जी नाताकी मृतक दिलशा दंगालको योनीभित्र औंला घुसाई खेलाएको देखिएको र मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा २(ग) बमोजिम नावालकको योनीमा औंला घुसाएमा समेत जवरजस्ती करणी हुने भएकाले यी प्रतिवादीले भान्जी नाताको दिलशा दंगाललाई जवरजस्ती करणी गरी मुलुकी अपराध संहिता, २०७४ को

दफा २१९ को उपदफा (१) (२),३(ख)दफा २२० को उपदफा (१) (२) (घ) बमोजिमको कसुर गरेको ठहर्छ। साथै यी प्रतिवादीले मृतकलाई जवरजस्ती करणी गरेको कारणबाट शारीरिक मानसिक तनाव भई मृतकले झुन्डी आत्महत्या गरेको देखिँदा यी प्रतिवादीले ऐ. संहिताको दफा १८५(१) बमोजिमको आत्महत्या दुरुत्साहनको कसुरसमेत गरेको ठहर्छ भन्ने इलाम जिल्ला अदालतको मिति २०७७।०९।०६ गतेको फैसला।

**सजाय निर्धारण**

मुलुकी अपराध संहिता, २०७४ को दफा २१९(१)(२) तथा (३)(ख) बमोजिमको कसुर ठहर भएकोमा प्रतिवादीलाई अठार वर्ष कैद, दफा २२० को उपदफा (१)(२)(घ) को कसुरमा ऐ.(२)(घ) बमोजिम प्रतिवादीलाई एक वर्ष कैद र रु दश हजार जरिवाना (१०,०००।-) ऐ. दफा १८५(१) बमोजिमको कसुरमा ऐ. संहिताको दफा १८५(२) बमोजिम एक (१) वर्ष कैद र जरिवाना रु. १०,०००/- (दश हजार रुपैयाँ) हुने ठहर। मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ तथा २२८ बमोजिम रु ६०,०००।-(साठी हजार रुपैयाँ) क्षतिपूर्ति भराइ लिन पाउने ठहर।

### १७. शुसिला कार्कीको जाहेरीले नेपाल सरकार वि. लालबहादुर बस्नेतसमेत (मुद्दा नं.: ०७६-CR-०१२७)

**अभियोग मागदावी**

मृतक सम्झना कार्कीको प्रतिवादी ईश्वर वस्नेतसँग मिति २०७५।३।२९ मा सामाजिक परम्पराअनुसार विवाह भएपश्चात् निज प्रतिवादी ईश्वर वस्नेतलगायतका परिवारका अन्य व्यक्तिहरूले दाइजो कम ल्याएको भनि मृतक सम्झना कार्कीलाई गाली गरी अर्को विवाह गर्छु भनि कुटपिट गर्ने तथा विष सेवन गरी आत्महत्या गर भनि वारम्वार दवाव दिने, मृतकका ससुरा लाल वहादुर वस्नेतले सेल्फस नामक औषधीसमेत खरिद गरी घरमा ल्याई मृतकलाई राख्न दिएको र सोही विष सेवन गरी मृतक सम्झना कार्कीले आत्महत्या गरेको देखिँदा प्रतिवादीहरू लाल वहादुर वस्नेत र ईश्वर वस्नेतले मृतक सम्झना कार्कीलाई आत्महत्या गर्न दुरुत्साहन गरी मृतकले आत्महत्या गरेकोले निज प्रतिवादीहरू लाल बहादुर वस्नेत र ईश्वर वस्नेतको उक्त कार्य मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा १८५(१) विपरीत कसुरमा निज प्रतिवादीहरूलाई सोही ऐनको दफा १८५(२) वमोजिम सजाय गरिपाउँ भन्ने व्यहोराको अभियोगपत्र।

**थुनछेक आदेश**

मिसिल संलग्न तत्काल प्राप्त प्रमाणबाट प्रतिवादीहरू इश्वर वस्नेत र लाल बहादुर बस्नेत कसुरदार होइनन भनी मान्न सकिने मनासिव आधार नदेखिएकाले पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाललाई मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ६८ बमोजिम जनही नगद धरौटी रु ५०,०००।–

(पचास हजार रुपैयाँ) वा सो वरावरको जेथा जमानत दिए तारेखमा राख्नु दिन नसके थुनामा राख्न कारागार कार्यालय धुलिखेलमा पठाइदिनु भन्ने मिति २०७६।१।२ को थुनछेक आदेश।

**फैसला**

मृतक सम्झना कार्कीले २०७५।१२।७ मा विष सेवन गरी आत्महत्या गरेको कुरामा विवाद नभए तापनि सो आत्महत्या गर्न यी प्रतिवादीहरूले दुरुत्साहन गरेको वा सो कार्य गर्ने सम्मको परिस्थिति खडा गरेको भन्ने अभियोग दावी पुष्टि हुने सम्मको स्पष्ट र ठोस सवुद प्रमाण मिसिलबाट नदेखिएको र केवल शंकाको भरमा प्रतिवादीहरूउपर कसुरदार कायम गरी सजाय गर्न मिल्ने नभै अभियोग दावी पुष्टि भएको नदेखिएको हुँदा प्रतिवादीहरूउपर मुलुकी अपराध संहिता, २०७४ को दफा १८५(१) बमोजिमको कसुरमा दफा १८५(२) बमोजिम सजाय गरिपाउँ भन्ने समेतको अभियोग दावी पुग्न नसक्ने र प्रतिवादीहरू ईश्वर बस्नेत र लाल वहादुर बस्नेतले अभियोग दावीबाट सफाइ पाउने ठहर्छ भन्ने काभ्रेपलाञ्चेक जिल्ला अदालतको मिति २०७७।१०।२१ गतेको फैसला।

## १८. रामाधार साह कानुको जाहेरीले वादी नेपाल सरकार वि. अनिल दास तत्मासमेत (मुद्दा नं.: ०७६-C१-०१३२)

**अभियोग मागदावी**

मिसिल संलग्न घटनास्थल, लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, जाहेरी दरखास्त, प्रतिवादीको बयान एवं घटना विवरण कागज तथा मृतक रानी देवीको पत्रसमेतका आधार प्रमाणहरूबाट जाहेरवालाको छोरी रानी देवीलाई अन्तरजातीय प्रेम विवाह गरेको कुराको रिसिइवी लिई निजको सासु गिता देवी र देवर अनिल दास तत्मासमेतले बिभिन्न गालीगलौज, कुटपिट गरी बिभिन्न प्रकारको शारीरिक तथा मानसिक यातना दिँदै आएकोमा पत्रसमेत लेखी आत्महत्या गरेकोले आत्महत्या दुरुत्साहन दिएको कसुर स्थापित भएकोले निज प्रतिवादीहरू गिता देवी र अनिल दास तत्मालाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८५ को उपदफा (१) बमोजिमको कसुर अपराधमा उपदफा (२) बमोजिम सजाय गरी दफा १८६ बमोजिम मृतकको हकवालालाई मनासिब क्षतिपूर्तिसमेत दिलाइ भराइपाउँ।

**थुनछेक आदेश**

तत्काल प्राप्त प्रमाणबाट प्रतिवादी गिता देवी निर्दोष हुन भन्न सकिने अवस्था नभए पनि यी प्रतिवादीले यस अदालतमा गरेको इन्कारी बयानसमेतबाट थुनामै राखी मुद्दा पुर्पक्ष गर्नुपर्ने सम्मको अवस्था नहुँदा पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाल मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम यी प्रतिवादीबाट रु. २,५०,०००/- (दुई लाख पचास हजार रुपैयाँ) नगद वा जेथाजमानी तथा

बैंक ग्यारेन्टी दिए लिई निजलाई तारेखमा राख्नु, दिन नसके पुर्पक्षको लागि कारागार कार्यालयमा थुनामा पठाइदिनु।

**फैसला**

प्रस्तुत मुद्दामा अभियोग दाबीबमोजिम प्रतिवादी गिता देवीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८५ को उपदफा (१) बमोजिमको आत्महत्या गर्न दुरुत्साहन दिएको कसुरमा उपदफा (२) बमोजिम ३(तीन) महिना कैद र रू.१०,०००।- (दश हजार रूपैयाँ) जरिवानाको सजाय हुने ठहर्छ। प्रतिवादी अनिल दास फरार रहेकोले निजको हकमा फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९८ बमोजिम प्रस्तुत मुद्दा मुलतबीमा रहने ठहर्छ। मृतकको हकवाला निजको पति परदेशी दासले प्रतिवादी गिता देवीबाट रू.१०,०००।-(दश हजार रूपैयाँ) क्षतिपूर्तिवापत पाउने ठहर्छ।

**सजाय निर्धारण**

प्रस्तुत मुद्दामा अभियोग दाबीबमोजिम प्रतिवादी गिता देवीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८५ को उपदफा (१) बमोजिमको आत्महत्या गर्न दुरुत्साहन दिएको कसुरमा उपदफा (२) बमोजिम ३(तीन) महिना कैद र रू.१०,०००।- (दश हजार रूपैयाँ) जरिवानाको सजाय हुने ठहर्छ। प्रतिबादी अनिल दास फरार रहेकोले निजको हकमा फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९८ बमोजिम प्रस्तुत मुद्दा मुलतबीमा रहने ठहर्छ। मृतकको हकवाला निजको पति परदेशी दासले प्रतिवादी गिता देवीबाट रू.१०,०००।-(दश हजार रूपैयाँ) क्षतिपूर्तिवापत पाउने ठहर्छ।

### १९. दिलबहादुर लिम्बुको जाहेरीले वादी नेपाल सरकार वि. साइदिप लिम्बु (मुद्दा नं.: ०७६-C१-०२२२)

**अभियोग मागदावी**

मुलुकी अपराध संहिता, २०७४ को दफा१७३(१) ऐ. दफा २१९(१)(२)र ऐ. दफा १८५(१) बमोजिमको कसुर अपराध गरेको हुँदा ऐ.को दफा १७३(३) ऐ. दफा २१९(३)(घ) र ऐ. दफा १८५ (२) बमोजिम छुट्टाछुट्टै सजाय गरी ऐ. संहिताको दफा ४३ बमोजिम थप सजाय गरिपाउँ साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम प्रतिवादीबाट क्षतीपुर्ति शुल्कसमेत कोषमा जम्मा गराइपाउँ भन्ने मागदावीसहित पेश हुन आएको अभियोगपत्र।

**थुनछेक आदेश**

पछि बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाललाई प्रतिवादी भिमबहादुर बुढालाई मुलुकी अपराध संहिता, २०७४ को दफा ६७(१)(ख) बमोजिम थुनामा राखी मुद्दाको कारवाही गर्न ऐ ऐ को दफा ८० नं. बमोजिमको थुनुवा पुर्जी दिई थुनामा राख्न जिल्ला कारागार कार्यालय जाजरकोटमा पठाइदिनु भनि ऐ.ऐ को दफा ७९ बमोजिम यो आदेश।

**फैसला**

प्रतिवादी साइदिप लिम्बुले मृतक भावना लिम्बुलाई बाल विवाह गरी आत्महत्या गर्न दुरुत्साहन गरेको भन्ने वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन सकेको नदेखिँदा यी प्रतिवादी साइदिप लिम्बुले मृतक भावना लिम्बुलाई बाल विवाह गरी आत्महत्या गर्न दुरुत्साहन गरेको भन्ने अभियोग दाबी पुग्न नसक्ने ठहर्छ भन्ने मिति २०७७ साल पौष २८ गतेको फैसला।

## २०. पुष्कर कार्कीको जाहेरीले वादी नेपाल सरकार वि. युवराज कार्की (मुद्दा नं.: ०७६-C१-००३७)

**अभियोग मागदावी**

युवराज कार्कीले नियतपूर्वक सामाजिक सञ्जाल फेसबुकमा Sabai ko Budi Moh भन्ने फेक आई.डी बनाइ प्रोफाइलमा मृतक गोमा कार्कीको फोटो राखी दिई चरित्रहत्या गर्ने मनसायले फेक फेसबुक आई.डी. बनाइ दिँदा मृतक गोमा कार्कीले उक्त कुरा थाहा पाई समाजमा आफ्नो र आफ्नो परिवारको वेइज्जत भएको महसुस गरी सहन नसकी मिति २०७६।०३।०६ गते बेलुका अ. १७:४५ बजेको समयमा मृत्युकालीन घोषणापत्र लेखी आफू सुत्ने कोठाको निदालमा डोरीको पासो लगाइ झुन्डिई आत्महत्या गरी मृत्यु भएको हुँदा निज प्रतिवादी युवराज कार्कीले आत्महत्या गर्ने सम्मको परिस्थिति खडा गरी मुलुकी अपराध संहिता, २०७४ को दफा १८५(१) बमोजिमको आत्महत्या गर्न दुरुत्साहन गरेको हुँदा ऐ.को दफा १८५ (२) बमोजिम युवराज कार्कीलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुनका साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम प्रतिवादीबाट क्षतिपूर्ति शुल्कसमेत कोषमा जम्मा गराइपाउँ भन्ने मागदावीसहित पेश हुन आएको अभियोगपत्र।

**थुनछेक आदेश**

उल्लिखित किटानी जाहेरी दरखास्त, मृतकको फोटो राखी **Sabaiko Budi Moh** भन्ने नाम राखी आफूले फेक फेसबुक आई.डी. खोलेको कारण मृतकले आत्महत्या गरेको हो भनी कसुर स्वीकार गरी प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान, उक्त फेसबुक आई.डी. आफूले खोलेको तथ्य स्वीकार गरी प्रतिवादीले यस अदालतमा गरको बयान, मृतकको कोठामा भेटिएको मृत्युकालीन घोषणाको नोट, परीक्षण प्रतिवेदन, घटना बिबरण कागज तथा बस्तुस्थिति मुचुल्काका मानिसहरूले गरिदिएको कागजसमेतका मिसिल संलग्न तत्काल प्राप्त प्रमाणबाट यी प्रतिवादी निर्दोष हुन् भनी बिश्वास गर्न सकिने अवस्था नभएकोले पछि थप प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाल यी प्रतिवादी युवराज कार्कीलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ बमोजिम मुद्दा पुर्पक्षको लागि थुनामा राख्न थुनुवा पुर्जी दिई कारागार कार्यालय ओखलढुङ्गामा लेखी पठाइदिनु भनी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७९ बमोजिम यो आदेश गरिदिएको छ।

**फैसला**

प्रतिवादीले मेरो बहिनी गोमा कार्कीको फोटो राखी **Sabaiko Budi Moh** भनी फेक फेसबुक आई.डी. खोली चरित्रहत्या हुने गरी वेइज्जत गरेकोले सो सहन नसकी मेरो बहिनीले आत्महत्या गरेकोले प्रतिवादीलाई कारवाही गरिपाउँ भन्ने पुष्कर कार्कीको किटानी जाहेरी रहेको, मृतकको मृत्यु झुन्डिएर भएको भन्ने कुरा निजको पोष्टमार्टम रिपोर्ट तथा सो प्रतिवेदन तयार गर्ने विशेषज्ञ चिकित्सकको वकपत्रसमेतबाट स्पष्ट देखिएको, मृतक गोमा कार्कीको फोटो प्रोफाइलमा राखी फेक फेसबुक आई.डी. खोलेका कारण सो वेइज्जती सहन नसकी आत्महत्या गरेको भन्ने निजले लेखेको मृत्युकालीन घोषणाबाट देखिएको, सो मृत्युकालीन घोषणा मृतकले नै लेखेको भन्ने कुरा निजको हस्तलेखन परीक्षणबाट देखिएको, उल्लिखित फेक फेसबुक आई.डी. आफूले खोली मृतकको फोटो प्रोफाइलमा राखेको कुरा प्रतिवादीले स्वीकार गरेको, प्रतिवादीकै मोबाइलबाट उक्त फेसबुक आई.डि. खोली सञ्चालन गरेको भन्ने प्रहरी प्रधान कार्यालयको पत्रबाट देखिएको, जाहेरवाला तथा बुझिएका मानिसहरूले गरेको वकपत्रबाट किटानी जाहेरी समर्थित भएको समेतका आधार र कारणबाट प्रतिवादीले **Sabaiko Budi Moh** भनी फेक फेसबुक आई.डी. खोली मृतक गोमा कार्कीको फोटो प्रोफाइलमा राखी चरित्रहत्या गरी वेइज्जती गरेको, सो कुरा सहन नसकी मृतक गोमा कार्कीले झुन्डिएर आत्महत्या गरेको र सो आत्महत्या गर्ने सम्मको परिस्थिति प्रतिवादीले श्रृजना गरेको पुष्टि हुन आएको छ।

उल्लिखित विश्लेषणबाट प्रतिवादी युवराज कार्कीले मृतक गोमा कार्कीको फोटो प्रोफाइलमा राखी **Sabaiko Budi Moh** भनी फेक फेसबुक आई.डी. खोली चरित्रहत्या गरी वेइज्जती गरेको र सो कुरा सहन नसकी मृतक गोमा कार्कीले झुन्डिएर आत्महत्या गरेको पुष्टि हुन आएकोले प्रतिवादी युवराज कार्कीले गोमा कार्कीलाई आत्महत्या गर्ने परिस्थिति खडा गरी मुलुकी अपराध संहिता, २०७४ को दफा १८५ को उपदफा (१) वमोजिमको कसुर गरेको ठहर्छ।

**सजाय निर्धारण**

प्रस्तुत मुद्दामा अभियोग दाबीबमोजिम प्रतिवादीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८५ को उपदफा (१) बमोजिमको आत्महत्या गर्न दुरुत्साहन दिएको कसुरमा उपदफा (२) बमोजिम २(दुई) वर्ष कैद र रू.२०,०००।-(बिस हजार रूपैयाँ) जरिवानाको सजाय हुने ठहर्छ। मृतकको परिवारलाई प्रतिवादीबाट ऐ. दफा १८६ बमोजिम रू.१,००,०००।-(एक लाख रूपैयाँ) क्षतिपूर्तिवापत पाउने ठहर्छ।

## २१. गोपाल सुनुवारको जाहेरीले वादी नेपाल सरकार वि. सुवास पौडेल (मुद्दा नं.: ०७६-C१-००४४)

**अभियोग मागदावी**

प्रतिवादी सुवास पौडेलले जाहेरवालाकी श्रीमती कुसुम मुखिया सुनुवारलाई पटक पटक फोन सम्पर्क गरी प्रेम सम्बन्ध कायम गरी विवाह गर्छु भन्ने विश्वासमा पारी अनैतिक सम्बन्ध राखेको र हाल आएर लान

अस्वीकार गरी अलपत्र पारी मृतकको फोनसमेत ब्लक गरी मानसिक यातना दिएर आत्महत्या गर्न वाध्य पार्ने परिस्थिति खडा गरी आत्महत्या गर्न दुरूत्साहन गरेकोले प्रतिवादी सुवास पौडेलले मुलुकी अपराध संहिता, २०७४ को दफा १८५ बमोजिमको कसुर अपराध गरेको सप्रमाण पुष्टि हुन आएकोले प्रतिवादी सुवास पौडेललाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८५(१) को कसुर अपराधमा सोही संहिताको दफा १८५(२) बमोजिम सजाय गरिपाउँ भन्ने मागदावीसहितको अभियोगपत्र।

**थुनछेक आदेश**

पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाल मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम यी प्रतिवादीबाट रु. २,००,०००।- (दुई लाख) नगद वा जेथाजमानी तथा बैंक ग्यारेन्टी दिए लिई निजलाई तारेखमा राख्नु, दिन नसके पुर्पक्षको लागि कारागार कार्यालयमा थुनामा पठाइदिनु।

**फैसला**

प्रतिवादीले मृतकलाई आत्महत्या गर्न कुनै प्रकारले प्रोत्साहित गरेको मिसिल सम्लग्न कागजातबाट पुष्टि हुन नआएको र मोवाइलमा कुराकानी हुनु, भेटघाट हुनु, प्रेम सम्बन्ध र शारीरिक सम्बन्ध हुनुलाई आत्महत्या गर्न प्रेरित गर्ने कार्यका रुपमा व्याख्या गर्ने उपयुक्त नहुने हुँदा प्रतिवादीको के कुन कार्यबाट मृतकलाई आत्महत्या गर्न प्रेरित गऱ्यो भनी अभियोगपत्रमा स्पष्ट खुलाइ सोलाई पुष्टि गर्न सकेको अवस्थासमेत नदेखिँदा यी प्रतिवादीले मृतकलाई आत्महत्या गर्न दुरुत्साहन गरेको भन्ने अभियोगदावी प्रमाणित हुन आएन। तसर्थ यी प्रतिवादीले अभियोग दावीबमोजिमको कसुर गरेको हो भनी वादी नेपाल सरकारको तर्फबाट ठोस र तथ्ययुक्त प्रमाणबाट पुष्टि गर्न नसकेको हुँदा प्रतिवादी सुवास पौडेलले अभियोग दावीबाट सफाइ पाउने ठहर्छ भन्ने २०७७ साल ८ महिना ३० गतेको फैसला।

## २२. स्याङ्जा ड को जाहेरीले वादी नेपाल सरकार वि. दिपक बहादुर धामी (मुद्दा नं.: ०७६-C१-०००५)

**अभियोग मागदावी**

प्रतिवादीले राष्ट्रसेवक पदको दुरुपयोग गरी पीडित नाबालिका वर्ष १७ की परिवर्तित नाम स्याङजा 'ठ' लाई निरन्तर प्रलोभन, त्रास र दवाव एवं धाकधम्की र गफलतपूर्ण प्रपन्चमा पारी जवर्जस्ती करणी गरी आत्महत्या गर्नुपर्ने सम्मको परिस्थिति खडा गरेको पुष्टि हुन आएको हुँदा प्रतिवादी दिपक धामी भन्ने दिपक बहादुर धामीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (१) विपरीत ऐ. को दफा २१९ को उपदफा (२) अनुसारको कसुरमा ऐ संहिताको दफा २१९ को उपदफा (३) को खण्ड (घ) बमोजिम सजाय हुन र सोही संहिताको दफा १७७ को उपदफा (१) विपरीत ऐ संहिताको दफा १८३ को उपदफा (१) र दफा १८५ को उपदफा (१) विपरीतको कसुरमा ऐ संहिताको दफा १८५ को उपदफा (२) बमोजिम सजाय हुन साथै प्रतिवादी दिपक बहादुर धामीले पीडित नाबालिकालाई जवरजस्ती करणी

गरी सोही कारणले पीडितले विष सेवन गरी आत्महत्याको कोसिस गर्नुपर्ने सम्मको परिस्थिति खडा गरी एकीकृत कसुरसमेत गरेको हुँदा निज प्रतिवादीलाई उल्लिखित सजायमा ऐ. मुलुकी अपराध संहिता, २०७४ को दफा ४३ र दफा ४३ को उपदफा (१) अनुसार ऐ. संहिताको दफा ४३ को उपदफा (२) बमोजिम सजाय थप गरी सजाय हुन र पीडित परिवर्तित नाम स्याङजा 'ठ' लाई कसुरदार दिपक बहादुर धामीबाट मुलुकी अपराध संहिता, २०७४ को दफा २२८ बमोजिम मनासिव क्षतिपूर्ति भराइपाउँ भन्ने समेत व्यहोराको वादी नेपाल सरकारका तर्फबाट यस अदालतमा दायर भएको अभियोगपत्र।

**थुनछेक आदेश**

यसमा प्रतिवादी दिपक धामी भन्ने दिपक बहादुर धामीलाई मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ६७ (१) बमोजिम मुद्दा पुर्पक्षको लागि थुनामा राख्नु भन्ने समेतको यस अदालतका मिति २०७६।४।१० का आदेशानुसार निज प्रतिवादी हाल मुद्दा पुर्पक्षको क्रममा कारागार कार्यालय स्याङ्जामा थुनामा रहेका।

**फैसला**

प्रतिवादीबिच आदानप्रदान भएका मेसेज उल्लिखित कागजातहरू तथा जाहेरवाला परिवर्तित नाम थर स्याङ्जा ड तथा पीडित परिवर्तित नामथर स्याङ्जा ठ ले यस अदालतमा गरेको बकपत्र, घटना विवरणका मानिसहरू विष्णु राई श्रेष्ठ, कृष्ण गिरीले यस अदालतमा गरेको बकपत्र तथा पीडितको जन्म मिति २०५८।४।२४ भई वारदात समयमा १८ वर्षभन्दा कम उमेरकी नाबालक रहेको समेतका मिसिल संलग्न आधार प्रमाणहरूबाट प्रतिवादी दिपक धामी भन्ने दिपक बहादुर धामीले अभियोग दाबीबमोजिम मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ (१) विपरीत दफा २१९ (२) बमोजिमको कसुर अपराध गरेको ठहर्छ। साथै सोही संहिताको दफा १८५ (१) विपरीतको कसुर अपराध गरेको ठहर्छ। प्रतिवादीले मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ (१) विपरीत दफा २१९ (२) बमोजिमको कसुर र दफा १८५ (१) विपरीतको कसुर गरेको ठहरेकोले सोही संहिताको दफा ४३ बमोजिमको एकीकृत कसुरसमेत गरेको ठहर्छ। अभियोगपत्रमा प्रतिवादीउपर मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ (१) विपरीत ज्यान मार्ने उद्योगको कसुरको समेत अभियोग दाबी रहेकोमा सो हदसम्म अभियोग दाबी पुग्न नसक्ने ठहर्छ।

**सजाय निर्धारण**

प्रस्तुत मुद्दामा अभियोग दाबीबमोजिम प्रतिवादीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८५ को उपदफा (१) बमोजिमको आत्महत्या गर्न दुरुत्साहन दिएको कसुरमा उपदफा (२) बमोजिम १(एक) वर्ष कैद र रू.१०,०००।-(दश हजार रूपैयाँ) जरिवानाको सजाय हुने ठहर्छ। प्रतिवादीबाट पीडितले ऐ. दफा २२८ बमोजिम रू.१००,०००।-(एक लाख रूपैयाँ) क्षतिपूर्तिवापत पाउने ठहर्छ।(यसमा ज.क. पनि जोडिएको)

## २३. छविलाल विश्वकर्माको जाहेरीले वादी नेपाल सरकार वि. वेद बहादुर विश्वकर्मा (मुद्दा नं.: ०७६-C१-०००४५)

**अभियोग मागदावी**

प्रतिवादी वेदबहादुर विश्वकर्मा परस्त्रीसँग लागि आफ्नी श्रीमती सरिता विश्वकर्मालाई हेला गरी खानलाउन नदिने, पटक पटक गालीगलौज तथा कुटपिट गरी आत्महत्या गर्न उक्साई आत्महत्या गर्न बाध्य पारी आत्महत्या गर्ने परिस्थिति खडा गरी दुरुत्साहन दिएको कारण मिति २०७६।१२।२३ मा सरिता विश्वकर्माले आफैंले विष सेवन गरेको कारण मृत्यु भएको देखिँदा निज प्रतिवादीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८५(१) को कसुरमा ऐ दफा १८५(२) बमोजिम सजाय गरी पीडितको नजिकको हकदार छोराहरूलाई क्षतिपूर्तिसमेत दिलाइ भराइपाउँ भन्ने समेत व्यहोराको अभियोगपत्र।

**थुनछेक आदेश**

पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाल मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम यी प्रतिवादीबाट रु.३०,०००/- (तिस हजार रुपैयाँ) नगद वा जेथाजमानी तथा बैंक ग्यारेन्टी दिए लिई निजलाई तारेखमा राख्नु, दिन नसके पुर्पक्षको लागि कारागार कार्यालयमा थुनामा पठाइदिनु।

**फैसला**

प्रतिवादी वेदबहादुर विश्वयकर्माले परस्त्रीसँग लागि श्रीमती सरिता वि.क.लाई पटकपटक गालीगलौज कुटपिटसमेत गरी आत्महत्या गर्ने सम्मको परिस्थिति सिर्जना गरेको कारण निज सरिता विश्वकर्माले विष सेवन गरी आत्महत्या गरेको पुष्टि हुन आएकोले निज प्रतिवादीले अभियोग दावीबमोजिम मुलुकी अपराध संहिता, २०७४ को दफा १८५(१) बमोजिमको कसुर गरेको ठहर्छ।

**सजाय निर्धारण**

प्रस्तुत मुद्दामा अभियोग दाबीबमोजिम प्रतिवादीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८५ को उपदफा (१) बमोजिमको आत्महत्या गर्न दुरुत्साहन दिएको कसुरमा ऐ. उपदफा (२) बमोजिम ६(छ) महिना कैद र रू.५,०००।-(पाँच हजार रूपैयाँ) जरिवानाको सजाय हुने ठहर्छ।

प्रतिवादीबाट पीडितका हकदार छोरालाई ऐ. दफा १८६ बमोजिम रू.५०,०००।-(पचास हजार रूपैयाँ) क्षतिपूर्तिवापत पाउने ठहर्छ।

**२४. हस्ती बुढाको जाहेरीले वादी नेपाल सरकार वि. भिमबहादुर बुढा (मुद्दा नं.: ०७६-C१-००१०)**

**अभियोग मागदावी**

प्रतिवादीउपरको किटानी जाहेरी दरखास्त, घटनास्थल लासजाँच मुचुल्का तथा बरामद सुसाइड नोट, मृतकको शव परीक्षण प्रतिवेदन, प्रतिवादी भीमबहादुर बुढाको बयान र बुझिएका मानिसहरू अम्मर बुढा, दल बहादुर चन्द, बल बहादुर बुढा, मनिसा सोनि, ऐवान महतारा, बिरेन्द्र खड्का, जय बहादुर बि.क.समेतले गरिदिएको घटना विवरण कागज, वारदातस्थल तथा मृतकको फोटोहरूसमेतबाट प्रतिवादी भिमबहादुर महताराले मिति २०७७/०५/२५ गते जिल्ला जाजरकोट मोर्क बजारबाट साथीहरूसँग घर फर्किरहेकी देविका वि.सी.लाई विनाकारण जिस्काइ अपशब्द बोली संवेदनशील अंगमा हातसमेत लगी हातपातसमेत गरेको कारणले देविका वि.क.ले मैले न्याय पाइन भनी यी प्रतिवादीको कारणले मरेको हुँ र निजलाई सजाय दिनु भनी सुसाइड नोटमा समेत लेखि झुन्डिई मरेको देखिँदा आत्महत्या दुरुत्साहन मुद्दाको वारदात स्थापित हुन आएकोले प्रतिवादी भिमबहादुर बुढाको उक्त कार्य मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद १२ को ज्यानसम्बन्धी कसुरअन्तर्गतको दफा १८५ को उपदफा (१) बमोजिमको कसुर हुँदा निज प्रतिवादीलाई सोही संहिता परिच्छेदको दफा १८५ को उपदफा (२) बमोजिम सजाय हुन र सोही संहिताको दफा १८६ बमोजिम प्रतिवादीबाट मृतकका नजिकका हकवालालाई मनासिव क्षतिपूर्ति रकम दिलाइ अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम प्रतिवादीबाट पीडित राहत कोषमा क्षतिपूर्ति शुल्कबापतको रकम जम्मा गराइपाउ भन्ने समेत बेहोराको अभियोग दावी।

**थुनछेक आदेश**

पछि बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाललाई प्रतिवादी भिमबहादुर बुढालाई मुलुकी अपराध संहिता, २०७४ को दफा ६७(१)(ख) बमोजिम थुनामा राखी मुद्दाको कारवाही गर्न ऐ ऐ को दफा ८० नं. बमोजिमको थुनुवा पुर्जी दिई थुनामा राख्न जिल्ला कारागार कार्यालय जाजरकोटमा पठाइदिनु भनि ऐ.ऐ को दफा ७९ बमोजिम यो आदेश।

**फैसला**

प्रतिवादी भिमबहादुर बुढाको कारणबाट मृतक देविका बि.सी ले आत्महत्या गर्नुपर्ने सम्मको परिस्थितिको सिर्जना नभएको र मृतकले सुसाइड नोटमा म मर्न लागे भनि कसैको नाम उल्लेख गर्दैमा आत्महत्याको दुरुत्साहन गरेको भनि अनुमान गर्न मिलेन। प्रतिवादी भिमबहादुर बुढाको कार्यबाट मृतक देबिका बि.सीले आत्महत्याको बाटो रोज्नुपर्ने सम्मको अवस्था नदेखिँदा वादी नेपाल सरकारको अभियोग मागदावी पुग्न सक्दैन। वादी नेपाल सरकारको अभियोग दावी पुग्न नसक्ने हुँदा प्रतिवादी भिमबहादुर बुढाले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ भन्ने मिति २०७७ साल माघ १० गतेको फैसला।

### २५. धनबहादुर खत्रीको जाहेरीले वादी नेपाल सरकार वि. राम शरण दास (मुद्दा नं.: ०७६-C१-००८)

**अभियोग मागदावी**

प्रतिवादी राम शरण दासले आफ्नो श्रीमती भगवती खत्री दासलाई शारीरिक तथा मानसिक तनाव दिएको कारण भगवती खत्री दासले दोलखा जिल्ला बैतेश्वर गाउँपालिका वडा नं. ३ स्थित आफ्नै घरमा मिति २०७७।०२।१२ गते आत्महत्या गर्ने सम्मको परिस्थिति खडा गरी मुलुकी अपराध संहिता, २०७४ को दफा १८५ को उपदफा (१) बमोजिमको कसुर गरेकोले उक्त कसुरमा निज प्रतिवादीलाई सोही अपराध संहिताको दफा १८५ को उपदफा (२) बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग मागदावी।

**थुनछेक आदेश**

प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने नै हुँदा हाललाई प्रतिवादी राम शरण दासलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ बमोजिम नियमअनुसार सिधा खान पाउने गरी ऐ. ८० नं. अनुसार थुनुवा पुर्जी दिई थुनामा राख्न कारागार दोलखामा पठाउनु भन्ने समेत व्यहोराको यस अदालतबाट मिति २०७७।०३।०७ गते भएको थुनछेक आदेश।

**फैसला**

प्रतिवादीले निज भगवती मर्न दुरुत्साहन गरेको यस्तो यस समयबाट भगवती खत्रीलाई परिस्थिति सिर्जना गरेको भनी स्वयम् मृतककी आमा, जाहेरवालासमेत एवं मौकामा कागज गर्दा व्यक्तिको कागज व्यहोरासमेतबाट पुष्टि हुन आएको नपाइ मरेको मारेको थाहा छैन भनी चोटपटक देखिएको भन्ने आधार लिई शंकाको परिस्थितिमा मर्न दुरुत्साहन गरेको भनी अभियोग दावी लिएको देखिन्छ। प्रतिवादीउपर लगाइएको आरोपित कसुर शंकारहित तवरबाट पुष्टि गर्ने दायित्व वादी पक्षको हुने कानूनी व्यवस्था प्रमाण ऐन, २०३१ को दफा २५ ले गरेको देखिन्छ। भगवती खत्रीको मृत्यु सम्बन्धमा प्रतिवादी रामशरण दासको यो यस्तो दुरुत्साहनबाट मर्नुपर्ने सम्मको यस्तो परिस्थिति सिर्जना गरेको भनी प्रमाणबाट पुष्टि हुन सकेको नपाइदा प्रतिवादीउपर मुलुकी अपराध संहिता, २०७४ को दफा १८५(१) को कसुर गरेको नदेखिँदा निज प्रतिवादीले अभियोग दावीबाट सफाइ पाउने ठहर्छ। सो ठहर्नाले मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १३१ नं. अनुसार दोलखा जिल्ला अदालतको मिति २०७७।१०।२७ गतेको फैसला।

### २६. सुजन तामाङको जाहेरीले वादी नेपाल सरकार वि. प्रदिप तामाङ (मुद्दा नं.: ०७६-C१-००३४)

**अभियोग मागदावी**

प्रतिवादी प्रदिप तामाङले मृतक वर्षा तामाङलाई लामो समयदेखि प्रेम सम्बन्ध कायम गरी वैवाहिक

जीवनसमेत कायम गर्ने गरी मृतकलाई आश्वस्त पारी मिति २०७७/०१/०३ गते मृतककै घरमा यी प्रतिवादी जाँदा मृतकले इन्कार गरी प्रेम सम्बन्धका बारेमा आफ्नो अभिभावक तथा समाजसमेतलाई जानकारी हुने भई सोही कुरालाई यी प्रतिवादीले अझ बढी उजागर गर्ने क्रियाकलाप गरेको कारण मृतकले सहन नसकी आफैं आत्महत्या गरेको पुष्टि हुँदा यी प्रतिवादी प्रदिप तामाङले मुलुकी अपराध संहिता, २०७४ को दफा १८५(१) बमोजिम कसैले कसैलाई आत्महत्या गर्न दुरुत्साहन दिन वा त्यस्तो काम गर्ने सम्मको परिस्थिति खडा गर्न वा गराउनु हुदैन भन्ने कानूनी व्यवस्था भएकोले यी प्रतिवादीले उक्त ऐन दफाको विपरीत कार्य कसुर गरेको पुष्टि हुँदा निजलाई सोही ऐनको दफा १८५(२) बमोजिम सजाय हुन र ऐ. ऐनको दफा १८६ बमोजिम प्रतिवादीबाट पीडित वा निजको हकवालालाई मानसिब क्षतिपूर्तिसमेत दिलाइ भराइपाऊ भन्ने समेत व्यहोराको अभियोग मागदावी।

### थुनछेक आदेश

विपद्को यस विशेष परिस्थितिमा कारागार गरेको कैदी बन्दीहरूलाई संक्रमणबाट जोगाउन र कारागारमा कैदी बन्दीहरूको भिडभाड कम गर्ने प्रयोजनार्थ प्रतिवादीलाई थुनामा नै राखी मुद्दा पुर्पक्ष गर्नुपर्ने सम्मको अवस्थाको विद्यमान नदेखिएको हुनाले पछि प्रमाण बुझ्दै जानको अवस्थामा ठहरे बमोजिम हुने नै हुँदा ताहाँ अदालतबाट प्रतिवादी प्रदिप तामाङलाई मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ६९ बमोजिम साधारण तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्नु भनी भएको मिति २०७७।२४।०४ गतेको आदेश परिवर्तन गर्नुपर्ने देखिएन। कानूनबमोजिम गर्नुहोला भन्ने समेत व्यहोराको उच्च अदालत विराटनगर धनकुटा इजलासको मिति २०७७।०३।२९ गतेको आदेश।

### फैसला

प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार आफ्नो अभियुक्तउपरको कसुर प्रमाणित गर्ने भार वादी पक्षको हुन्छ। अभियोग लगाउनु मात्र पर्याप्त हुदैन सोको पुष्टि पनि हुनुपर्दछ। प्रस्तुत मुद्दामा प्रतिवादीले आरोपित कसुर गरेको हो भन्ने देखिने सम्मको स्वतन्त्र एवं शंकारहित सबुद प्रमाण अभियोजन पक्षले पेश गर्न सकेको मिसिलबाट देखिँदैन। केवल शंका र अनुमानको भरमा मात्र प्रतिवादीले मृतकलाई मर्नका लागि दुरुत्साहन दिएका भनी तर्क गरी निजलाई कसुरदार ठहराउनु न्यायोचित हुने हुदैन। तेसो हुँदा प्रतिवादी प्रदिप तामाङले आरोपित कसुरबाट सफाइ पाउने नै देखियो। तसर्थ, प्रतिवादी प्रदिप तामाङले दुरुत्साहन गरेको कारण मृतकले झुन्डिई आत्महत्या गरेकी हुँदा निज प्रतिवादीलाई आत्महत्या दुरुत्साहनमा सजाय गरिपाउँ भन्ने अभियोग दावी मिसिल प्रमाणबाट शंकारहित तवरले पुष्टि हुन सकेको नदेखिएकोले प्रतिवदी प्रदिप तामाङले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ। सो ठहर्नाले अरू तपसिलबमोजिम गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१ बमोजिम यो फैसला गरिदिएँ।

## २७. तेज बहादुर बस्नेतको जाहेरीले वादी नेपाल सरकार वि. मदनकुमार खड्का (मुद्दा नं.: ०७६-C१-०१९२)

**अभियोग मागदावी**

मिसिल संकलित प्रमाणहरूबाट प्रतिवादी मदनकुमार खड्काले मुलुकी अपराध संहिता, २०७४ को दफा १८५ को उपदफा (१) बमोजिमको कसुर हुँदा निज प्रतिवादीलाई सोही संहिता परिच्छेदको दफा १८५ को उपदफा (२) बमोजिम सजाय हुन र सोही संहिताको दफा १८६ बमोजिम प्रतिवादीबाट मृतकका नजिकका हकवालालाई मनासिव क्षतिपूर्ति रकम दिलाइ अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम प्रतिवादीबाट पीडित राहत कोषमा क्षतिपूर्ति शुल्कबापतको रकम जम्मा गराइपाउ भन्ने समेत बेहोराको अभियोग दावी।

**थुनछेक आदेश**

पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाल मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम यी प्रतिवादीबाट रु.१००,०००/- (एक लाख) नगद वा जेथाजमानी तथा बैंक ग्यारेन्टी दिए लिई निजलाई तारेखमा राख्नु, दिन नसके पुर्पक्षको लागि कारागार कार्यालयमा थुनामा पठाइदिनु।

**फैसला**

मृतक र प्रतिवादीबिच म्यासेन्जरमा भएको वार्तालापबाट बेमेलको अवस्थासम्म झल्किछ। मृतकका आफन्त र घरका सदस्य भई पाटन अस्पतालमा उपचार गराएको पुष्टि भएको तथा मृतकले आत्महत्याअगाडि आत्महत्याको कुनै कारण खुलाएको नपाइएको मिसिल संलग्न प्रस्तुत भएको उल्लिखित प्रमाणबाट प्रतिवादीले मृतकलाई झुन्डिई आत्महत्या गर्न दुरुत्साहन गरेको पुष्टि नहुँदा प्रतिवादीले अभियोग दावीबाट सफाइ पाउने ठहर्छ।

## २८. पदम बहादुर रानासमेतको जाहेरीले नेपाल सरकार वि. हिमाल बुढाथोकी (२०७६-C1-०३५६)

**अभियोगपत्र**

प्रतिवादी हिमाल बुढाथोकीले आफ्नो विवाहिता श्रीमती वविता माया बुढाथोकीको चरित्रमा शंका गरी अश्लिल शव्दहरु म्यासेन्जरबाट तथानाम गालीगलौज गरी आत्महत्या गर्न दुरुत्साहन दिई सोही कारण निज वविता माया बुढाथोकीले आत्महत्या गरी मरेको हुँदा निज प्रतिवादी हिमाल बुढाथोकीको उक्त कार्य मुलुकी अपराध संहिता, २०७४ को दफा १८५(१) बमोजिमको कसुर अपराध भएको हुँदा निज प्रतिवादी हिमाल बुढाथोकीलाई सोही संहिताको दफा १८५ (२) बमोजिम सजाय गरी प्रतिवादीको तर्फबाट पीडित पक्षलाई सोही ऐनको दफा १८६ बमोजिम क्षतिपूर्ति भराइपाउँ भन्ने समेत व्यहोराको अभियोगपत्र मागदावी।

**थुनछेक आदेश**

जाहेरी दरखास्त, लासजाँच मुचुल्का, प्रतिवादीले मौकामा एवं यस अदालतमा गरेको वयान, प्रतिवादीको आई डि बाट म्यासेन्जरमा मृतकसँग भएको कुराकानीको क्रममा दुबैतर्फबाट एक-आपसमा झगडा गरेको देखिएको र मौकामा तयार भएका अन्य कागज प्रमाणसमेतका तत्काल प्राप्त प्रमाणबाट यी प्रतिवादी अहिले नै निर्दोष रहेछन् भनी भन्न सकिने अवस्था नदेखिँदा पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने नै हुँदा हाललाई प्रतिवादी हिमाल बुढाथोकीबाट मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ६८(१) वमोजिम रु २,५०,०००।- (दुई लाख पचास हजार रुपैयाँ) नगद धरौट वा सो बराबरको जेथा जमानत वा बैंक ग्यारेण्टी लिई मुद्दाको पुर्पक्ष गर्नु सो नगद धरौट, जेथा जमानत वा बैंक ग्यारेन्टी दिन नसके निजलाई पुर्पक्षको क्रममा स्थानीय कारागारमा थुनामा राख्नु भनी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ दफा ८० बमोजिमको थुनुवा पूर्जी दिई कानूनबमोजिमको सिधा खर्च पाउने गरी स्थानीय कारागार कार्यालयमा पठाइदिनु भन्ने समेत व्यहोराको मिति २०७६।०८।०९ मा यस अदालतबाट भएको थुनछेक आदेश।

**<u>फैसला</u>**

तथ्य, घटना, मृतकले आफू मर्नुअगाडि I am responsible for my death good bye everyone लेखिएको नोट फेला परेको भन्ने मौकामा तयार भएको घटनास्थल लास जाँच मुचुल्कामा उल्लेख भएको, प्रतिवादी हिमाल बुढाथोकीले मौकामा एवं यस अदालतमा बयान गर्दा आफूले message मृतकलाई गरेको व्यहोरा स्वीकार गरे पनि के कुन व्यहोराको message गरेको भन्ने स्पष्ट एवं बस्तुनिष्ठ ठोस प्रमाणबाट पुष्टि हुन नसकी निज प्रतिवादीकै message बाट मृतक बबितामाया रानाले आत्महत्या गरेको भन्ने पुष्टि नहुँदा अभियोग दावीबमोजिम मुलुकी अपराध संहिता, २०७४ को दफा १८५(१) बमोजिमको कसुरमा सोही संहिताको दफा १८५(२) बमोजिम प्रतिवादी हिमाल बुढाथोकीलाई सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको अभियोग दावी पुग्न सक्दैन प्रतिवादी हिमाल बुढाथोकीले अभियोग दावीबाट सफाइ पाउने ठहर्छ। अरुमा तपसिलबमोजिम गर्ने गरी प्रस्तुत मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१ वमोजिम मिति २०७७ साल चैत्र १८ गतेको रुपन्देही जिल्ला अदालतको फैसला।

# सन्दर्भ ग्रन्थ सूची


## अन्तर्राष्ट्रिय दस्तावेज

- मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८
- नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६

## राष्ट्रिय व्यवस्था

- नेपालको संविधान, (२०७२)
- मुलुकी अपराध संहिता, २०७४

## अन्तर्राष्ट्रिय अध्ययन प्रनिवेदन

- LAW COMMISSION OF INDIA (REPORT NO. 210): Humanization and Decriminalization of Attempt to Suicide (2008)
- Preventing a Global Imperative (2014), World Health Organization

## राष्ट्रिय अध्ययन प्रतिवेदन, लेख रचना, शब्द कोष र पुस्तक

- आत्महत्या गर्न बाध्य पार्नेलाई अपराध घोषणा गर्नुपर्ने आवश्यकतासम्बन्धी अध्ययन प्रतिवेदन (२०७२), महान्यायधिवक्ताको कार्यालय, रामशाहपथ, काठमाडौं
- पैरवी ल जर्नल (कार्तिक २०७७), वर्ष ३, अंक ३, प्रकाशकः पैरवी बुक हाउस प्रा. लि., पुतलीसडक, काठमाडौं, लक्ष्मी प्लाजासँगै, पो.ब.नं.१३२५४
- अनुसन्धान पद्धति तथा प्रतिवेदन लेखन (तेस्रो संस्करण), २०६३, प्रकाशकः नेशनल बुक सेन्टर, भोटाहिटी, काठमाडौं
- नेपाली बृहत् शब्दकोष, (२०७५), प्रकाशकः नेपाल प्रज्ञा-प्रतिष्ठान, कमलादी, काठमाडौं
- सिंह, टोपबहादुर (२०५४) कानूनी शब्दकोष, प्रकाशकः रत्न पुस्तक भण्डार, भोटाहिटी, काठमाडौं
- प्रधानाङ्ग, रजितभक्त र पोखरेल, मेघराज (२०५३), फौजदारी कानूनको सामान्य परिचय, प्रकाशकः रत्न पुस्तक भण्डार, भोटाहिटी, काठमाडौं
- H. WOLF | P. R. PANT (2005), SOCIAL SCIENCE RESEARCH AND THESIS WRITING, Buddha Academic Publisher and Distributers Pvt. Ltd., Kathmandu, Nepal
- Dr. MYNENI S.R. (2001). LEGAL RESEARCH METHODOLOGY. ALLAHABAD LAW AGENCY. PLOT No.33, 16/2 MATHURA ROAD, FARIDABAD (Haryana)
- A. Garner, Bryan (eds). (2004). Black's Law Dictionary, 8th edition, Published by; Thomson West.

- A. Garner, Bryan. (eds). (2004). Black's Law Dictionary.8th edition .Published by; Thomson West.p.777
- प्रा. आचार्य, माधव प्रसाद र अधिवक्ता भण्डारी, बदिप्रसाद (२०६३), फौजदारी कानूनको समीक्षात्मक विवेचना, प्रकाशकः भृकुटी एकेडेमिक पब्लिकेशन्स, प्रदर्शनी मार्ग, काठमाडौं
- Gaur, K.D.(2003), Criminal Law & Criminology, Published by; DEEP & DEEP PUBLICATIONS PVT. LTD, F-159, RAJOURI GARDEN, NEW DELHI-110027,
Pillai K.N. Chandrasekharan (2005). GENERAL PRINCIPLES OF CRIMINAL LAW. Published by; EASTERN BOOK COMPANY, LUKHANOW. P.215
- Vibhute, K I. (2014). P S A Pillai's CRIMINAL LAW, 12th Edition, Published by; Lexis Nexis, P.207


## वेभसाइट


- https://www.mysansar.com/२०१८/०८/३३०२९
- https://www.onlinekhabar.com/२०१४/०९/१८८६३४
- https://cid.nepalpolice.gov.np/index.php/notices/crime-statistics
- https://swasthyakhabar.com/story/34628
- https://www.himalkhabar.com/index.php/news/१४४४७
- https://www.nayapatrikadaily.com/news-details/२३९९६/२०१९/०८/३०
- https://pahilopost.com/content/२०१९०८२५०८४८३९.htm
- https://onlinelibrary.wiley.com/doi/10.1111/j.1943-278X.1994.tb00796.x
- https://mentallyagile.com/blog/2018/10/7/the-origin-and-meaning-of-suicide
- https://ukdiss.com/examples/emile-durkheim-suicide-theory-evaluation.php
- http://www.emro.who.int/health-topics/suicide/feed/atom.html
- https://www.nimh.nih.gov/health/statistics/suicide.shtml
- https://ukdiss.com/examples/emile-durkheim-suicide-theory-evaluation.php
- https://courses.lumenlearning.com/atd-bmcc-sociology/chapter/what-are-the-types-of-suicide-given-by-durkheim/
- https://www.thoughtco.com/study-of-suicide-by-emile-durkheim-302675
- http://annapurnapost.com/news/५५२१५
- https://ekantipur.com/news/2021/03/16/161585806062495455.html
- https://badimalikakhabar.com/२०२०/०९/१८/८९८६५/
- https://www.who.int/news-room/fact-sheets/detail/suicide
- https://www.onlinekhabar.com/2019/06/776514
- https://www.onlinekhabar.com/२०१९/१०/८०१३२२
- https://dictionary.cambridge.org/dictionary/english/abetment?q=abetment+
- https://indianlegalsolution.com/abetment-2/
- http://www.acadpubl.eu/hub
- https://www.loc.gov/law/foreign-news/article/japan-basic-act-on-suicide-prevention-amended
- https://www.oregon.gov/oha/PH/PROVIDERPARTNERRESOURCES/EVALUATIONRESEARCH/DEATHWITHDIGNITYACT/Documents/requirements.pdf
- https://www.canada.ca/en/health-canada/services/medical-assistance-dying.html

प्रकाशन संख्या १०६


राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
मनमैंजु, काठमाडौं
फोन नं. ९७७-१-४०२७४४९/४०२७४५१ फ्याक्स नं.: ९७७-१-४०२७१४०
पोष्ट बक्स नं. २४८६५
Email: info@njanepal.org.np
URL: www.njanepal.org.np